सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ मंसिर २०८१, शनिबार (30 Nov 2024, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २२३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झन् नयाँ

हिमाल चढ्ने आमाहरू



समाजले भनिरह्यो- आमा भएर सगरमाथा चढ्ने होइन । तर, यी चार आमाहरूले सगरमाथा चुमिछाडे ।

म्युजिक थेरापी पीडामा भावनात्मक मलम



संगीतमा यति ठुलो शक्ति हुन्छ कि निरन्तर संगीत बजाएर मानिसलाई एउटा मुडबाट अर्को मुडमा लैजान सकिन्छ

'एजेन्ट अफ ह्याम्पिनेस'मा खुसीको लेखाजोखा



सुन्दर फाँट, अग्ला पहाड, विशाल गुम्बा र कञ्चन नदीसँगै कथा बगिरहेको छ । प्रकृतिमा अध्यात्म जोडिएकाले भुटानको जनजीवन थप सुन्दर छ ।

स्थानीय तह उपनिर्वाचन

६ उम्मेदवारलाई आयोगको स्पष्टीकरण

निर्वाचन आयोगले आचारसंहिताविपरीत प्रचार गरेको उजुरीका आधारमा छानबिन गरी कीर्तिपुरमा मेयर पदका उम्मेदवारहरू राजमान महर्जन (स्वतन्त्र), डा. शिवशरण महर्जन (माओवादी) र काठमाडौं १६ मा वडाध्यक्षका उम्मेदवारहरू मीनबहादुर मानन्धर (एकीकृत समाजवादी), रोजिना श्रेष्ठ (रास्वपा), सम शाक्य (स्वतन्त्र) र पशुपति कठायत (स्वतन्त्र)लाई २४ घन्टे स्पष्टीकरण सोधेको छ । उजुरीपछि आयोगले छुट्टाछुट्टै दुई अनुगमन टोलीलाई स्थलगत रूपमा कीर्तिपुर र काठमाडौं- १६ मा खटाएको थियो ।



● **नीता पोखरेल अर्याल**
प्रवक्ता, निर्वाचन आयोग

निर्वाचन आचारसंहिता उल्लंघनको जानकारीका आधारमा आयोगले अनुगमन टोली खटाएको थियो । अनुगमन टोलीको प्रतिवेदनका आधारमा स्पष्टीकरण सोधेका छौं ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

आजदेखि क्रिकेट महोत्सव

आठ फ्रेन्चाइज टिम, ४० विदेशी खेलाडी, अन्तर्राष्ट्रिय स्पोर्टस् च्यानलबाट प्रत्यक्ष प्रसारण र एक अर्बभन्दा बढी कारोबार हुने एनपिएलको उद्घाटन हजारौं दर्शकमाझ आज दिउँसो त्रिवि मैदानमा हुँदै, सातै प्रदेशलाई समेटेको प्रतियोगिता खेलाडी, आयोजक, दर्शक, निजी र कला क्षेत्रलाई जोड्ने पुल बन्दै

■ कुल ३२ खेल, समापन ६ पुसमा

■ हरेक टिमका मालिकको १० देखि १४ करोडसम्म खर्च हुने अनुमान

■ लिगको सर्वोत्कृष्ट नेपाली खेलाडीलाई ६० लाखभन्दा माथिको कार

■ कला क्षेत्रका हस्ती राजेश हमालदेखि रचना रिमालसम्म र खेलकुदकै दीपक विष्टदेखि पूजा महतोसम्म ब्रान्ड एम्बेस्डर

रमेश सुवेदी/नयाँ पत्रिका


नेपाली क्रिकेट इतिहासकै ठुलो महोत्सव शनिबारदेखि सुरु हुँदै छ । आठ फ्रेन्चाइज टिम, ४० विदेशी खेलाडी, अन्तर्राष्ट्रिय स्पोर्टस् च्यानलबाट प्रत्यक्ष प्रसारण र एक अर्बभन्दा बढी खर्च हुने नेपाल प्रिमियर लिग(एनपिएल)को उद्घाटन दसौं हजार दर्शकमाझ दिउँसो त्रिवि मैदानमा हुनेछ । एनपिएलमार्फत अनेकौं आरोह-अवरोह झेलिरहेको नेपाली खेल क्षेत्रमा नयाँ अध्यायको सुरुवात हुनेछ ।

नेपाली खेलकुदलाई नै नयाँ उचाइमा पुऱ्याउने आशा गरिएको एनपिएलले मुलुकको संघीय संरचनाको समेत प्रतिनिधित्व गर्दै छ । सुदूरपश्चिमबाट सुदूरपश्चिम रोयल्स, कर्णालीबाट कर्णाली याक्स, लुम्बिनीबाट लुम्बिनी लायन्स, गण्डकीबाट पोखरा एभेन्जर्स, बागमतीबाट दुई टिम (काठमाडौं गुर्खाज र चितवन

» पृष्ठ २ मा क्रमशः

आठ टिम किन्न १६ करोड ८८ लाख खर्च

दुई लाखदेखि २० लाखसम्म एक खेलाडीलाई



एनपिएल विजेताले पाउने ट्रफी, पुरस्कार राशि घोषणा हुन बाँकी



एनपिएल लिगका लागि तयार त्रिवि क्रिकेट मैदान । सबै खेल यही मैदानमा हुनेछन् । तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

हाम्रा खेलाडीको सपना पूरा गर्नेछ

● **केपी ओली**, प्रधानमन्त्री



एनपिएलले हाम्रा खेलाडीको सपना पूरा गर्नेछ र आगामी पुस्ताका लागि प्रेरणा मिल्नेछ । त्यसले खेलाडीको प्रतिभा उजागर गर्नेछ । विश्वभर छरिएका क्रिकेटप्रेमी मात्रै होइन, खेलाडीको मिहिनेतलाई सँगालेको छ । यो सपना थियो । यो खेल मात्रै होइन, जागरुकता पनि हो ।

खेलकुदमा नयाँ मान्यता स्थापित भयो

● **टंकलाल घिसिङ**, सदस्यसचिव, राखेप



खेलकुदलाई बुझ्ने पुरानो मूल्य-मान्यता तोड्दै एनपिएलबाट नयाँ मान्यता स्थापित भएको छ । हामीले थ्रुप्रै फ्रेन्चाइज लिगलाई प्राथमिकता दिँदै आएका छौं । त्यसैको बिम्ब एनपिएल हो । पूर्वाधारका कारण चुनौती धेरै छ, तर बिस्तारै सहज बनाउनुपर्छ ।

क्रिकेट नयाँ अध्यायमा पुगेको छ

● **पारस खड्का**, सचिव, क्यान



नेपाली क्रिकेट नयाँ अध्यायमा पुगेको छ । एनपिएललाई प्रतियोगिता मात्रै नभएर संस्कार बनाउनुपर्छ । क्रिकेट मात्रै नभएर प्रतियोगिताले नेपाललाई नै विश्वमा चिनाउनेछ । यो प्रतियोगिता राष्ट्रिय गौरवसँग जोडिएको छ । एनपिएलको चर्चासँगै आशा पनि धेरै गरिएको छ, त्यसलाई पूरा गर्नुपर्छ ।

कुन टिम कस्तो ?

अलराउन्डर सुदूरपश्चिम रोयल्स
मार्की : दीपेन्द्रसिंह ऐरी । प्रशिक्षक : जगत टमाटा
युएईका रोहन मुस्तफामाथि नजर

धवनको आगमनले हौसिएको कर्णाली
मार्की : सोमपाल कामी । प्रशिक्षक : ज्ञानेन्द्र मल्ल
भारतका शिखर धवनको प्रदर्शनमा भर

लुम्बिनीसँग बेन कटिङको शक्ति
मार्की : रोहित पौडेल । प्रशिक्षक : नन्दन फादनिस
अस्ट्रेलियाका बेन कटिङमाथि आशा

महँगा खेलाडीको टोली गण्डकी
मार्की : कुशल भुर्तेल । प्रशिक्षक : राजीव कुमार
नेदरल्यान्ड्सका बास डी लिडमाथि नजर

विश्वविजेता सोहेल चितवनको आकर्षण
मार्की : कुशल मल्ल । प्रशिक्षक : उमेश पटवाल
पाकिस्तानका सोहेल तनभिरको बलिङमा शक्ति

निसमको आगमनले आत्मविश्वासी जनकपुर
मार्की : आसिफ शेख । प्रशिक्षक : पुबुदु दासानायके
न्युजिल्यान्डका अलराउन्डर जेम्स निसममाथि नजर

विराटनगरलाई गुप्टिलको साथ
मार्की : सन्दीप लामिछाने । प्रशिक्षक : केभिन ओब्रायन
न्युजिल्यान्डका मार्टिन गुप्टिलमाथि मुख्य भरोसा

खेलाडीको सन्तुलन मिलाएको काठमाडौं
मार्की : करण केसी । प्रशिक्षक : वसन्त शाही ठकुरी
नामिबियाका गेहार्ड इरासमसमाथि अपेक्षा

नेपाल-चीन परराष्ट्रमन्त्री वार्तामा बिआरआई कार्यान्वयनबारे नेपालको नयाँ प्रस्ताव


■ अनुदानमा आधारित परियोजनामा नेपालको जोड, अर्को साता निर्क्योल गर्ने चीनको जवाफ

पर्शुराम काफ्ले/नयाँ पत्रिका

चीनले प्रस्ताव गरेको बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) कार्यान्वयन योजना प्रस्तावको विकल्पमा नेपालले अनुदान र प्रत्यक्ष वैदेशिक लगानीमा जोड दिएको 'अवधारणात्मक वैकल्पिक प्रस्ताव' अघि सारेको छ । चीनको सिचुआन प्रान्तीय राजधानी छेन्दुमा शुक्रबार चिनियाँ समकक्षी वाङ यीसँगको औपचारिक भेटवार्तामा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले बिआरआईबारे नेपाल सरकारको प्रस्ताव राखेकी हुन् ।

अनुदानमा आधारित बिआरआई

» पृष्ठ २ मा क्रमशः



प्रधानमन्त्रीको चीन भ्रमण सार्वजनिक

नेपाल र चीनका परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री केपी ओलीको चारदिने औपचारिक चीन भ्रमणको कार्यतालिका सार्वजनिक गरेका छन् । चिनियाँ प्रधानमन्त्री ली छ्यांङको निमन्त्रणामा प्रधानमन्त्री ओलीले आगामी साता सोमबारदेखि बिहीबार (१७ देखि २० मंसिर)सम्म चीन भ्रमण गर्ने कार्यक्रम छ । प्रधानमन्त्री भएपछि प्रधानमन्त्रीको यो पहिलो औपचारिक विदेश भ्रमण हुनेछ । मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री ओलीको चीन भ्रमण तथा ३२ सदस्यीय भ्रमणटोली बिहीबार स्वीकृत गरेको थियो । परराष्ट्र मन्त्रालयका अनुसार प्रधानमन्त्री ओली सोमबार बेइजिङ पुग्नेछन् भने उनले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग भेटवार्ता तथा चिनियाँ समकक्षी लीसँग औपचारिक वार्ता मंगलबार गर्नेछन् । प्रधानमन्त्री ओलीले चिनियाँ जनकंग्रेसका अध्यक्ष झाओ लेजीसँग पनि भेटवार्ता गर्ने कार्यक्रम रहेको परराष्ट्रले जनाएको छ । प्रधानमन्त्री ओली र प्रतिनिधिमण्डलको सम्मानमा दिवाभोजसहित औपचारिक वार्ता हुने कार्यक्रम छ । मंगलबारै नेपाल-चीनबिच विगतमा घोषणा भएका परियोजना कार्यान्वयन सम्झौतामा हस्ताक्षर हुनेछ ।

रामेछापमा सुमो दुर्घटना

वडाध्यक्षसहित पाँचको मृत्यु

रामेछापमा **दीपक भट्ट**

रामेछापको गोकुलगंगा गाउँपालिकास्थित सिमलडाँडामा सवारी दुर्घटनामा परी वडाध्यक्षसहित पाँचजनाको मृत्यु भएको छ । शुक्रबार काठमाडौंबाट सात यात्रु लिएर रामेछापको बेतालीतर्फ आउँदै गरेको ना. १ ज ७१२३ नम्बरको सुमो अनियन्त्रित भएर सिमलडाँडाको सडकबाट झन्डै चार सय मिटर तल भिरमा खसेको थियो ।



दुर्घटनामा गोकुलगंगा गाउँपालिका- ४ का वडाध्यक्ष रामचन्द्र बस्नेत, मन्थली नगरपालिका- ९ पुरानो गाउँका ३५ वर्षीय हिराबहादुर कार्की (चालक), गोकुलगंगा गाउँपालिका- ५ नामाडीकी ३० वर्षीया कविता कार्की (खड्का) र उनकी सात वर्षीया छोरी स्वस्तिका कार्कीको मृत्यु भएको छ । एकजना मृतकको पहिचान खुल्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक प्रदीपकुमार सिंहले बताए । घाइते तीनजनालाई उपचारका लागि काठमाडौं पठाइएको छ ।

मुगुको लिब्रुगाउँमा पुग्यो गाडी

दुर्गम गाउँमा गाडी पुगेपछि स्थानीयले मनाए उत्सव, बाजा बजाएर स्वागत, गाडी हेर्नेको भिड

मुगुमा **अच्युतराज भण्डारी**

मुगुको उत्तरी सोरु गाउँपालिकाका- ४ लिब्रुमा पहिलोपटक गाडी पुग्दा स्थानीय खुसी भएका छन् । सोरु गाउँपालिकाको केन्द्र सोरुकोट मसिनमेला हुँदै लिब्रु सडकको १३ किलोमिटर ट्याक खुलेसँगै बिहीबार पहिलोपटक लिब्रुमा गाडी पुगेको हो । यो सडक निर्माणमा सोरु गाउँपालिका, कर्णाली प्रदेश सरकार र स्थानीय पूर्वाधार विकास कार्यक्रमअन्तर्गत करिब दुई करोड लगानी भएको छ । बिहीबार सोरु गाउँपालिकाका अध्यक्ष धर्मबहादुर शाही र पूर्वशिक्षा राज्यमन्त्री हस्तबहादुर मल्लले संयुक्त रूपमा सडक उद्घाटन गरे । उद्घाटन कार्यक्रममा बोल्दै सोरु गाउँपालिकाका अध्यक्ष शाहीले चुनावका वेला कर्णाली करिडोर जोड्ने र गाउँ-गाउँमा विद्युत् र सडक पुऱ्याउने प्रतिबद्धता गरेको स्मरण गरे ।

सोरु गाउँपालिकामा ११ वडाका ५६ बस्तीमध्ये अधिकांश वडाका बस्तीमा सडक सञ्जाल जोडिएको छ । हरेक वडा-बस्तीमा सडक जोड्ने लक्ष्यअनुसार करिब ५० बस्तीमा सडक पुगेको र बाँकी बस्तीमा आगामी वर्षसम्म जसरी भए पनि सडक पुऱ्याउने अध्यक्ष शाहीले बताए । यो सडकको हुम्लामा बेलिब्रिजको व्यवस्थापन गरी कर्णाली करिडोरमा पनि जोडिने उनले बताए ।

सोरुकोट-मसिनामेला हुँदै लिब्रु जोड्ने सडकले पालिकाका नागरिकलाई मात्र नभई हुम्लाका नागरिकलाई पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ । हुम्लाका सर्केगाडा, अदानचुली र चंखेली गाउँपालिकाका स्थानीयले पनि यो सडकबाट लाभ लिनेछन् ।

उनीहरूलाई बैंकिङ सेवा लिन हुम्ला सदरमुकाम सिमीकोट

» पृष्ठ २ मा क्रमशः



मानव तस्करीमा मुछिएका पूर्वमन्त्री अधिकारीलाई उन्मुक्ति दिइएकोविरुद्ध सर्वोच्चमा रिट

शिल्पा कर्ण/नयाँ पत्रिका

मानव तस्करीमा मुछिएका एमाले प्रदेश सांसद तथा कोशी प्रदेशका पूर्वमन्त्री लीलाबल्लभ अधिकारीमाथि मुद्दा नचलाउने निर्णयविरुद्ध सर्वोच्चमा रिट पेस भएको छ । वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले शुक्रबार रिट पेस गरेका छन्, यद्यपि दर्ता भने नभइसकेको सर्वोच्च प्रशासनले जनाएको छ ।



■ अनुसन्धानबाट स्पष्ट प्रमाण देखिएको अवस्थामा अनिवार्य रूपमा अभियोजन गर्न माग

रिटमा पूर्वमन्त्री अधिकारीलाई तत्काल पक्राउ गरी प्रभावकारी अभियोजन गर्नुपर्ने माग निवेदकको छ । उनलाई मुद्दा नचलाउने गरी जिल्ला सरकारी वकिलबाट भएको निर्णय प्रथम दृष्टिमै गैरकानुनी र विधिको शासनविपरीत रहेको दाबी निवेदकको छ । त्रिपाठीले अन्तरिम आदेश माग गरेका छन् ।

रिटमा महान्यायाधिवक्ताको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंलगायतलाई विपक्षी बनाइएको छ । 'निज कानुनमन्त्रीको मानव तस्करीमा प्रत्यक्ष संलग्नता स्पष्ट छ । निजहरूको कागजातमा गम्भीर कैफियत देखिएपछि निजहरूलाई जापानबाट डिपोर्ट गरिएको तथ्य स्वतः स्पष्ट छ । प्रदेशमन्त्रीजस्तो पदमा रहेको व्यक्ति मानव तस्करी एवं किर्ते कार्यमा संलग्न हुनु मुलुकका लागि अन्तर्राष्ट्रिय लज्जाको विषय हो । यस्तो गम्भीर आपराधिक कृत्यमा कसैले पनि उन्मुक्ति प्राप्त गर्न पाउनुहुँदैन,' रिटमा भनिएको छ ।

» पृष्ठ २ मा क्रमशः

काठमाडौंमा रवि लामिछानेको बयान

काठमाडौं/ सहकारीको पैसा गोर्खा मिडियामा लगेर दुरुपयोग गरेको आरोपमा पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको काठमाडौंमा बयान सुरु भएको छ। जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा शुक्रबार उनको प्रहरी र सरकारी वकिलले बयान लिएका छन्। शुक्रबार नसकिएकाले आइतबार पनि बयान लिइने प्रहरीले जनाएको छ।

कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारीबाट गैरकानुनी रूपमा करोडौं रकम गोर्खा मिडियामा लगिएको थियो। गोर्खा मिडियाको सञ्चालक हुँदा सो रकम खर्च गर्ने भूमिकामा लामिछाने पनि थिए। सोही आधारमा उनको समेत त्यसमा बयान लिइएको छ।

लामिछानेले सो कम्पनीको प्रबन्ध-निर्देशक भएकाले चेकमा हस्ताक्षर गरेर खर्च गरेको, तर पैसा सहकारीबाट आएकोबारे जानकारी नभएको दाबी गर्दै आएका छन्। स्वर्णलक्ष्मी सहकारी गितेन्द्रबाबु (जिबी) राईकै समूहले चलाएको थियो। गोर्खा मिडियाका अध्यक्ष पनि राई नै हुन्। उनले विभिन्न पाँच सहकारीको रकम गोर्खा मिडियालगायत विभिन्न कम्पनीमा लगेर दुरुपयोग गरेका थिए। त्यसमा उनका कम्पनीका सञ्चालकहरूलाई समेत हाल प्रहरीले अनुसन्धानको दायरामा ल्याएको छ।

संसदीय छानबिन समितिले सहकारीबाट पैसा ल्याउने क्रममा लामिछानेको भूमिका नभएको, तर खर्च गर्दाको जिम्मेवारी लिनुपर्ने उल्लेख गरेको छ। प्रहरीले संगठित अपराधसहित ठगी र सम्पत्ति शुद्धीकरण मुद्दामा उनीमाथि अनुसन्धान गरिरहेको छ। कास्की र रूपन्देहीमा प्रहरीले उनको बयान लिइसकेको छ भने काठमाडौं र चितवनमा पनि पक्राउ पुर्जी जारी भइसकेको छ।

नेपाल–चीन

पृष्ठ १ बाट क्रमशः

परियोजनाहरू अघि बढाउने नेपालको प्रस्तावको मुख्य ध्येय छ। चीनले नेपाललाई चार वर्षअघि पठाएको बिआरआई कार्यान्वयन योजना मस्यौदामा ऋणमा आधारित परियोजनाहरूको पनि प्रस्ताव गरिएको छ। अनुदान वा ऋणका परियोजनाबारे सत्तारुढ दल कांग्रेस र एमालेबिच एकरूपता नहुँदा दुवै पार्टीका नेता सम्मिलित कार्यदलले बनाएको नयाँ प्रस्ताव परराष्ट्रमन्त्री राणाले अगाडि सारेकी हुन्।

नेपाली प्रस्तावमा सहमति जुटे प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका क्रममा मंगलबार दुई देशबिच हस्ताक्षर हुनेछ। 'अ कन्सेप्च्युएल प्रोपोजल अफ नेपाल गभर्मेन्ट अन्डर द बिआरआई (बिआरआईअन्तर्गत नेपाल सरकारको अवधारणात्मक प्रस्ताव'बारे चिनियाँ विदेशमन्त्री वाङले बेइजिङमा छलफल गरेर जवाफ दिने बताएका छन्।

भेटमा सहभागी एक कूटनीतिक अधिकारीका अनुसार राणाको प्रस्तावबारे चिनियाँ विदेशमन्त्रीले थप छलफल हुने बताए। 'म यस विषयमा राष्ट्रपतिलाई जानकारी दिन्छु र हामी आन्तरिक रूपमा छलफल गर्छौं। प्रधानमन्त्री ओली चीन आउने वेलासम्म यसबारे एउटा निर्क्योलमा पुगौँला,' चिनियाँ विदेशमन्त्री वाङलाई उद्धृत गर्दै ती अधिकारीले नयाँ पत्रिकासँग भने।

परराष्ट्रमन्त्री राणाले नेपाल अहिले कुनै पनि मित्रराष्ट्रबाट ऋण लिन सक्ने अवस्थामा नरहेको बताइन्। उनले विगतमा चिनियाँ नेतृत्वबाट प्रतिबद्धता जनाइएको अनुदान रकमबाट परियोजनाहरू छनोट गर्नुपर्ने र त्यसलाई बिआरआईअन्तर्गत राखेर कार्यान्वयन गर्न नेपाल तयार रहेको बताएको कूटनीतिक स्रोतले जनाएको छ। नेपालको वैदेशिक ऋण २६ खर्ब पुगेको छ, जसमध्ये चिनियाँ ऋण भने २.८ प्रतिशत मात्रै छ।

भेटवार्तामा चिनियाँ विदेशमन्त्रीले दुई देशबिच आपसी समझदारीमा बिआरआई कार्यान्वयन गर्दै जनताको सामाजिक-आर्थिक जीवनस्तर माथि उठाउनुपर्नेमा जोड दिएका थिए। वाङले नेपालसँगको सम्बन्धलाई चीनले प्राथमिकतामा राखेको र नेपालको सामाजिक-आर्थिक विकासमा सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। प्रधानमन्त्री ओलीको भ्रमणले नेपाल-चीन सम्बन्ध नयाँ उचाइमा पुग्ने उनको विश्वास थियो।

प्रस्तावमा ऋण तथा सुरक्षा एवं रणनीतिक अर्थ लाग्ने कुनै पनि बुँदा वा विषय नरहेको सम्बद्ध स्रोतले बतायो। चिनियाँ समकक्षीसँगको भेटवार्ताबारे परराष्ट्रमन्त्री राणाले सामाजिक सञ्जाल एक्समा लेखेकी छिन्, 'प्रधानमन्त्रीको आसन्न चीन भ्रमणलगायत नेपाल-चीन सम्बन्धका अनेकौं पक्षबारे हामीले विचार आदानप्रदान गर्‍यौं। अत्यन्तै न्यानो र हार्दिक वातावरणमा कुराकानी भयो।'

परराष्ट्रमन्त्रीका प्रेस सल्लाहकार एकराज पाठकद्वारा जारी प्रेस नोटअनुसार दुई परराष्ट्रमन्त्रीबिच दुई देशको सम्बन्धका विविध पक्ष, आपसी हित र साझा चासोका साथै प्रधानमन्त्री ओलीको आसन्न चीन भ्रमण र त्यस अवसरमा हुने दुई देशबिचको सहयोग आदानप्रदानका विषयमा कुराकानी भएको छ। 'वार्ताका क्रममा प्रधानमन्त्री ओलीको आसन्न चीन भ्रमणका क्रममा समझदारी एवं सम्झौता हुने विभिन्न आयोजना एवं सहयोग आदानप्रदानबारे पनि आवश्यक छलफल भएको थियो,' प्रेस नोटमा छ।

चीनले पठाएको बिआरआई कार्यान्वयन योजनाको मस्यौदामाथि कांग्रेस महामन्त्री गगन थापा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल र आर्थिक सल्लाहकार डा. युवराज खतिवडा तथा कांग्रेसकै तर्फबाट अधिवक्ता सेमन्त दाहाल रहेको कार्यदलले वैकल्पिक प्रस्ताव तयार गरेको थियो। चरणबद्ध रूपमा छलफलपछि बिआरआई कार्यान्वयन योजनाको विकल्पमा बिआरआईअन्तर्गत नेपाल सरकारको अवधारणात्मक प्रस्तावमा कांग्रेस र एमालेबिच सहमति भएको थियो।

कांग्रेस नेतृसमेत रहेकी परराष्ट्रमन्त्री राणाले एक चीन नीतिप्रति कांग्रेससहित सबै दल एकै ठाउँमा रहेको भन्दै आश्वस्त पारेकी थिइन्। उनले नेपाली भूमि छिमेकी मुलुकविरुद्ध प्रयोग गर्न नदिने नीति दोहोर्‍याएकी थिइन्। 'नेपाल एक चीन नीतिप्रति दृढतापूर्वक अडिग छ र तिब्बत र ताइवान चीनको अभिन्न अंग भएको विश्वास गर्दछ। यसले चीनको हितमा हानि पुर्‍याउने र चीनको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने अन्य मुलुकको विरोध गर्ने गतिविधिमा संलग्न हुन नेपालको भूमि प्रयोग गर्न कुनै पनि शक्तिलाई कदापि अनुमति दिनेछैन,' चिनियाँ विदेश मन्त्रालयले परराष्ट्रमन्त्री राणालाई उद्धृत गर्दै भनेको छ।

चिनियाँ विदेशमन्त्रीले पनि बिपी कोइरालादेखि अहिलेसम्म कांग्रेसका नेताहरूले नेपाल-चीन सम्बन्धलाई सुदृढ गर्न योगदान पुर्‍याएको भन्दै प्रशंसा गरेको सहभागी एक अधिकारीले बताए। द्विपक्षीय वार्तामा चिनियाँ विदेशमन्त्री वाङ यीले चीन र नेपाल हिमाल र नदीले जोडिएको र पुस्तादेखि नै मित्रवत् रहेको उल्लेख गर्दै यी मुलुक असल छिमेकी, असल मित्र र असल साझेदार रहेको बताए।

चिनियाँ विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा दुई देश कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै ठुला र साना मुलुकबिच समान व्यवहारको उदाहरण प्रस्तुत गर्दै आएको उल्लेख छ। 'आगामी वर्ष दुई देशबिचको कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वर्षगाँठलाई संयुक्त रूपमा चीन-नेपाल सम्बन्धको विकासका लागि नयाँ सम्भावना खोल्ने अवसरका रूपमा लिन हामी नेपालसँग काम गर्न इच्छुक छौं,' चिनियाँ विदेशमन्त्रीले भने।

चीनको ७५औं स्थापना दिवस र आगामी वर्ष नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वार्षिकोत्सवका अवसरमा विदेशमन्त्री वाङमार्फत चीन सरकार र चिनियाँ नागरिकलाई परराष्ट्रमन्त्री राणाले बधाई दिएकी थिइन्। उनले पछिल्लो समय नेपाल-चीन सम्बन्धमा उल्लेखनीय उपलब्धि हासिल भएका र यसका कारण सम्बन्ध थप बलियो बन्दै गएको पनि उल्लेख गरेकी छिन्।

वाङले नेपाललाई आफ्नो राष्ट्रिय परिस्थितिअनुकूल विकासमार्ग खोज्न चीनले समर्थन गर्ने पनि बताए। 'इतिहास र तथ्यले चीन-नेपाल मित्रता नेपालको देश, राष्ट्र र जनताको आधारभूत र दीर्घकालीन हितअनुरूप रहेको प्रमाणित गरेको छ,' उनले भने, 'नेपालप्रति चीनको मैत्रीपूर्ण नीति सबै नेपाली जनताको पक्षमा सुसंगत र उन्मुख छ। चीन एक दीर्घकालीन साझेदार र मित्र हो, जसलाई नेपालले विकास र पुनरुत्थानको बाटोमा विश्वास गर्न र भर पर्न सक्छ।'

उनले नेपालसँग उच्चस्तरीय आदानप्रदान कायम गर्न, चीन-नेपाल सम्बन्धको सही दिशा सुनिश्चित गर्न, राज्यशासनमा अनुभवको आदानप्रदानलाई सुदृढ गर्न र राजनीतिक पारस्परिक विश्वास र परम्परागत मित्रतालाई सुदृढ गर्न इच्छुक रहेको पनि बताए।

नेपाल-चीनबिचका सबै परम्परागत सीमानाका पुनः नियमित रूपमा सञ्चालनमा आइसकेका र त्यहाँ दुवै देशका नागरिक, सामान र सेवाहरूको सीमापार आवागमन निर्बाध बनेकाले यसलाई थप सहज एवं प्रभावकारी बनाउन दुवै पक्षबाट महत्त्वपूर्ण योगदान पुग्ने पनि परराष्ट्रमन्त्री राणाको विश्वास थियो।

प्रधानमन्त्री ओलीको चीन भ्रमणले नेपाल चीनबिच लामो समयदेखि रहिआएको मैत्रीपूर्ण सम्बन्ध थप प्रगाढ बन्ने विश्वास गरिएको राणाको भनाइ थियो। चिनियाँ विदेशमन्त्रीसँगको द्विपक्षीय भेटवार्ताले नेपाल-चीन सम्बन्धमा नयाँ उचाइ थपेको र दुई देशबिचको सम्बन्धलाई थप बलियो बनाउन सहयोग पुगेको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ।

०७६ असोजमा चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणमा दुई देशबिचको सम्बन्धलाई विकास र समृद्धिका लागि मित्रताको रणनीतिक साझेदारीमा स्तरोन्नति भएको पनि वाङले स्मरण गराएका थिए। परराष्ट्रमन्त्री राणाले चिनियाँ समकक्षीलाई नेपाल भ्रमणको निम्ता दिएकी छिन्। शुक्रबार साँझ चिनियाँ विदेशमन्त्री वाङले परराष्ट्रमन्त्री राणा र नेपाली प्रतिनिधिमण्डलको सम्मानमा रात्रिभोजको आयोजना गरेका थिए।

आज क्रिकेट...

पृष्ठ १ बाट क्रमशः

राइनोज), मधेशबाट जनकपुर बोल्ट र कोशी प्रदेशबाट विराटनगर किंग्सले प्रतिनिधित्व गरेका छन्।

खेल मैदानको अभावले एनपिएलको पहिलो संस्करणका सबै खेल काठमाडौंमै खेलिनेछन्। उद्घाटन खेलमा जनकपुर बोल्ट र विराटनगर किंग्सबिच प्रतिस्पर्धा हुनेछ। कुल ३२ खेल हुने एनपिएलको समापन ६ पुसमा हुनेछ। सीमित पूर्वाधारबिच एनपिएल आयोजना गरेर सरोकारवाला निकायले नेपालको खेल क्षेत्रलाई थप व्यवस्थित र अन्तर ष्ट्रियस्तरको बनाउन सकिने सन्देश दिएका छन्। नेपाली क्रिकेट खेल उद्यमका रूपमा विकास गराउन भूमिका खेल्न सक्ने एनपिएलले उत्साही मात्र बनाएको छैन, खेल जगत्मा सुन्दर भविष्यको आशा पनि जगाएको छ।

सातै प्रदेशको प्रतिनिधित्व गर्ने एनपिएल लिग खेलाडी र आयोजक मात्र होइन, दर्शक, निजी क्षेत्र र कला क्षेत्रलाई जोड्ने पुल बनेको छ। सफलतापूर्वक एनपिएल सम्पन्न गर्न सके यसले त्रिकेटको मात्र नभई नेपालको पर्यटन विकासमा पनि ठुलो योगदान पुर्‍याउने निजी क्षेत्रको विश्वास छ।

चतुरबहादुर चन्द नेपाल क्रिकेट संघ (क्यान)मा दोस्रो कार्यकालका लागि अध्यक्ष भएको पहिलो वर्षमै ठुलो लिग आयोजना भएको छ। क्यानका सचिव पारश खड्काले लिगलाई आफ्नो करिअरको प्रतिष्ठा बनाएर काम गरेका छन्।

निजी क्षेत्रले दिल खोलेर एनपिएलमा लगानी गरेको छ। हरेक टिमका मालिकले प्रतियोगिता सम्पन्न गर्न १० देखि १४ करोडसम्म खर्च हुने अनुमान गरेका छन्। टिम खरिदमा मात्रै एक करोडदेखि साढे तीन करोडसम्म खर्च गरिएको छ। अक्सनमा खरिद गरिएका खेलाडीलाई आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ। निजी क्षेत्रको उत्साहजनक संलग्नता तथा लगानीले क्रिकेटलाई एउटा बलियो उद्योगमा रूपान्तरण गर्दै छ। लिगको सर्वोत्कृष्ट नेपाली खेलाडीले ६० लाखभन्दा माथिको कार पाउनेछन्। एनपिएलले नेपाली खेलाडी र खेलप्रेमीलाई सुन्दर भविष्यको सपना देखाएको छ।

प्रतियोगितालाई विश्वस्तरमा पुर्‍याउने उद्देश्यसहित चर्चित भारतीय स्पोर्टस् च्यानल स्टार स्पोर्टस्बाट प्रत्यक्ष प्रसारण गर्ने व्यवस्था मिलाइएको छ। विश्व क्रिकेटकै महारथी भारतीय क्रिकेटको मुख्य स्पोन्सर रहेको 'ड्रिम ११' यही लिगसँग जोडिएको छ। चर्चित अन्तर्राष्ट्रिय खेलाडीको सहभागिताले एनपिएललाई विश्वमाझ पुर्‍याउन उल्लेखनीय भूमिका खेल्ने क्यान पदाधिकारी, टिम मालिक, खेलाडी र दर्शक सबैको विश्वास छ।

भारतबाट टेस्ट, एकदिवसीय र टी-२० आई खेलेका खेलाडी नेपाल आएर पहिलोपटक खेल्दै छन्। एनपिएलले नै यो अवसर जुर्‍याएको हो। भारतलाई एसिया कप एवं आइपिएलको उपाधि जिताएका शिखर धवनसँगै अस्ट्रेलियाका चर्चित खेलाडी बेन कटिङ, पाकिस्तानलाई विश्वकप जिताएका सोहेल तनभिर एनपिएल खेल्दै छन्। कटिङ लुम्बिनी, सोहेल चितवन र शिखर धवन कर्णालीमा आबद्ध छन्। धवनलाई अनुबन्ध गर्न हिमालयन बिल्डर्स एन्ड इन्जिनियर्सको स्वामित्वमा रहेको कर्णाली याक्सले करिब दुई करोड नेपाली रुपैयाँ खर्च गरेको छ। उनले प्रत्येक खेलबाट ३० हजार अमेरिकी डलर पाउनेछन्।

क्यानका सचिव पारस खड्काले एनपिएल नेपाली क्रिकेटको नयाँ अध्यायमा पुगेको उदाहरण रहेको बताए। 'नेपाली क्रिकेट नयाँ अध्यायमा पुगेको छ। अब हामीले एनपिएललाई प्रतियोगिता मात्रै नभएर एउटा संस्कार बनाउनुपर्छ। क्रिकेट मात्रै नभएर प्रतियोगिताले नेपाललाई नै विश्वमा चिनाउनेछ। यो प्रतियोगिता राष्ट्रिय गौरवसँग जोडिएको छ। आज जहाँ पनि जान्छौं नेपाली क्रिकेटको चर्चा छ। चर्चासँगै आशा पनि धेरै गरिएको छ, त्यसलाई पूरा गर्नुपर्छ,' उनले भने। राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले एनपिएलले खेललाई नयाँ तरिकाले सोच्ने ठाउँमा पुर्‍याएको बताए।

सुदूरपश्चिमका प्रशिक्षक जगत टमाटा एनपिएल आफूहरूका लागि ठुलो महोत्सव रहने बताए। 'हाम्रा लागि यो प्रतियोगिताको महोत्सव हो। नेपाल र एसोसिएटका खेलाडीलाई देखाउने ठुलो अवसर हो। स्टार स्पोर्टस्बाट लाइभ हुँदै छ। निजी क्षेत्रको आगमन भएको छ,' उनले भने, 'यसले गर्दा नेपाली क्रिकेटको स्तरवृद्धि हुनेछ। शिखर धवनजस्तो खेलाडी आउँदा धन्यवाद भन्नुपर्छ। उहाँको आगमनले लिगको चार्म बढेको छ। प्रतियोगिताका लागि म मात्र होइन, समग्र नेपाल नै उत्साहित छ।'

आठ टिम किन्न १६ करोड ८८ लाख खर्च

एनपिएलमा सहभागी आठ क्लब किन्न मालिकहरूले एक करोडदेखि तीन करोड ५६ लाखसम्म खर्च गरेका छन्। आठ टिम किन्न विभिन्न मालिकले कुल १६ करोड ८८ लाख ९३ हजार २३१ रुपैयाँ खर्च गरे। सबैभन्दा धेरै मूल्यमा नेपाल टी-२० क्रिकेट प्रालिले पोखरा एभेन्जर्स तीन करोड ५७ लाखमा खरिद गरेको थियो। काठमाडौं गुर्खाजलाई कान्तिपुर पब्लिकेसन्सले तीन करोड ३३ लाख ३३ हजार ३३९ रुपैयाँमा किन्यो। जनकपुर बोल्टका लागि ड्रिम स्पोर्टस् प्रालिले दुई करोड पाँच लाख खर्चिँदा लुम्बिनी लायन्सलाई चौथो ठुलो मूल्यमा फरच्युना हेल्थ केयर प्रालिले एक करोड ८६ लाख चार रुपैयाँ लगानी गर्‍यो। त्यस्तै, चितवन राइनोजका लागि चितवन मेडिकल कलेजले एक करोड ७६ लाख एक हजार र सुदूरपश्चिम रोयल्सलाई इम्पाइर स्पोर्टस् म्यानेजमेन्ट प्रालिले एक करोड ६८ लाख ८८ हजार ८ ८८ किने। यसबाहेक विराटनगर किंग्सलाई एमएडी ड्रिम्स स्पोर्टस् प्रालिले एक करोड ५१ लाख तथा कर्णाली याक्सलाई हिमालयन बिल्डर्स एन्ड इन्जिनियर प्रालिले एक करोड ११ लाख ७० हजारमा किनेका थिए।

दुईदेखि २० लाखसम्म एक खेलाडीलाई

आठ टिमले अक्सनबाट ८० खेलाडीका लागि पाँच करोड ९२ लाख ५० हजार रुपैयाँ खर्च गरेका थिए। मार्की खेलाडीले २० लाख पाउँदा 'ए' श्रेणीले १० देखि १५ लाखसम्म पाए। 'बी' श्रेणीले पाँचदेखि १० लाखसम्म पाए भने 'सी' श्रेणीले दुईदेखि पाँच लाखसम्म पाएका छन्। अक्सनमा लुम्बिनी लायन्सले १० खेलाडी किन्न सर्वाधिक ८४ लाख ७५ हजार खर्च गर्‍यो। सबैभन्दा कम चितवन राइनोजले ६३ लाख खर्च गर्‍यो।

नमिठो अनुभवपछि एनपिएल

क्यानको एउटा नमिठो अनुभवले जन्माएको हो- नेपाल प्रिमियर लिग (एनपिएल)। पहिलो प्रयासमा देखिएका समस्याबाट पाठ सिकेको क्यान आफैं प्रतियोगिता गर्दै नेपाली क्रिकेटलाई नयाँ उचाइमा पुर्‍याउने योजनामा छ।

क्यानले २०७९ पुस र माघमा फ्रेन्चाइज नेपाल टी-२० लिग आयोजना गर्‍यो। र, त्यसको कमर्सियल पार्टनरमा भारतको सेभेन थ्री स्पोर्टस्लाई भित्र्यायो। भारतीय कम्पनी नै प्रतियोगिताको आयोजक बन्यो। तर, त्यही कम्पनीको कारण प्रतियोगिता पूरै विवादमा तानियो। खेलसमेत रोकिए। त्यसवेलाको पारिश्रमिक पनि पाएनन्, अझै पुरस्कार पनि पाएका छैनन्।

पोखरा एभेन्जर्स र च्याम्पियन लुम्बिनी अल स्टारबाहेक अन्य टिममाथि मालिक कृत्रिम खडा गरेको आरोप लाग्यो। विराटनगर किंग्स, जनकपुर रोयल्स, काठमाडौं नाइट्स, फार वेस्ट युनाइटेडको मालिक नै पत्ता लागेन। प्रतियोगितामा स्पट फिक्सिङ र म्याच फिक्सिङको आरोप लाग्यो। केही खेलाडी प्रहरी हिरासतमा पुगे। राष्ट्रिय खेलकुद परिषद् (राखेप), नेपाल प्रहरीको सिआइबी र अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले छानबिन नै गर्‍यो।

तत्कालीन क्यान अध्यक्ष र सचिवसँगै खेलाडी, पदाधिकारी, आयोजक र टिम मालिक तीनै पक्ष बयान दिन दैनिक हाजिर हुनुपर्‍यो। त्यसैकारण अहिलेको एनपिएलले समेत आइसिसीबाट सहजै मान्यता पाएन। सहजै टेस्ट खेलिरहेका खेलाडीलाई एनपिएलमा आबद्ध हुन दिइएन। राखेप पनि मान्यता दिन निकै हिचकिचायो।

यी सबै घटनासँगसँगै क्यानको निर्वाचन पनि भयो। चतुरबहादुर चन्द पुनः अध्यक्ष भए र पारस खड्का सचिव बने। पारसले एनपिएललाई सपना बनाए। अध्यक्षसहित अन्य पदाधिकारीको विनासर्त सहयोग रह्यो। र, ठुलो गृहकार्यपछि क्यानले आफैं प्रतियोगिता आयोजना गर्‍यो।

जोडिँदै कलाकार

एनपिएलको माहोल बढ्नुमा कलाकारको सहभागिता पनि उस्तै छ। भारतको आइपिएलमा कलाकार जोडेको जस्तै एनपिएलमा पनि त्यस्तै प्रयोग गरिएको छ। अधिकांश टोलीको ब्रान्ड एम्बेस्डरमा कलाकार छन्। यसले मैदानको माहोलमा उत्साह थप्नेछ भने कलाक्षेत्रलाई खेलकुदसँग जोड्ने प्रयासलाई मद्दत पुग्नेछ। कर्णाली याक्सले स्वस्तिमा खड्कालाई फेस अफ कर्णाली तथा सिसन बानियाँलाई युथ एम्बेस्डर, लुम्बिनी लायन्सले राजेश हमाल, पोखरा एभेन्जर्सले सन्दीप क्षेत्री, विराटनगर किंग्सले रचना रिमाल र दयाहाङ राईलाई प्रचारप्रसार गर्न एम्बेस्डर बनाएका छन्। काठमाडौं गुर्खाजले महिला राष्ट्रिय टोलीकी कप्तान इन्दु बर्मा तथा जनकपुर बोल्ट्सले नेपाललाई यू-१९ विश्वकपमा स्थान बनाउन महत्त्वपूर्ण योगदान पुर्‍याएकी कप्तान पूजा महतो र सुदूरपश्चिमले तेक्वान्दो खेलाडी दीपक विष्टलाई ब्रान्ड एम्बेस्डर बनाएको छ।

कुन टिम कस्तो ?

सुदूरपश्चिम रोयल्स अलराउन्डर

सुदूरपश्चिमले गोलाप्रथामा पनि महेन्द्रनगरकै खेलाडी दीपेन्द्रसिंह ऐरीलाई मार्की खेलाडी पायो। टिममा राष्ट्रिय टिमबाट खेलिसकेका अभिनाश बोहरासहित आरिफ शेख, विनोद भण्डारी, इशान पाण्डे र नरेश बुढाऐर सुदूरपश्चिममा छन्। दीपेन्द्रसहित विनोद, नरेश, नरेन साउद, खड्ग बोहरा र भोजराज भट्ट सुदूरपश्चिम प्रदेशकै खेलाडी हुन्। प्रशिक्षकमा नेपाललाई एकदिवसीय मान्यता दिलाउने, टी-२० विश्वकप खेलाउने र यू-१९ विश्वकपमा सहभागी भइसकेका अनुभवी जगत टमाटा छन्। विदेशी खेलाडीमा टेस्टराष्ट्र इंग्ल्यान्डका सैफ अली जैव र न्युजिल्यान्डका बलर स्कट कुगेलेइन छन्। सैफले इंग्ल्यान्डको भाइटालिटी ब्लास्ट तथा स्कटले आइपिएलमा चेन्नई सुपर किंग्सको प्रतिनिधित्व गरेका छन्। एसोसिएट राष्ट्रबाट स्कटल्यान्डका अलराउन्डर ब्रान्डन म्याकमुलेन र नेपालका लागि परिचित युएईका रोहन मुस्ताफा छन्। समग्रमा सुदूरपश्चिम अलराउन्डरले भरिएको छ।

धवनको आगमनले हौसिएको कर्णाली

भारतीय चर्चित खेलाडी शिखर धवन (गब्बर) टोलीमा भित्रिएपछि कर्णाली याक्स हौसिएको छ। भारतबाट फ्रेन्चाइज लिग खेल्न आउने उनी पहिलो खेलाडी हुन्। टोलीको मार्कीमा दुईपटक टी-२० विश्वकप खेलेका सोमपाल कामी छन्। राष्ट्रिय टोलीबाट खेलिरहेका सोमपालसँगै गुल्सन झा, देव खनाल, नन्दन यादव, मौसम ढकाल छन्। धवनले चारदेखि ६ खेल मात्रै खेल्ने भए पनि टोली ड्रेसिङ रुम सेयर गर्न उत्साहित छ। उनी पहिलो खेलबाटै टोलीमा उपलब्ध हुनेछन्। हुसैन तलातले नाम फिर्ता लिएपछि कर्णालीले ओमानका पूर्वकप्तान जिसन मक्सुदलाई अनुबन्ध गरेको छ। वेस्टइन्डिजका चाडविक वाल्टन र हङकङका अनुभवी हिटर बाबर हायत पनि कर्णालीसँग हुनेछन्। टोलीमा कर्णाली प्रदेशकै दीपेन्द्र रावत, अर्जुन घर्ती र युनिशसिंह ठकुरी छन्।

लुम्बिनीसँग बेन कटिङको शक्ति

नेपाली राष्ट्रिय टोलीका कप्तान रोहितकुमार पौडेल मार्की रहेको लुम्बिनीले अक्सनमा खेलाडी किन्न सबैभन्दा बढी खर्च गर्‍यो। टोलीमा राष्ट्रिय टिमबाट खेलिसकेका विकेटकिपर ब्याटर अर्जुन साउद, सन्दीप जोरा, विवेक यादव र सूर्य तामाङ छन्। घरेलु प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका आशुतोष घिरैया पनि लुम्बिनीकै जर्सीमा देखिनेछन्। विदेशी खेलाडीमा अस्ट्रेलियाका अनुभवी खेलाडी वेन कटिङसँगै इंग्ल्यान्डका विकेटकिपर ब्याटर टम मुर्स, भारतबाट यू-१९ विश्वकप जितेका र अहिले अमेरिकाबाट खेलिरहेका उन्मुक्त चन्द तथा बारबाडोर्सका युवा पेसबलर रामोन सिमोन्ड्स छन्। टिमको प्रशिक्षकमा नेपाल राष्ट्रिय टिमका कन्सलट्यान्ट प्रशिक्षक नन्दन फाडनिस छन्। र, लुम्बिनीको कन्सलट्यान्ट प्रशिक्षक शक्ति गौचन छन्।

महँगा खेलाडीको टोली गण्डकी

एनपिएलमा सबैभन्दा अनुभवी टिम भनेकै गण्डकीको पोखरा हो। यसका मालिक हुन्- व्यापारी सुबोध त्रिपाठी। अघिल्लो वर्ष नेपाल टी-२० हुँदा पनि त्रिपाठीले पोखरा नै लिएका थिए। त्यसैले यसपटक टिम किन्न सबैभन्दा महँगो तीन करोड ५७ लाख खर्च गर्न तयार भए। उनले क्रिकेटमा आफ्नो योगदान र यसमा देखिएको आशाका कारण खर्च गरेको बताएका छन्। नेपाल टी-२० मै चार करोडभन्दा बढी खर्च भएपछि उनी कुनै पनि हालतमा पोखराको ब्रान्ड गुमाउने पक्षमा थिएनन्।

कुशल भुर्तेल मार्की रहेको टोलीको प्रशिक्षकमा आइपिएलको चेन्नई सुपर किंग्स हेरिरहेका राजीव कुमार छन्। पछिल्लोपटक आइपिएलको लखनउ सुपर जायन्ट्समा फिल्डिङ प्रशिक्षक रहेका जोन्टी रोड्स पोखरामा मेन्टर छन्। टोलीमा सागर ढकाल, आकाश चन्दसँगै विदेशी खेलाडीहरूमा नेदरल्यान्ड्सका बास डे लिडे, वेस्टइन्डिजका रेमोन रेइफर, इंग्ल्यान्डका म्याट क्रिटले, स्कटल्यान्डका माइकल लिस्क र अमेरिकाका आन्द्रेस गौस अनुबन्ध छन्।

खेलाडीको सन्तुलन मिलाएको काठमाडौं

नेपाली र विदेशी खेलाडी अनुबन्ध गरेसँगै काठमाडौं सन्तुलित टिम देखिएको छ। नेपाली राष्ट्रिय टोलीका अलराउन्डर करण केसी मार्की रहेको टिमको प्रशिक्षकमा वसन्त शाही ठकुरी छन्। शाही नेपाल राष्ट्रिय टिमका सहायक प्रशिक्षक हुन्। टोलीमा भीम सार्की, शंकर राना, सुमित महर्जन, राजु रिजाल, दीपेश कँडेलजस्ता खेलाडी छन्। टोलीका विदेशी खेलाडीमा नामिबियाका कप्तान जेरार्ड इरासमस, नेदरल्यान्ड्सका युवा ओपनर माइकल लेभिट, इंग्ल्यान्डका तीन खेलाडी स्टेफेन इस्किनाजी, डान डौथवेट र नाथन सटरलाई अनुबन्ध गरेको छ। यसपटक टोली काठमाडौंमा उपाधि राख्ने योजनामा छ। त्यसका लागि युवा खेलाडीबाट आशालाग्दो प्रदर्शन निकाल्ने प्रशिक्षक ठकुरीको तयारी छ।

विश्वविजेता सोहेल चितवनको आकर्षण

अन्य आठ टोलीको तुलनामा चितवन कागजमै कमजोर देखिएको छ। टोलीको प्रचारप्रसार, विदेशी खेलाडी अनुबन्ध र नेपाली खेलाडी छनोटमै टिम कमजोर रह्यो। भारतीय प्रशिक्षक उमेर पटवाल प्रशिक्षक रहेको टोलीमा मार्की खेलाडीमा निकै कम बोल्न रुचाउने कुशल मल्ल छन्। सन् २०१४ को विश्वकप खेलिसकेका अनुभवी खेलाडी शरद भेषवाकरले कुशलमा आत्मबल बढाउनुपर्ने देखिन्छ। चितवन मेडिकल कलेजको स्वामित्वमा रहेको टिममा राष्ट्रिय टोलीका रिजन ढकाल र कमलसिंह ऐरी छन्। यस्तै, विदेशी खेलाडीमा इंग्ल्यान्डका लुक बेनकेन्स्टेइन, अफगानिस्तानका हसन एइसाखिल, नामिबियाका निकोल जान लोफ्टी-इटन र इंग्ल्यान्डका रवि बोपारा छन्। यो टोलीमा सबैभन्दा ठुलो नाम बोपाराकै हो।

निसमको आगमनले आत्मविश्वासी जनकपुर

पोखरापछि एनपिएलमा नेपाल टी-२० लिग खेलेको अर्को टोली जनकपुर हो। नेपाल टी-२० मा यो टिम लुम्बिनी अल स्टार नामबाट थियो। लुम्बिनी अल स्टारकै मालिक नीरज खतिवडा र उत्सव सिग्देल मिलेर जनकपुर टिम खरिद गरेका छन्। टोलीमा राष्ट्रिय टोलीका आसिफ शेख र अनिलकुमार शाह छन्। मार्की आसिफ भए पनि अनिललाई कप्तानी आर्म ब्यान्ड छाडेका छन्। यी दुवै खेलाडी मधेश प्रदेशका समेत हुन्। टोलीमा स्पिनर ललित राजवंशी र किशोर महतो पनि छन्। न्युजिल्यान्डका जिमी निसम भित्र्याएपछि टोलीको आत्माविश्वास बढेको देखिन्छ। पुबुदु दासानायके प्रशिक्षक रहेको टोलीमा अन्तर्राष्ट्रिय खेलाडीहरूमा श्रीलंकाका लहिरू मिलान्था, अमेरिकाका जोसुआ ट्रोम्प, पाकिस्तानका मोहम्मद मोहसिन र सोहेव मक्सुद छन्।

विराटनगरलाई गुप्टिलको साथ

मार्कीमा नेपालका चर्चित स्पिनर सन्दीप लामिछाने पाएको विराटनगरले एकदिवसीय विश्वकपमा दोहोरो शतक प्रहार गरेका न्युजिल्यान्डका मार्टिन गुप्टिललाई टोलीमा भित्र्याएको छ। ३८ वर्षीय गुप्टिलले ४७ टेस्ट, १९८ एकदिवसीय र १२२ टी-२० आई खेलेका छन्। उनले सन् २०१५ मा भएको एकदिवसीय विश्वकपमा वेस्टइन्डिजविरुद्ध एकै खेलमा अविजित २३७ रन बनाएका थिए। गुप्टिलबाहेक टोलीमा विदेशी खेलाडीहरूमा ओमानका आकिब इल्यास, क्यानडाका कप्तान निकोलस किर्टोन र स्कटिस बलर क्रिस सोल छन्। नेपाली खेलाडीमा प्रतिश जिसी, लोकेश बम, बासिर अहमद, जितेन्द्र मुखिया, दीपक बोहरा, सुवास भण्डारी र नरेन भट्ट छन्। प्रतिश, लोकेश, बासिर र जितेन्द्र मुखिया राष्ट्रिय टिमबाट खेलिसकेका खेलाडी हुन्। यस्तै, उमेर समूहबाट खेलेका दीपक बोहरा, सुवास भण्डारी र नरेन भट्ट पनि छन्।

श्री महाबुद्ध ओकुबहाल पेशागत मूर्तिकला कालिगढ सहकारी संस्था लिमिटेडका ऋणी बुद्धिमान शाक्यको नाति जगतबहादुर शाक्यको छोरा बागमति प्रदेश, ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.१२, ह:खा टोल बस्ने रामबहादुर शाक्यलाई कर्जा चुक्ता गर्न आउने बारेको सूचना

प्रकाशित मिति: २०८१ मंसिर १५ गते

तपाई ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १२, ह:खा टोल बस्ने रामबहादुर शाक्यले यस संस्थाबाट मिति २०७९/०३/३१ मा रु.५०,००,०००। (अक्षरेपी पचास लाख रुपैयाँ ऋण कर्जा लिनु भई तपाई रामबहादुर शाक्यको नाउँमा मा.पो.का. रुपन्देहीमा दर्ता प्रमाणित रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ६ नक्सा सीट नं १०४०१९७२१ कि.नं. ५० क्षे.फ. १६९.६० वर्ग मिटर जग्गा धितो दिनु भई मासिक किस्ताबन्दीमा कर्जा चुक्ता गर्ने लिखत शर्त गर्नु भएकोमा कर्जा प्रवाह हुँदाका अवस्थामा भएको लिखत शर्त बमोजिम हालसम्म कुनै पनि किस्ता रकम नतिरी नबुझाई बस्नु भएकोले तपाईलाई पटक पटक कर्जा चुक्ता गर्न आउनु भनी मौखिक तारताकेता गर्दा सोको वेवास्ता गरी बस्नु भएकोले तपाईलाई पटक पटक लिखित पत्राचार गर्दा समेत कर्जा चुक्ता गर्न नआई आलटाल गरी बसि आउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः सूचना प्रकाशित मितिले ३५ दिन भित्रमा कर्जाको सावाँ, व्याज, हर्जाना सहितको रकम तिर्न बुझाउन आउनु होला, अन्यथा यसै सूचनाका आधारमा संस्थालाई धितो स्वरुप दिनु भएको तपाईको नाममा दर्ता रहेको उल्लेखित जग्गा बिधिवत रुपमा लिलाम बिक्री गरी कर्जा असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ। सोबाट असुल उपर हुन नसकेको रकमको हकमा सहकारी ऐन र नियमावली बमोजिम भई जाने व्यहोरा समेत यसै साथ सुचित गरिन्छ।

1. *बोलपत्र सम्बद्ध फाराम यस संस्थाबाट रु.५००।- (अक्षरुपी पाँच सय रुपैयाँ मात्र) तिरी पछि फिर्ता नहुने गरी खरिद गर्न सकिनेछ।*
2. *बोलपत्र फाराममा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ। अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ।*
3. *रीत नपुगेको वा लिलाम सकार गरिसकेपछि पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।*
4. *लिलाम हुने धितोको कागजात, पञ्चकृत मूल्य तथा अन्य आवश्यक कुराहरु बुझ्न चाहनेले कार्यालय समयभित्र संस्थामा उपस्थित भई बुझ्न सकिनेछ। साथै लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै संस्थामा सम्पर्क राखी निरीक्षण गर्न सक्नु हुनेछ।*
5. *धितोमा रहेको जग्गाको पञ्चकृत मूल्य कायम गरी सो मूल्यबाट डाक बढाबढ शुरु हुनेछ। जसले बढी डाँक कबोल गर्नुहुन्छ, त्यसैको नाममा लिलाम स्वीकृत गर्नसकिनेछ।*
6. *कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्द गर्ने वा नेगोसिएसन गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।*
7. *सहकारी ऐन, नियमावली, संस्थाको विनियम समेत अनुसार कसैले पनि लिलाम नसकारेमा वा बोल कबोल गरेको रकम संस्थालाई चित्त नबुझेमा सहकारी ऐन, नियमावली, बिनियम समेत बमोजिम संस्था आफैले धितो सकार गरी स्वामित्व आफूमा लिन सक्नेछ।*
8. *लिलाम विक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट निजले सकार गरेको जम्मा मूल्यको १० प्रतिशतले हुन आउने रकम उसै बखत धरौटीको रुपमा संस्थामा बुझाउनु पर्नेछ। बाँकी ९० प्रतिशत लिलाम सकार गरेको मितिले ७ दिनभित्र बुझाइ सक्नु पर्नेछ। सो म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुनेछ।*
9. *लिलाम सकार गरेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने सरकारी दस्तुर, राजश्व तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर लिलाम सकार गर्ने व्यक्ति आफैले व्यहोर्नु पर्नेछ।*
10. *यो सूचना प्रकाशित मितिले ३६ औं दिनमा, सो दिन विदा परेमा त्यसको भोलिपल्ट संस्थाको कार्यालय, अवस्थित ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १२ ओकुबहाल, ललितपुरमा दिउँसो ३ बजे डाँक बढाबढ मार्फत लिलाम गरिनेछ।*
11. *अन्य विवरण छुट भएमा कानूनबमोजिम हुनेछ।*

सूचना

यस विद्यालयको लागि सनेटरी प्याड र इसिडीका सामानहरु खरिद र कक्षाकोठा निर्माण सम्बन्धी कार्य गर्नुपरेकाले इच्छुक फर्म, कम्पनी, उद्योग, सप्लायर्सहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र सिलबन्दी बोलपत्र पेश गर्नुहुन अव्हान गरिएको छ।

प्रधानाध्यापक,
पद्मकन्या मा.बि,
डिल्लीबजार,काठमाण्डौ।

सियान सीड सर्भिस सेण्टर लिमिटेडका पच्चिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८१/०८/१५)

२०८१।०७।२१ गते वसेको संचालक समितिको वैठकको निर्णय अनुसार यस सेण्टरको पच्चिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय एवं स्थानमा हुने ब्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई पत्र मार्फत पठाई सकिएको छ। पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी सभामा उपस्थित भइ दिनुहुनका लागि हार्दिक अनुरोध गरिन्छ।

मितिः मंसिर २५ गते मंगलवार,२०८१ (१० डिसेम्बर, २०२४)
समयः विहान ११:०० वजे
स्थानः कम्पनीको सभाहल, चन्द्रागिरी न.पा.-७, थानकोट, काठमाण्डौ
सम्पर्क फोन नं.: ९८५१०६६९४६, ९८५१३४४०६१

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

मुगुको...

पृष्ठ १ बाट क्रमशः

जानुभन्दा सोरुकोट आउन सहज हुने सोरु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तीर्थराज शाहीले बताए।

सोरुकोटमा राष्ट्रिय वाणिज्य बैंकको शाखा छ। स्वास्थ्य उपचार तथा व्यापारमा पनि यो सडकले सहजता प्रदान गर्ने शाहीले बताए। गाउँपालिकाको लिब्रुमा सिमी, मास, केराको राम्रो उत्पादन हुने गर्दछ। यातायातको सुविधा नहुँदा यसले राम्रो बजार पाएको थिएन।

मानव तस्करीमा...

पृष्ठ १ बाट क्रमशः

आपराधिक गिरोहसँग मिलेर ठुलो रकम लिई मानव तस्करीमा संलग्न अधिकारीलाई उच्च राजनीतिक दबाबका कारण मुद्दा नचलाउने निर्णय भएकाले मुद्दा नचलाउने निर्णय कार्यान्वयन नगर्न माग गरिएको छ। 'प्रहरी अनुसन्धानबाट स्पष्ट प्रमाण देखिएको अवस्थामा अनिवार्य रूपमा अभियोजन गरिनुपर्दछ। कानुनले कुनै पद वा ओहोदा चिन्दैन। अभियोजन गर्ने अधिकारको स्वेच्छाचारी एवं बदनियतपूर्ण ढंगले प्रयोग गर्न मिल्दैन। कानुनको असमान प्रयोग गर्न मिल्दैन,' रिटमा थप छ।

सरकारी वकिलले इमानदारी नदेखाएको र अभियोजनको अधिकारको स्वेच्छाचारी प्रयोग गरेको दाबी गरेका छन्। आफ्नो व्यावसायिक धर्मको निर्वाह नगरी दबाबमा परी उक्त निर्णय भएको दाबी उनको छ। 'यदि अनुसन्धानले पर्याप्त प्रमाण देखिन्छ भने अनिवार्य रूपमा अभियोजन हुनुपर्दछ। यस्तो स्थितिमा सरकारी वकिललाई मुद्दा नचलाउने सुविधा प्राप्त छैन। जस्तोसुकै परिस्थितिमा पनि सरकारी वकिलले व्यावसायिक धर्मको निर्वाह गर्नुपर्दछ,' रिटमा भनिएको छ, '...सार्वजनिक पद धारण गरेको व्यक्तिले अपराध कर्ममा प्रत्यक्ष सहभागिताको स्थितिमा राजनीतिक दबाबका आधारमा निजलाई उन्मुक्ति प्रदान गर्नु कदापि पनि स्वीकारयोग्य हुन सक्दैन। यसबाट न्याय पराजित भएको अवस्था छ।'

प्रहरीले तत्कालीन मन्त्री अधिकारीलाई समेत मुद्दा चलाउन सिफारिस गरेकोमा जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले प्रमाण नपुगेको भन्दै उनलाई उन्मुक्ति दिएको थियो। जुन निर्णयको चौतर्फी आलोचना भइरहेको छ। यसमा तानिएका ११ विरुद्ध भने प्रहरीले मुद्दा दर्ता गरेको छ।

तीन बिचौलिया जेल चलान

कोशी प्रदेशका तत्कालीन मन्त्री लीलाबल्लभ अधिकारी मुछिएको जापान मानव तस्करी मुद्दामा मुख्य तीन बिचौलिया जेल चलान भएका छन्। मानव तस्करी र लिखतसम्बन्धी कसुर गरेको भन्दै सोमबार दायर मुद्दामा न्यायाधीश बलराम लम्सालको इजलासले शुक्रबार थुनछेक आदेश सुनाउँदै प्रतिवादीहरूमध्ये तीनजनालाई थुनामा पठाएको छ। र, तीनजनासँग धरौटी मागको आदेश भएको छ। यसैगरी दुईजनालाई भने साधारण तारेखमा रिहा गरिएको जिल्ला अदालत काठमाडौंले जनाएको छ। यो मुद्दामा चार दिनदेखि हेर्दाहेर्दैमा राखेर थुनछेक बहस जारी थियो।

अदालतका सूचना अधिकारी मेलिस बाँस्कोटाले जुगल रिजाल, महेश पाण्डे र वीरबहादुर सुनुवारलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश



भएको बताए। उनीहरू तीनैजनालाई कारागार लगिएको छ भने कञ्चन देवकोटा, दावा शेर्पा र जनक राईसँग जनही ५०-५० हजार रुपैयाँ धरौटी माग भएको बाँस्कोटाले जानकारी दिए। उनीहरू तत्कालीन मन्त्री अधिकारीसँगै नक्कली सरकारी परिचयपत्र बनाएर जापान गएकोमा त्यहाँको अध्यागमनले शंकास्पद भ्रमण भन्दै फर्काइदिएको थियो। त्यस्तै, पक्राउ परेका गुडी राई र नवीन राईलाई भने अदालतले साधारण तारेखमा रिहा गरेको छ। उनीहरूले नक्कली सरकारी परिचयपत्र बनाएका थिए।

यो मुद्दाका मुख्य तीन बिचौलिया रहेका गोपाल भन्ने योगराज गौतम, दिवाकरबाबु भट्टराई र विष्णु भट्टराई फरार छन्। उनीहरूको नाममा शुक्रबार अदालतबाट पक्राउ पुर्जी जारी भएको छ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १५ मंसिर ०८१
nayapatrikaofficial @naya_patrika

हिमाल चढ्ने आमाहरू

समाजले भनिरह्यो- आमा भएर सगरमाथा चढ्ने होइन । तर, यी चार आमाहरूले सगरमाथा चुमिछाडे ।

हिमालतिर



● पवन बराइली

ओ याङ्जी नाना !
तिम्रो रिन्जी हिमाल चढ्दा
मच्यो भनी नसम्झ !
ऊ त तिम्रो चौंरीगोठमा
कुहिरोसँगै उड्दै-उड्दै
आइरहेछ

गायक तथा संगीतकार गणेश रसिकको यो गीत हिमालमा श्रीमान् गुमाएका महिलाप्रति समर्पित छ । गीतले हिमालमा श्रीमान् गुमाएकी याङ्जीलाई सान्त्वना दिन्छ । हिउँको दुनियाँमा पुरिएर अलप भएका श्रीमान् कुहिरोसँग उड्दै-उड्दै वनपाखा घरवरिपरि नै घुमिरहेका हुन्छन् भन्दै महिलालाई गीतले सान्त्वना दिएको छ । तर, गीतले भनेजस्तो श्रीमान् गुमाएका र श्रीमान् त्यागेका महिलाहरू पिर, सुर्ता मानेर बसेका छैनन् । केही त्यस्ता महिला पनि छन्, जो श्रीमान् अलप भएको हिउँका थुम्का चढ्दै सर्वोच्च शिखर सगरमाथामा पुगेका छन् र केही त्यस्ता सिंगल मदर पनि छन्, जसले सामाजिक बारबन्देज तोड्दै दुधे सन्तान छाडेर सगरमाथा आरोहण गरेका छन् । ४७ वसन्त हिँड्दै गरेकी फुरदिकी शेर्पा त्यस्तै एक महिला हुन्, जसको श्रीमान् हिउँ पहिरोमा पुरिएर सधैंका लागि अस्ताए । तर, फुरदिकी शोकमा डुबेर बसिनन् । श्रीमान् पुरिएको हिँउमाथि टेक्दैटेक्दै सगरमाथाको आरोहरण गरिन् ।



फुरदिकी



निमाडोमा



पासाङ ल्हामु



शर्मिला

■ फुरदिकीको हिम्मत

मंसिर महिनाको एक बिहान फुरदिकीलाई बौद्धमा भेट्दा उनी भर्खरै रक क्लाइम्बिङ सम्बन्धी तालिमबाट फर्किएकी थिइन् । क्यापेमा उनले कफी मगाइन् । सुरुमै भनिन्, 'हिमाल चढ्ने महिला अरू पनि छन् । तर, मेरो कथा बेग्लै छ । धेरै च्यालेन्ज फेस गरेर बाँचिरहेको छु ।'

फुरदिकीको १९ वर्षको उमेरमा सोलु बेनीका मिड्मा शेर्पासँग विवाह भयो । उनीहरूले नौ वर्षसम्म सोलुको छुद्दुमा चिया पसल चलाए । आम्दानी ठिकै थियो । फुरदिकीका बुबा आङनिमा शेर्पा सगरमाथाको आइसफल डाक्टर थिए । त्यसैले मिड्मा पनि ससुरासँग हिमाल जान थाले । श्रीमान् हिमालतिर जान थालेपछि फुरदिकीले सोलुको दिङबोचेमा होटल खोलेर बस्न थालिन् । तीन छोरीहरू पनि हुर्किरहेका थिए । यसरी नै उनीहरूको पाँचजनाको परिवार ठिकठाक चलिरहेकै थियो ।

सन् २०१२ अप्रिलमा फुरदिकीका बुबाको मृत्यु भयो । ससुरा बितेपछि मिड्मालाई हिमाल उक्लिन मन थिएन । तर, घरको आर्थिक अवस्थाले उनी सगरमाथामा बाटो बनाउने काममा जान बाध्य भए । २०१३ अप्रिल सुरुमा फुरदिकी पनि याक लिएर सगरमाथा बेसक्याम्प पुगेकी थिइन् । तर, त्यहाँ श्रीमान्सँग भेट भएन । अप्रिल ७ मा उनी बारीमा काम गर्दै थिइन् । आधार शिविरबाट खबर आयो, 'मिड्मा क्याम्प २ नजिकै हिउँ पहिरोमा पुरिए ।'

परिवारका दुई महत्त्वपूर्ण सदस्यले संसार छाडेपछि फुरदिकीको दुनियाँ उजाडियो । उनको आड्मा घाम लागेन । कसै गर्दा पनि उनले मन भुलाउने ठाउँ भेटिनन् । उनको अघि उभिएका अग्ला पहाड र हिमाल दुःख बोकेर अझै अग्ला भए । 'हामी दुईजना मिलेर छोरीहरूको भविष्यका लागि संघर्ष गरिहेका थियौं, उनी सम्झिन्छिन्, 'श्रीमान् बितेपछि घर धान्ने जिम्मा म मात्रैको भयो । धेरै दिन रोएर बिताएँ ।'

श्रीमान् बितेपछि फुरदिकीलाई गाउँमा बस्न मन लागेन । छोरीहरू च्यापेर काठमाडौं आईन् । तर, श्रीमान्को सम्झनाले सताइरह्यो । काठमाडौं उनका लागि सजिलो थिएन । उनका लागि काठमाडौंका गल्ली बिराना थिए । कामको खोजीमा धेरै ठाउँ भौंतारिइन् । तर, कतै काम पाइनन् ।

■ निमाडोमा भन्छिन्- रोएर बसिनँ

सोलुखुम्बु खुम्जुङकी निमाडोमा शेर्पा (४०) का बुबा हिमालमा काम गर्थे । हिमालबाट कमाएको पैसाले घर चलाउन, छोराछोरी पढाउन पुग्थ्यो । त्यसैले निमाडोमाले पनि कक्षा ९ सम्म पढ्न पाइन् । तर, निमाडोमाको ध्यान भने ट्रेकिङमा गयो, पढाइतिर गएन । उनको पढाइ रोकियो ।

खुम्जुङकै छिरिङ ओड्छुसँग सन् २००५ मा विवाह भयो । छिरिङ सगरमाथामा आरोहीलाई सघाउने काम गर्थे । विवाहपछि उनीहरूको छोराछोरी भयो । निमाडोमा खेतीपाती र घर सम्हालेर बस्न थालिन् ।

श्रीमान्को काम निकै जोखिम लाग्थ्यो, निमाडोमालाई । त्यसैले उनीहरूले क्याम्प दुईमै किचनको काम गर्ने सल्लाह गरे । सन् २०१४ छिरिङले किचनकै काम सुरु गरे ।

सगरमाथा बेसक्याम्प पुगेर माथितिर जानेवेलामा घरमा फोन गरे छिरिङले । उनले पालैपालो परिवारसँग कुराकानी गरे । अन्तिममा श्रीमती निमाडोमासँग भनेका थिए,'भोलि म एक महिनाका लागि क्याम दुईमा जाँदै छु । यसबिचमा कुरा हुन सक्दैन होला । म फर्किएपछि कुरा गरौंला । तिमीहरू राम्रोसँग बस्नू ।'

त्यसपछि छिरिङसँग कुरा हुन सकेन । भोलिपल्ट बिहान (२०१४ अप्रिल १८) निमाडोमा जंगलमा पत्कर र घाँस काट्न गइन् । श्रीमान् राम्रैसँग क्याम्प दुई पुगे होलान् भन्ने उनलाई लाग्यो । उनी दिउँसो १२ बजे घर आएर भारी मात्रै बिसाएकी थिइन् । सगरमाथामा ठुलो हिमपहिरो आएर शेर्पाहरू पुरिए भन्ने खबर सुनिन् । निमाडोमाले तुरुन्तै चारैतिर फोन लगाइन् । कसैले छिरिङ पनि पहिरोमा परे भनेनन् । केहीबेरमा त्यही हिमपहिरोमा छिरिङसहित १८ जना पुरिएको खबर पाइन् । त्यसपछि उनी अर्धचेत भइन् ।

दुई वर्षसम्म उनी श्रीमान्को सम्झनामा विक्षिप्त भइन् । त्यतिवेला छोरा ६ वर्ष र छोरी तीन वर्षको मात्रै थिए । एक वर्ष गाउँमै होटेल खोलेर बसिन् । तर, मन मानेन उनको । उनी २०१६ काठमाडौं आइन् । भन्छिन्, 'दुई वर्ष रोएरै बसें । कुनै काम गर्न सकिनँ । छोराछोरी सानै थिए । उनीहरूलाई खाना खुवाउनुपर्थ्यो । त्यसपछि एक वर्ष गाउँमै होटेल खोलेर बसें । तर, मन मानेन । छोरीछोरीको भविष्य सोचें । गाउँमा एकल महिलालाई हेर्ने दृष्टिकोण फरक पाएँ । बरु दुःख-सुख काठमाडौंमै बाँच्छु भनेर आएँ ।'

फुरदिकी र निमाडोमा बौद्धमा कोरा गर्ने वेलामा भेट भयो । दुवैको पीडा उस्तै । फुरदिकी भन्छिन्,'हामी कति दिन त भेट भयो कि त रुन थालिहाल्थ्यौं । सधैं रोएर मात्रै हुँदैन । हामी पनि केही गर्न सक्छौं, भनेर सोच्न थाल्यौं ।'

सन् २०१७ को कुरा हो । फुरदिकीको पर्वतारोही आङछिरिङ लामा (आङदाइ)सँग भेट भयो । उनले फुरदिकीलाई सगरमाथा चढ्ने साहस दिए । उनले सगरमाथा चढ्ने प्रक्रिया बताउने मात्रै होइन, चढाउने प्रतिबद्धता पनि गरे । उनी भन्छिन्,'श्रीमान्को एकपटक जसरी पनि सगरमाथा चढ्ने सपना थियो । तर, उसको सपना पूरा हुन सकेन । श्रीमान्को सपना अब मेरो पनि सपना बन्यो र जसरी भए पनि सगरमाथा चढेरै छाड्ने सोच बनाउन थालें ।'

निमाडोमा थप्छिन्,'२०१७ मा एकल महिलाको सम्मान गर्ने कार्यक्रममा जाने अवसर पाएँ । त्यहाँ २५-३० जना एकल महिलासँग भेट भयो । उनीहरू सबैका श्रीमान् हिमाल हिमपहिरोमा परेको पाएँ । म मात्रै एकल महिला होइन रहेछु । मजस्ता अरू पनि रहेछन् भन्ने सोच आयो । त्यसपछि आफूलाई बलियो बनाउन थालें । हिम्मत हार्नुहुँदैन भन्ने लाग्यो । सधैं रोएर बस्नुहुँदैन भन्ने लाग्यो ।'

उनीहरू सगरमाथा आरोहणमा कस्सिए । त्यसपछि उनीहरू दुवैजना कहिले आर्थिक सहयोग जुटाउन दौडिए । फुरदिकी र निमाडोमाले सगरमाथा पर्वतारोहणसम्बन्धी आधारभूत तालिम लिए । त्यसपछि उनीहरूले आइसल्यान्ड पिक चढे । त्यसपछि सगरमाथा आरोहणका लागि कम्मर कसिन् । फुरदिकी र निमाडोमाले 'टु विडोज वुमन एक्सपिडिसन' नाम दिएर अभियान थाले । अन्ततः उनीहरूले पहिलो प्रयासमै २०१९ मे २० मा सगरमाथाको शिखर चुमे । तर, फुरदिकीको जीवनमा दुःखको सगरमाथा अगाडि ठडिरह्यो । भन्छिन्,'जीवनमा चुनौती धेरै आए । सानै उमेरमा विवाह गरैं । बालबच्चा पनि भए । मेरो बुढाको पनि पढाइलेखाइ थिएन । मैले पनि स्कुल टेक्न पाइनँ । मेरा सुखको दिन कहिल्यै आएनन् ।'

अहिले उनीहरू पर्वतारोहण क्षेत्रमै काम गरिरहेका छन् । फुरदिकी र निमाडोमा अनेक हन्डर र ठक्कर खाँदै साहसको पर्याय बनेका छन् । निमाडोमा भन्छिन्, 'हिमाल पुरुषहरू मात्रै जाने हो, पुरुषहरू भएको ठाउँमा महिला जानुहुँदैन भन्ने आमबुझाइ छ । फन् एकल महिलाका लागि यस्तो कुरा झेल्न निकै गाह्रो छ । महिला घरको चुलोचौका र बालबच्चा मात्रै हेरेर बस्नुपर्छ भन्ने सोचाइ छ । तर, हामी घरको काम मात्रै गर्दैनौं बाहिरको काम पनि गर्न सक्छौं ।'

■ पासाङ ल्हामुले चुमेको शिखर

सोलुखुम्बु पासाङ ल्हामु गाउँपालिका- १ की पासाङ ल्हामु शेर्पाको कक्षा ११ पढ्दापढ्दै जबर्जस्ती बिहे भयो । विवाह हुँदा उनी भर्खर १९ वर्षकी थिइन् । बिहेपछि श्रीमान् ट्रेकिङमा जान थाले । पासाङले पढाइलाई नै निरन्तरता दिइरहिन् । उनले कक्षा १२ पास गरिन् । त्यही वेला छोरी जन्मिइन् । त्यसपछि पढाइमा 'ब्रेक' लाग्यो ।

पासाङका श्रीमान् विदेशका हिमालमा पनि ट्रेकिङमा जान्थे । त्यसैले अधिकांश समय श्रीमान् देशबाहिर हुन्थे । पासाङ छोरीहरू हुर्काउँने काममै सीमित हुन थालिन् । पासाङले अझै पढ्छु भन्दा श्रीमान्ले भन्थे, 'महिलाले घरमै बस्नुपर्छ ।' पासाङका सपना खुम्चिँदै जान थाले । उनको हरेक सपनामा श्रीमान् अवरोध बने । यही विषयमा दुईजनाबिच झगडा भइरहन्थ्यो । पासाङलाई कहिल्यै गृहिणी मात्रै भएर बस्न मन थिएन । महिला भएर समाजमा काम गरेर देखाउन मन लाग्थ्यो ।

> श्रीमान् गुमाएका र श्रीमान् त्यागेका महिलाहरू पिर, सुर्ता मानेर बसेका छैनन् । केही त्यस्ता महिला पनि छन्, जो श्रीमान् अलप भएको हिउँका थुम्का चढ्दै सर्वोच्च शिखर सगरमाथामा पुगेका छन् र केही त्यस्ता 'सिंगल मदर' पनि छन्, जसले सामाजिक बारबन्देज तोड्दै दुधे सन्तान घरमै छाडेर सगरमाथा आरोहण गरेका छन् ।

तर, उनको यो विचार श्रीमान्ले फिटिक्कै मन पराएनन् ।

हिमाल चढेर आएपछि पासाङका श्रीमान्ले बेग्लै सान देखाउँथे । उनको फुर्ती, स्वाफ छोइनसक्नु हुन्थ्यो । पासाङले 'म पनि सगरमाथा चढ्छु' भन्दा 'आइमाई भएर हिमाल चढ्ने होइन' भन्थे । यसरी बेमेलमै चलेको वैवाहिक सम्बन्धको बन्धन १८ वर्षपछि छिन्यो । पासाङले सहने नसक्ने भएपछि अलग हुने निर्णयमा पुगिन् । अलग भएपछि जसरी भए पनि सगरमाथा चढेरै छाड्ने सपना सजाउन थालिन् ।

उमेरले ४० टेक्दै थियो । एकातिर छोरीहरूलाई कलेज पढाउनुपर्ने, अर्कोतिर श्रीमान्बाट अलग, त्यसमाथि सगरमाथा चढ्ने सपना, र थपियो समाजलाई सगरमाथा चढेरै देखाउने दृढ संकल्प, पासाङका झनै अप्ठ्यारा दिन सुरु भए । तर, उनले हिम्मत हारिनन् । उनलाई घरका दाजुभाइले साथ दिए । भन्छिन्, 'महिला गृहिणी मात्रै होइन, पुरुषसरह काम गर्न सक्छन् भनेर प्रमाणित गर्न पनि सगरमाथा चढ्नैपर्छ भन्ने सोचें ।'

नेपाल पर्वतारोहण संघको पर्वतारोहण तालिम पहिले नै लिइसकेकी थिइन् । पासाङले दोलखाको ६ हजारभन्दा माथिको 'राम्दुङ पिक' चढिसकेकी थिइन् । सगरमाथा चढ्ने तयारीमा जुटिन् । उनले आर्थिक संकलनका लागि अभियान सुरु गरिन् । भन्छिन्, 'त्यसवेला मेरो अभियानमा दाजुभाइ र चिनेजानको मान्छेबाट ठुलो सहयोग पाएँ । मलाई विश्वास गरैं । त्यसपछि मलाई हिम्मत जुट्यो ।'

पासाङलाई मानसिक रूपमा निकै ठुलो तनाव थियो । श्रीमान्सँग कानुनी रूपमा अलग हुन बाँकी थियो । अदालतमा मुद्दा चलिरहेको थियो । श्रीमान्ले सगरमाथा चढ्ने बाटो बन्द गर्न खोजे । पासाङलाई श्रीमान्ले विभिन्न धम्की दिइरहे । तर, पासाङ आफ्नो लक्ष्यमा अडिग भइन् । भन्छिन्, 'मलाई सगरमाथाको यात्रा रोक्ने प्रयास भयो । तर, सबै कुरा बिर्सिएँ । सगरमाथाको चुचुरोमा पुगेर फर्किन्छु भन्ने अठोट लिएँ । चुचुरोमा पुगेर सकुसल फर्किन्छु भनेर आफ्नो बाटो हिँडिरहें ।'

साना छोरीहरू छाडेर सगरमाथाको यात्रामा निस्किँदा पासाङलाई धेरैले पागलको संज्ञा दिए । तर, उनलाई त्यो कुरा सामान्य नै लाग्यो । सफलता प्राप्तिका लागि पागलपन आवश्यक छ भन्ने उनलाई थाहा थियो । अन्ततः पासाङले सन् २०१८ मे १६ मा सगरमाथाको सफल आरोहण गरिन् । अहिले पासाङ पथप्रदर्शकको काम गर्छिन् । सगरमाथा आरोहणपछि अरू पनि हिमाल चढ्न मन लाग्यो । तर, इच्छाले मात्रै नहुने उनले ठानिन् । भन्छिन्, 'रहर धेरै थिए । तर, के गर्नु बाध्यता थिए र छन् । छोरीहरू हुर्काउनुपर्ने जिम्मेवारी पनि छ । तर, सिजनमा ६ हजार उचाइका पिकहरूचाहिँ गइरहन्छु ।'

■ शर्मिलाको साहस

काभ्रे रोशी-११ की शर्मिला स्याङतानको हिमालसँग खास साइनो थिएन । उनले बचपनमा देखेका पडाङ थिए, तेमाल, महाभारत अनि सैलुङ । फुर्तिलो ज्यान, मिहिनेती बानी । हिँड्न, दौडिन अल्छी नमान्ने । सन् २००९ मा शर्मिला १७ वर्षकी मात्रै थिइन् । ११ कक्षा पढ्दै थिइन् । उनका मामाका छोरा ट्रेकिङ जान्थे ।

एक दिन बाटोमा अचानक भेटिएका मामाका छोरालाई शर्मिलाले भनिन्, 'मलाई पनि ट्रेकिङमा लैजाने दाइ ?' जवाफ आयो, 'एकजना मान्छे चाहिएको छ । जाने भए हिँड ।' यसरी ख्यालख्यालमै सुरु भयो, शर्मिलाको हिमालसँग साइनो ।

शर्मिला घर नगई दाइसँगै काठमाडौं आइन् । भोलिपल्ट बिहान ५ बजे सुन्दरीजलबाट गोसाइँकुण्डसम्मको यात्रा सुरु भयो । गोसाइँकुण्ड पुग्दा सूर्य पिक चढ्न हिँडेका बंगलादेशी श्रीमान्-श्रीमतीसँग भेट भयो । श्रीमतीलाई लेक लागेर जान नसक्ने भइन् । शर्मिलालाई गाइडले सहयोगीको रूपमा सूर्य पिक चढ्ने भए जाऊँ भनेर आग्रह गरे । त्यसपछि उनी लागिन् सूर्य पिकतिर ।

सूर्य पिक चढेर दुई हप्तापछि काठमाडौं फर्किइन् । सूर्य पिकपछि शर्मिलाले अझै अग्लो हिमाल चढ्ने सपना सजाउन थालिन् । तर, समयले अर्को मोड लियो । कक्षा १२ पढ्दै गर्दा २१ वर्षको उमेरमा उनको बिहे भयो । विवाहपछि सपना चुम्ने कठिन बाटो छोटिएला भन्ने उनको आशा थियो । तर, भइदियो उल्टो ।

विवाह गरेको दुई वर्षपछि छोरा जन्मिए । अब श्रीमान्ले हिमाल चढ्ने होइन, पैसा कमाउन विदेश जाऊ भन्न थाले । अब सुरु भए, शर्मिलाका कठिन दिनहरू । पासाङको जस्तै उनले पनि उही शब्द सुन्नुपऱ्यो, 'आइमाई भएर हिमाल चढ्ने होइन, घर सम्माल्ने हो ।' तर, निडर स्वभावकी शर्मिलाभित्र जसरी पनि सगरमाथा चढेर छाड्ने सपना झन्-झन् मौलाउँदै गयो ।

श्रीमान्सँग शर्मिलाको मनमुटाव बढ्दै गयो । झगडा दिनहुँ पर्न थाल्यो । एकातिर दुधे बच्चा, अर्कोतिर श्रीमान्ले दिने टर्चर । सहरको गुमनाम ढोकामा न हात दिने कोही, न ढाडस दिने कोही । शर्मिला डिप्रेसनकी सिकार भइन् । संसार अँध्यारो देखिन् । आशाका दियो कहीँकतै धिपधिपाएको देखिनन् । निराश थकित शर्मिलाले एक साँझ साह्रै अप्रिय निर्णय लिइन् । त्यो थियो, बच्चा र आफू दुवैले विष पिएर आत्महत्या गर्ने ।

पर्यटन विभागको तथ्यांकअनुसार डिसेम्बर २०२३ सम्म ६४१ जना महिलाले सगरमाथाको सफल आरोहण गरिसकेका छन् । त्यसमध्ये पहिलोपटक सफल आरोहण गर्ने पासाङ ल्हामु शेर्पासहित ६५ जना नेपाली महिला सगरमाथाको शिखरमा पुगेका छन् । ६५ मध्येका यी चार जोधाहा पर्वतारोही महिला समाजका प्रतिनिधि पात्र हुन् ।

पसलबाट विष किनेर ल्याइन् । दुध पिउने बट्टामा विष घोलिन् । अर्को कचौरामा आफ्नो लागि तयार पारिन् । त्यसपछि बच्चालाई विष पिलाउन तयार भइन् । तर, झसंग भइन् । शर्मिला त्यो अप्रिय समय सम्झिँदै भावुक हुँदै भन्छिन्, 'झल्यास्स ब्युँझिएजस्तो भएँ । सोचें, बच्चाको इम्युनिटी पावर कम हुन्छ । थोरै विष पनि बच्चाका लागि पर्याप्त हुन्छ । तर, मचाहिँ मर्न सकिनँ भने ? त्यसपछि मैले हातमा भएको विष तुरुन्तै फालें, बच्चालाई काखीमा च्यापें ।'

मृत्युको मुखबाट फर्केपछि शर्मिलाको साहसिक यात्रा सुरु भयो । उनले सोच्न थालिन्, यस्तो हालतमा मलाई त्यो लोग्ने भन्नेले पुऱ्याएको हो, म किन मर्ने ? अब शर्मिलाले श्रीमान्सँग अलग हुने निर्णय लिइन् । भन्छिन्, 'आत्महत्याको बाटोबाट फर्किएपछि आफूलाई बलियो बनाउँदै लगें । मेरा बहिनीहरू (पूर्णिमा, उर्मिला)ले निकै ठुलो साथ दिए ।'

शर्मिलाका श्रीमान् सम्पर्कविहीन भए । जिम्मेवारीबाट पन्छिए । बालख छोरा च्यापेर चिया पसल सुरु गरिन् । चिया पसलमा हिमाल चढेर आएका शेर्पा आउँथे । शेर्पाहरूसँग चिनाजान बढ्न थाल्यो । एकजना शेर्पाले एक दिन शर्मिलालाई उनको रुचिबारे सोधे । शर्मिलाले वर्षौं दबिएर बसेको सपना सुनाइन्, 'सगरमाथा चढ्ने ।' ती शेर्पाले शर्मिलालाई हौसला दिए । सगरमाथा चढ्ने प्रक्रिया बताइदिए ।

काखमा बच्चा बोकेर शर्मिलाले पर्वतारोहणको तालिम लिइन् । 'आमा भएर पनि समाजमा केही गर्नुपर्छ भन्ने सोच आइरहन्थ्यो । आफूजस्ता महिलामा जागरण ल्याउनु थियो,' उनी भन्छिन् । तालिम लिइरहँदा पनि महिलाले हिमाल चढ्न सक्दैनन् भन्दै धेरैले निरुत्साहित बनाए । तर, उनी विचलित भइनन् ।

तालिम त लिइन्, तर अब समस्या भयो पैसाको । शर्मिलाले सामाजिक सञ्जालमार्फत फन्डिङका लागि अभियान चलाइन् । नजिकका साथीले उनलाई आर्थिक सहयोग गरे । उनले २४ लाख खर्च जुटाइन् । त्यसपछि १३ महिनाको छोरा छाडेर सगरमाथाको शिखरतिरको यात्रामा निस्किइन् । उनी भन्छिन्, 'दुई वर्षसम्म आनन्दले सुतेको कुनै रात थिएन । बच्चालाई ज्वरो आउँदा पनि छाडेर हिँडें । जसरी भए पनि उद्देश्य पूरा गर्नु थियो ।' निकै कठिन संघर्षपश्चात् शर्मिलाले सन् २०१९ मे २१ को बिहान ७:५३ बजे सगरमाथाको चुचुरोमा पाइला टेकिन् ।

सगरमाथा चुमेपछि शर्मिलाको पाइला रोकिएन । त्यसपछि युरोपकै अग्लो एलब्रु हिमालको आरोहण गरिन् । आठ हजार मिटरमाथिका मनास्लु, अन्नपूर्ण, ल्होत्से हिमाल आरोहण गरेपछि उनको सपनाको आयतन विस्तार भयो । आठ हजार मिटरमाथिका संसारका अग्ला १४ हिमाल चढ्ने योजना बनाइन् । हिमाल चढेर उनी दुनियाँलाई भन्न चाहन्छिन्, 'महिलाहरू पनि पुरुषभन्दा कम छैनन् । महिलाहरू आर्थिक रूपमा आत्मनिर्भर हुनुपर्छ ।' १४ हिमाल चढ्ने उनको योजना जारी छ । अहिले शर्मिलाले बौद्धमा क्याफे खोलेकी छिन् । 'क्याफे इपिक' नाम दिएको उनको व्यवसायबाट उनी मात्रै बाँचिरहेकी छैनन्, महिलाहरूलाई निःशुल्क कफी बनाउने तालिम पनि दिइरहेकी छिन् । उनको क्याफेबाट ३२ जना महिलाले बारिष्ठा कफी बनाउने तालिम लिइसकेका छन् । उनीहरू देश तथा विदेशमा आत्मनिर्भर भएका छन् । शर्मिला सुनाउँछिन्, 'निरन्तर संघर्षकै कारण आज म यहाँ आइपुगेको छु । पुरुषप्रधान समाजमा महिलाले हन्डर त खानैपर्छ । तर, हिम्मत हार्नु नहुने रहेछ । हिम्मत जुटाएर अघि बढ्यो भने समाजमा महिलाले नसक्ने केही छैन ।'

०००

पर्यटन विभागको तथ्यांकअनुसार डिसेम्बर २०२३ सम्म ६४१ जना महिलाले सगरमाथाको सफल आरोहण गरिसकेका छन् । त्यसमध्ये पहिलोपटक सफल आरोहण गर्ने पासाङ ल्हामु शेर्पासहित ६५ जना नेपाली महिलाले सगरमाथाको शिखरमा पाइला टेकिसकेका छन् । ६५ मध्येका यी तीन पर्वतारोही महिला समाजका प्रतिनिधि पात्र हुन् । महिला पर्वतारोहीको हिम्मतले पितृसत्तात्मक समाजलाई भनिरहेको छ, 'महिलालाई कमजोर नसोच ।'

‘एजेन्ट अफ ह्याम्पिनेस’मा खुसीको लेखाजोखा



सिनेमा

• अन्वेषण अधिकारी

गत जनवरीमा अमेरिकाको प्रतिष्ठित सन डान्स फिल्म फेस्टिभलमा प्रिमियर गरिएको वृत्तचित्र ‘एजेन्ट अफ ह्याम्पिनेश’ लाई नेपालमा फिल्म साउथ एसियाको ओपनिङ फिल्मका रुपमा प्रदर्शन गरियो। विश्वकै खुसी जनताहरूको देश भनेर चिनिएको भूटानको ग्राउन्ड रियालिटीलाई निर्देशकद्वय अरुण भट्टराई र डोरोट्या जुर्बोले यसमा प्रस्तुत गरेका छन्।

पहाडी भूभाग भएको भुटान विश्वकै खुसी नागरिक भएको देशमा पर्छ। तथ्यांकले यहाँका बहुसंख्यक जनता खुसी भएको देखाउँछ। ‘कुल राष्ट्रिय खुसी’ (जिएनएच) भुटानका अवकाश प्राप्त राजा जिग्मे सिंगे वाङचुकले १९७० को अन्त्यतिर ल्याएको अवधारणा हो। कुल गार्हस्थ्य उत्पादनको दाँजोमा कुल राष्ट्रिय खुसी महत्त्वपूर्ण हुने उनको जिकिर रहँदै आएको छ। सन् २००६ मा उनले गद्दी छाडेयता छोरा जिग्मे खेसर नाम्याल राजा छन्। उनी आफ्ना बाबुको मान्यतामा अडिग छन्।

भुटानको संविधानमै लेखिएको छ, ‘स्वतन्त्रता, न्याय, एकता, शान्ति र जनताको भलो खुसी हो।’ धारा ९ को उपधारा २ मा लेखिएको छ, ‘राज्यले त्यस्तो अवस्था प्रवर्द्धन गनुपर्नेछ, जसले सकल राष्ट्रिय खुसीको खोजलाई संभव बनाओस्।’

> सुन्दर फाँट, अग्ला पहाड, विशाल गुम्बा र कञ्चन नदीसँगै कथा बगिरहेको छ। यो परिदृश्यले भन्छ, प्रकृतिसँग मानिसलाई खुसी दिने अथाह स्रोत छ। प्रकृतिमा अध्यात्म जोडिएकाले भुटानको जनजीवन थप सुन्दर छ।

यहाँ सरकारले बर्सेनि ‘कुल राष्ट्रिय खुसी’बारे सर्भे गर्छ। अंकका आधारमा खुसी निर्धारण गरिन्छ। यसका लागि सर्भेयरहरू जनताका घरदैलामा खटाइन्छ। मानसिक अवस्था, स्वास्थ्य, समयको सही प्रयोग, शिक्षा, सांस्कृतिक विविधता, धैर्यता, अध्यात्म, सुशासन, समुदायमा आपसी सहयोग, पर्यावरणीय विविधता, जीवनस्तरलगायत विविध सूचकांकमा अध्ययन गरेर अंक दिइन्छ। यस सर्भेकै आधारमा भुटानको नीति बन्छ।

निर्देशकद्वय अरुण भट्टराई र डोरोट्या जुबोको वृत्तचित्र ‘एजेन्ट अफ ह्याम्पिनेस’ले सर्भे गर्न हिँडेका दुई एजेन्ट अम्बरकुमार गुरुङ र गुणराज कुइँकेलको यात्रालाई क्यामेरामा कैद गरेको छ। सुन्दर फाँट, अग्ला पहाड, विशाल गुम्बा र कञ्चन नदीसँगै कथा बगिरहेको छ। यो परिदृश्यले भन्छ, प्रकृतिसँग मानिसलाई खुसी दिने अथाह स्रोत छ। प्रकृतिमा अध्यात्म जोडिएकाले भुटानको जनजीवन थप सुन्दर छ।

तर, सर्भेयर अम्बर आफैँ वेलावेला बेखुस हुन्छन्। साथी गुणराजलाई अम्बर भन्छन्, ‘सहरको तनावभन्दा गाउँले जीवन कहाँ हो कहाँ खुसी छ।’ खुसीसाथ उनीहरू आमनागरिकको खुसीको स्तर मापन गर्न लागेका हुन्छन्, उनीहरूलाई सरकारले कुल १४८ प्रश्नको जवाफ खोज्ने जिम्मा दिएको छ। घरदैलोमा पुगेर सोध्छन्- कतिवटा ट्र्याक्टर छ ? कति भेडा छन् ? छिमेकीप्रति भरोसा गर्नुहुन्छ ? ध्यान कत्तिको गर्नुहुन्छ ? अन्तिमपटक कहिले रुनुभएको थियो ? धेरै खुसी कहिले हुनुभयो ? यी र यस्तै प्रश्न सरकारले उनीहरूका हातमा थमाइदिएको छ। प्रश्नको जवाफ हेरेर शून्यदेखि १० अंकसम्म दिन सकिन्छ।

खुसीका कारण अनेक छन्। अंकमा यसलाई मापन गर्ने प्रक्रिया आफैँमा जटिल छ। एक वृद्ध आफ्नो घरको भकारी भरिएकाले खुसी छन्। भन्छन्, ‘मेरो भकारीमा भएका धानको संख्याजत्तिकै खुसी छु।’ अम्बर र गुणराजले उनलाई १० मा सात अंक दिन्छन्।

एक किशोरी आफ्नो घरायसी संघर्षले विद्यालय छोड्न बाध्य छिन्। सानैदेखि उनी बाबुले आमालाई पिटेको हेरेर हुर्किइन्। अचानक बाबु गायब भए। दिदी सम्बन्धविच्छेद गरेर घरमै आएर बसेकी छिन्। आमा रक्सी धोकैरै मर्छिन् भन्ने त्रासले उनलाई सताउँछ। घरीघरी आश्चर्य पनि लाग्छ, यो खुसीको भूमिमा म आत्मैदेखि किन दुःखी छ ? अम्बर र गुणराजले उनलाई १० मा चार अंक दिएका छन्।

एक पुरुष तीन श्रीमती र ११ छोराछोरीका धनी छन्। उनले आफ्नो खुसीको वर्णन गरिरहँदा छेवैमा रहेका तीनमध्ये एक पत्नीले आँसु लुकाउन सक्दिनन्। तीनवटै पत्नी दिदीबहिनी जसरी मिलेर बसेका छन्। उनीहरू आपसमा कुराकानी गर्दा श्रीमान्का प्रसंग झिकेर ठट्टा गर्छन्। ती श्रीमान्ले कहिल्यै आफ्ना प्रेमिकाबारे ढाँटेनन्। अब त उनको भुँडी ठुलो भयो। अध्यात्ममा लागेका छन्। उनी निकै खुसी देखिन्छन्। अरूलाई सहयोग गरेको बदलामा आफूलाई पनि अथाह खुसी मिलेको बताउँछन्। त्यसैले, उनलाई १० मा १० अंक दिइएको छ।

अरूका खुसी मापन गर्दै हिँड्ने अम्बरले यही काममा खटिएका साथी गुणराजलाई यात्रा अवधिभर आफ्ना दुःख सुनाइरहेका हुन्छन्। सबैभन्दा ठुलो दुःख नागरिकताको छ। ९० को दशकमा चलेको नेपालीभाषीको आन्दोलनको मार उनको परिवारले खेप्यो। हुन त भाषाबाहेक नेपाली संस्कृतिको कुनै प्रभाव अम्बर र गुणराजमा बाँकी देखिन्न। तर, सरकारी नीतिको समर्थन गरे पनि नेपालीभाषी भएकाले सन्देहको घेरामा छन्। यद्यपि, राजा र देशप्रति बफादार भएकाले आफ्नो नागरिकता बन्ने आस कायम छ।

अर्की महिला छिन्। उनी डान्सबारमा नतर्की हुन्। लैंगिक पहिचानबारे समाजले के सोच्ला भनेर चिन्ता उनकी आमाले गर्छिन्। तर, ती आमा क्यान्सरले प्रताडित छिन्। उनीभित्र छट्पटी, चिन्ता र निराशा छ। अम्बर र गुणराजले उनलाई सबैभन्दा थोरै तीन अंक दिएका छन्।

वृत्तचित्रले बहुसंख्यक जनताको खुसीको कथासँगै अल्पसंख्यकले भोगेका चुनौतीलाई पनि उजागर गरेको छ। यसले भुटानको विविधतालाई पनि प्रस्तुत गरेको छ। त्यससँगै संकटमा आशावादी रहन सक्ने भुटानीको चरित्र पनि प्रस्तुत गर्छ।

ऐतिहासिक थलो १२ सय पल्टन पुग्दा...

दोलखाको विगु गाउँपालिका- १ लामाबगरस्थित हिमालको फेदी पर्दछ थोबोडाँडा। यो ठाउँलाई १२ सय पल्टन पनि भनिन्छ। ऐतिहासिक र पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण स्थलको रूपमा परिचित छ यो ठाउँ। इतिहासकारहरूका अनुसार यस ठाउँमा विसं १२१८ ताका नेपाली सैनिक र तिब्बती सैनिकबिच लडाइँ भएको थियो। नेपाली सैनिकले तिब्बती सैनिकलाई तर्साउन एकै रातमा १२ सय वटा ढुंगा ठड्याएर त्यसमाथि सेनाको कपडा र ह्याट लगाइदिएर सेनाजस्तै बनाएको जनश्रुति छ। नेपाली सैनिकसँग पर्याप्त हातहतियार र जनशक्ति नभएकै कारण विभिन्न उपाय अपनाएका थिए। स्थानीयका अनुसार त्यसैले नेपाली सैनिकले यस खालको जुक्ति अपनाएको थियो।

यिनै इतिहासलाई पछ्याउन चरिकोटबाट पत्रकार अर्जुन पाख्रीनको साथमा मोटरसाइकलबाट सिंगटी बजारमा पुग्यौँ। सिंगटीमा गौरीशंकर संरक्षण क्षेत्र आयोजनाका याडटी शेर्पाले कफिले स्वागत गर्नुभयो र थोबोडाँडाको बारेमा थप जानकारी दिनुभयो। त्यसपछि हामी बुलुङतर्फ हुइँकियौँ। बुलुङमा वडाध्यक्ष ढालबहादुर तामाङको घरमा वास बस्यौँ। वडाध्यक्ष तामाङले थोबोडाँडाबारे केही ऐतिहासिक पाटो खोतल्नुभयो। भोलिपल्ट बिहान उहाँले त्यस क्षेत्रका जानकार लोर्के तामाङलाई हामीलाई गाइड गर्न जिम्मा दिनुभयो।

तीन दिनलाई पुग्ने ड्राइफुड, बन्दोबस्तीको झोला बोकेर बिहान ७ बजेतिर उकालो लाग्यौँ। अन्त्यन्तै मनोरम प्राकृतिक दृश्य हेर्दै, लोर्के दाइको कुरा सुन्दै उकालो हिँडिरह्यौँ। लोर्के दाइलाई डाँडाकाँडा र भिरपाखा मात्र होइन, पाइला-पाइलामा रहेका ढुंगा, माटो, वनजंगलको बारेमा समेत मसिनो जानकारी थियो। उहाँले मकैको सातु, मोही र कोदोको तीनपाने पनि बोक्नुभएको रहेछ। चौँरी र भेडी गोठमा थकाइ मार्दै, लोर्के दाइको कुरा सुन्दै उकालो हिँडिरह्यौँ।

बिहान ७ बजे बुलुङबाट हिँडेपछि गङनाम्सा, धोर्जा नाम्सा, बुलुङखानी, पोमडाँडा हुँदै खास्टरमा वास बस्न पुग्दा बेलुकीको ५ बजेको थियो। बर्खामा चौँरीगोठ राख्ने खर्कमा हाम्रो वास भयो। वासको व्यवस्था गर्दागर्दै बेलुकीपखको गौरीशंकरको दृश्यले मन लोभ्यायो। बादलसँग लुकामारी गर्दै गौरीशंकरले हामीलाई घण्टौँसम्म जिस्काइरहेझैँ लाग्यो।

अघिल्लो दिन बिहान सबैरै हिँड्ने योजना बनाएका थियौँ। तर, बिहानीपख तिनै गौरीशंकरले पुनः घण्टौँसम्म अलमल्यायो। जत्ति अघि बढ्यो उत्तिनै नयाँनयाँ दृश्यले समय धेरै बित्यो। ठुल्ठुला भिर छिचोल्दै तीन घण्टाको हिँडाइपछि थोबोडाँडा पुग्यौँ। यहाँ पुग्नेबित्तिकै सबै थकाइ, भोक, प्यास मेटियो। फोटो खिच्ने धुनमा उकालो-ओरालो हिँडेको पनि बिर्सियौँ। साँच्चिकै १२ सय पल्टन भेटेको महसुस भयो। नेपाली सैनिकले तिब्बती सैनिकलाई लखेटेको इतिहास जीवितै लाग्यो। तर, लिखित रूपमा इतिहास कहीँ छैन। इतिहासलाई जीवित पार्नका लागि यस ठाउँ नै पर्याप्त थियो। त्यसपछि नजिकै रहेको च्छोदर पोखरी घुम्यौँ। च्छोदोर्मो मेमेको नामले परिचित रहेछ च्छोदर पोखरी। यो पोखरी हिउँद, बर्खायाममा न सुक्छ न बढ्छ। च्छोदर पोखरीलाई धार्मिक र ऐतिहासिक पोखरी मानिन्छ। तामाङहरूको पाख्रीन थरको च्छोदोर्मो म्हेमेको इतिहाससँग जोडिएको मानिन्छ यो पोखरी।

इतिहासकारहरूले कतै-कतै १२ सय पल्टन ठाउँको बारेमा उल्लेख गरेका छन्। प्रतिनिधिसभाका एकाध सांसदहरूले यस ठाउँको संरक्षण र प्रवर्द्धनका लागि आवाज उठाए पनि यो क्षेत्र सबैको चासोमा पर्न सकेको छैन। यस क्षेत्रको विस्तृत अध्ययन गरी संरक्षण र प्रवर्द्धन गरिन आवश्यक छ।

फोटो कथा




• जीवन लामा









१५ मंसिर (शनिबार)
२१ मंसिर (शुक्रबार)

साप्ताहिक राशिफल



• सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्। मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको आरम्भमा सोचेजस्तै सफलता मिल्नेछ। आफ्नो प्रतिभा अरूलाई देखाउन सकिनेछ। प्रतिस्पर्धीहरूलाई सजिलै पछि पार्न सकिने योग छ। वैदेशिक भ्रमणका अवसर मिल्नेछन्। स्थानान्तरणको योग बनेकाले स्थान परिवर्तन गर्दा शुभ हुनेछ। नयाँ पारिवारिक सम्बन्धले परिवारमा खुसियाली छाउनेछ। साताको अन्त्यमा धन खर्चको योग रहेको छ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

पेटको खराबीले स्वास्थ्य भने कमजोर रहनेछ। प्रेमको बन्धन कसिने योग छ। दाम्पत्य जीवन सुखद तथा समृद्ध बन्नेछ। बुधबारदेखि नयाँ योजना समयमै पूरा हुनेछन्। सम्बन्धमा केही असजिलो परिस्थिति बन्ने देखिन्छ। वैदेशिक यात्रामा सोचेअनुसार सफलता मिल्नेछ। साताको अन्त्यमा उठ्नुपर्ने रकम सहजै उठ्नेछ। भाग्यको साथ पूर्ण रूपमा मिल्नेछ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

प्रशस्त धन आर्जन गर्ने मौका छ। पराक्रम र उत्साह बढ्नेछ। उद्योग र व्यापारमा विशेष फाइदाको योग छ। धार्मिक तथा सामाजिक क्षेत्रमा सहयोगको भावना जागृत हुनेछ। मनोरञ्जनपूर्ण वातावरण बन्नाले शान्तिको अनुभूति हुनेछ। लगानीका क्षेत्रहरूबाट केही अप्रत्याशित नतिजाले खिन्नता बढ्नेछ। रोकिएका कानुनी बाधा-अड्चन हट्दै जानेछ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

भेटघाटले परिवारमा खुसियाली छाउनेछ। विशिष्ट व्यक्तित्वहरूसँगको सहकार्यमा अधुरा काम सम्पन्न हुनेछन्। उद्योग तथा व्यवसायमा लगानी गर्नका लागि सोचेअनुसार सफलता मिल्नेछ। यात्रामा सफलता मिल्नेछ। साथीहरूले सोचेअनुसार साथ र सहयोग दिनेछन्। धार्मिक कार्यमा मन जानेछ। भाग्य बलियो हुनाले रोकिएका काम बन्न थाल्नेछन्।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

घरायसी सम्बन्ध राम्रै रहनेछ। व्यावसायिक र सामाजिक सम्बन्ध सुदृढ हुनेछ, अध्ययन-अध्यापन एवं लेखनका क्षेत्रमा बाधा रहनेछ। प्रेमसम्बन्ध र दाम्पत्य जीवनमा थोरै तनावको सामना गर्नुपर्नेछ। साथीभाइ र नातेदारबाट उपयोगी सल्लाह र सहयोग प्राप्त हुनेछ। राज्यपक्षबाट लाभ प्राप्त हुनेछ। नयाँ कार्यको थालनी हुनेछ। पशुव्यवसाय र कृषिपेसाबाट सन्तोष मिल्नेछ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

रोकिएका काम सुचारु हुनेछन्। पठनपाठनमा प्रगति हुनेछ। विशेष सभासमारोहमा सहभागी बन्ने मौका मिल्नेछ। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नुपर्नेछ। बिहीबारदेखि प्रशासनिक झैझमेला वा आरोप व्यहोर्नुपर्ने हुन सक्छ। साताको अन्त्यमा सरकारी जागिरेका लागि प्रशंसा, बढुवा वा जिम्मेवारी मिल्ने देखिन्छ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

विशिष्ट व्यक्तित्वसँग भेटघाट हुने र स्वादिष्ट भोजनको आनन्द मिल्नेछ। प्रतिष्ठित काम गर्ने योग रहेको छ। प्रेमबन्धनमा कसिने योग छ। दाम्पत्य जीवन सुखद तथा समृद्ध बन्नेछ। यात्रा गर्दा अलि सावधानी अपनाउनुपर्ने समय रहेको छ। साताको अन्त्यमा नियमित व्यवसायबाट राम्रो फाइदा हुनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। राज्यपक्षबाट लाभ प्राप्त हुनेछ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ। वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ। विशिष्ट व्यक्तिको सहयोगमा प्रतिष्ठित जिम्मेवारी हात पार्न सफल भइनेछ। महत्त्वपूर्ण व्यक्तिहरू भेट्ने अवसर जुट्नेछ। वरिष्ठ व्यक्तित्व अथवा पर्यवेक्षकका साथमा अति सुमधुर सम्बन्ध कायम रहनेछ। साताको अन्त्यमा अवसरका लागि विवादास्पद जिम्मेवारी बहन गर्नुपर्ने योग छ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

धर्मकर्म, समाजसेवा, परोपकारजस्ता कार्यमा प्रतिष्ठा बढ्नेछ। आम्दानी पनि प्रशस्तै बढ्नेछ योग छ। आर्थिक पक्ष सबल रहनेछ। बुधबारदेखि आफन्तबाट टाढिनुपर्नेछ। व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ। लाभप्रद कामले लोभ्याए पनि फजुल खर्च हुन सक्छ। नयाँ काम र जिम्मेवारी हात पार्ने मौका छ। पढाइमा सोचेजस्तै प्रगति हुनेछ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

चिताएको काममा सफलता मिल्नेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। व्यवसायको लगानीले मनग्गे धनलाभ हुनेछ। प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन्। नयाँ काम प्रारम्भ गर्ने समय छ। साताको अन्त्यमा वैदेशिक रोजगारीका कामबाट भने केही कठिनाइ भोग्नुपर्ने योग देखिन्छ। नोकरी तथा व्यवसायबाट सोचेअनुसार लाभ मिल्नेछ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

सानातिना काममा महत्त्वपूर्ण समय बिल्नेछ। सहयोगीहरूले साथ दिए पनि काम पूरा नहुन सक्छ। सामाजिक कामको दायित्व बढ्नेछ। काममा मातापिताको सहयोग प्राप्त होला। बिहीबार अनावश्यक खर्च हुने क्रम भने बढ्ने सम्भावना छ। खेलकुदमा लगानी गरिएको समयको पूर्ण रूपमा सदुपयोग हुनेछ। नयाँ योजना सफल हुनेछ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

भाग्यले विभिन्न अवसर थमाउनेछ। अध्यात्मभाव जागृत हुनाले परोपकारमा मन जानेछ। धार्मिक तथा परोपकारजन्य क्रियाकलापबाट प्रतिष्ठा पाइनेछ। धेरैले कामको तारिफ गर्नेछन्। दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ। साताको अन्त्यमा मान्यजनसँग मतमतान्तर बढ्न सक्छ। आत्मीयजनबाट टाढिनुपर्ला। विगतका निर्णयले काममा चुनौती आउने देखिन्छ।

विदेशतिरबाट आएकाले सुनाउँथे, ‘यहाँको रेडियोमा मानिसको आवाज मात्रै आउँछ। उतातिर मानिस नै देखिने रेडियो बनिसकेको छ।’

०१७-१८ सालको कुरा हो। त्यस्तै, १३ वर्षको थिएँ। कास्कीको मौजा लामडाँडास्थित मेरो मावली गाउँमा एउटा लाहुरेले रेडियो ल्याएको रहेछ। हाम्रोमा धेरै कुराहरू लाहुरेले नै भित्र्याए। लाहुरेहरू फेसनेबल कपडा, रेडियो, चुरोट, चियालगायत गाउँ फर्कँदा नौला कुराहरू बोकेर फर्कन्थे। त्यतिबेला एउटा गाउँमा कुनै नयाँ कुरा भयो भने चार गाउँमा हल्ला फैलिन्थ्यो। मेरो गाउँमा पनि त्यो हल्ला आइपुग्यो।

गाउँको प्रधानपञ्च खरजंग गुरुङले त्यो रेडियो किन्ने इच्छा प्रकट गरे। मेरा बुबाले ती लाहुरेका भिनाजुसँग यसबारे कुराकानी गर्नुभयो। त्यसपछि भिनाजुले रेडियो ल्याएर प्रधानपञ्चलाई बेचे। गाउँमा रेडियो आएको यो पहिलोपटक थियो। यो त ठुलो बाकसजस्तो थियो। लगभग, कम्प्युटरजत्रै थियो। सानै थियौँ, कुन ब्रान्डको भन्ने याद छैन।

जहाँ पायो त्यहीँ बजाउन मुस्किल थियो। किनकि, रेडियोको लागि एन्टेना चाहिन्थ्यो। त्यसपछि परालको टौवाको मियोमा लगेर रेडियो राखियो। टौवाको











अष्टमातृका

ऋग्वेदमा पनि सप्तमातृकाको चर्चा गरेको पाइन्छ, जसले सोमरस बनाउने काम गर्दथे

राति खाना खाएपछि विद्या आफ्नो बिस्तारामा गएर सुतिन् । सुनन्दाले आफ्ना नोटबुक निकालेर मातृकाहरूबारे पढ्न थालिन् ।

पहिले उनको सोचाइ थियो, मातृदेवीको पूजा वा मूर्ति हिन्दुधर्मसित सम्बन्धित थिए । तर, कतिपय विद्वान्हरूले यो विचार प्रकट गरेका थिए कि त्यो प्रथा मूल रूपमा गैरहिन्दु अवधारणा थियो ।

केही दिन पहिले लैंनसिंह वाड्देलसित भेट हुँदा उनले विश्वका अन्य भागमा र नेपालमा पनि विद्यमान मातृदेवीका धारणाबारे धेरै कुरा बताएका थिए । उनले यो बताएका थिए कि सिन्धुघाटीमा मातृदेवीको पूजाको प्रचलन थियो । ग्रिसमा पनि मातृकाहरूको पूजाको चलन थियो । सबै आदिवासीमा पनि नारी वा नारीका मूर्तिको पूजाको प्रचलन भएको पाइन्थ्यो । भारतमा आर्यहरूको आगमनभन्दा पहिलेदेखि नै आदिवासीमा त्यसप्रकारको पूजाको प्रचलन थियो । प्राचीनकालमा विश्वव्यापी रूपमा प्रचलित मातृदेवी वा नारीको पूजाको प्रचलनले नारीको उच्च र सम्मानित स्थानलाई नै बताउँथ्यो ।

इतिहासमा मार्क्सवादी-लेनिनवादी अध्ययनको मुख्यतः एंगेल्सको परिवार, व्यक्तिगत सम्पत्ति र राज्यको उत्पत्तिसम्बन्धी पुस्तकमा उनले प्राचीनकालमा मातृसत्तात्मक व्यवस्था भएको पढेकी थिइन् । उनलाई लाग्यो, प्राचीनकालमा विश्वव्यापी रूपमा प्रचलित मातृसत्तात्मक प्रणाली नै मातृका पूजाको मुख्य कारण थियो । मातृकाहरूको पूजाले नारीप्रतिको उच्च सम्मानलाई बताउँथ्यो ।

वास्तवमा मातृपूजाको चलन प्राचीनकालदेखि चल्दै आएको एउटा विश्वव्यापी प्रचलन थियो । वैदिककाल र सिन्धुघाटीमा पनि त्यसको चलन थियो । बेबिलोन र प्राचीन युनानमा पनि मातृपूजाको चलन भएको पाइन्छ । धेरैजसो प्राचीन आदिवासीमा पनि मातृपूजाको चलन भएको पाइन्छ ।

मातृपूजाले प्राचीनकालमा सबैतिर मातृसत्तात्मक समाज प्रचलन भएको कुरालाई बताउँछ । जुन वेला समाजमा नारीहरूको मुख्य स्थान हुन्थ्यो । पछि मातृसत्तात्मक समाज प्रचलनको ठाउँ पितृसत्तात्मक प्रणालीले लिए पनि पुरानो मातृसत्तात्मक प्रचलनको अवशेषको रूपमा एक वा अर्को प्रकारले मातृपूजा गर्ने चलन धेरैतिर पाइन्छ ।

ऋग्वेदमा पनि सप्तमातृकाको चर्चा गरेको पाइन्छ, जसले सोमरस बनाउने काम गर्दथे ।

मातृपूजाको प्रथा मुख्य रूपले द्रविडहरूमा थियो । नारी सिद्धान्त द्रविड धर्मको एउटा मुख्य पक्ष हो । पछि हिन्दु धर्मले मातृपूजालाई हिन्दुकरण गर्दै गयो । तर, महाभारतमा उनीहरूको रङ कालो भएको, विदेशी भाषा बोल्ने गरेको, रुख, गुफामा बस्ने सीमावर्ती क्षेत्रभन्दा केही बाहिर बस्ने गरेको बताइएको छ । त्यसबाट उनीहरूलाई अनार्य मानेको कुरा बुझ्न गाह्रो पर्दैन । कतिपय धार्मिक ग्रन्थहरूमा उनीहरूलाई यक्ष पनि भन्ने गरिएको छ । त्यसबाट पनि मूल रूपमा मातृपूजाको चलन हिन्दु धर्मको अवधारणा नभएर गैरआर्य चलन भएको कुराको अनुमान गर्न सकिन्छ ।

पछि हिन्दुहरूले मातृपूजालाई आफ्नो धर्ममा सामेल गर्दै गएर कैयौं देवीहरूको निर्माण गर्दै गए । मत्स्य पुराण, ब्राही पुराण, मार्कण्डेय पुराण, देवी पुराण, महात्म्य पुराण आदिमा त्यसप्रकारका कैयौं देवीहरूको चर्चा गरेको पाइन्छ ।

उनीहरूको उत्पत्तिबारे पनि बेग्लाबेग्लै कथाहरू प्रचलित छन् । विभिन्न पुराणमा उनीहरू ब्रह्मा, विष्णु, शिव आदिबाट उत्पन्न भएको बताइन्छ ।

देवी पुराणमा ती सबै देवीबाट उत्पन्न भएको बताइन्छ ।

कतिपय हिन्दु धार्मिक ग्रन्थहरूमा विष्णुबाट वैष्णवी, शिवबाट महेश्वरी, इन्द्रबाट इन्द्राणी, स्कन्दबाट कौमारी, ब्रह्माबाट ब्राही, देवीबाट चामुण्डा, नरसिंहबाट नरसिंहा उत्पन्न भएको पनि बताइन्छ । दक्षिण भारतमा सप्तमातृकाको पूजा गर्ने चलन छ । नेपालमा अष्टमातृकाको पूजा गरिन्छ । ती मातृकाहरू यसप्रकार छन्- वैष्णवी, महेश्वरी, इन्द्राणी, कौमारी, ब्राही, चामुण्डा र नरसिंही ।

देवताहरू राक्षससँग लड्नका लागि असमर्थ भएपछि उनीहरूले देवीलाई उत्पन्न गरेका थिए । जसले युद्ध गरेर राक्षसहरूलाई पराजित गरेका थिए ।

त्यसैले देवीहरू युद्धका देवी मानिन्छन् । प्राचीनकालदेखि मातृकाहरूको जुन पूजा गर्ने गरिन्थ्यो, तिनीहरूलाई हिन्दु धर्मले देवीहरूको रूपमा स्थापना गरेर तिनीहरूको पूजा गर्न थाल्यो ।

कतिपय विद्वान्हरूले शिव पनि मूल रूपमा अनार्य देवता भएको बताएका छन् । जसलाई पछि हिन्दु धर्मले हिन्दु देवताका रूपमा स्थापित गरेको थियो । हिन्दु धार्मिक ग्रन्थहरूले किराँतहरूलाई अनार्य बताएका छन् । शिव मूल रूपमा किराँतहरूका नै देवता थिए । त्यसैले उनलाई किराँतेश्वर पनि भन्ने गरिन्छ । यजुर्वेदमा शिवलाई व्रात्य भनिएको छ । किराँत, खस, यक्ष आदि सबैलाई व्रात्य भनी लेखिएको छ । व्रात्यको अर्थ हुन्छ, धर्म नमान्ने वा धर्म च्यूत । यर्जुवेदको त्यो भनाइबाट पनि शिव मूल रूपमा हिन्दुका देवता नभएर किराँतहरूका देवता भएको र मातृकाहरूलाई जस्तै शिवलाई पनि हिन्दु देवताका रूपमा प्रतिस्थापित गरेको देखिन्छ ।

त्यो कुरा बुद्धबारे पनि सत्य हो । उनले ईश्वर र देवीदेवताहरू मान्दैनथे । तर, पछि उनलाई हिन्दु देवताको रूपमा मात्र होइन, विष्णुको नवौं अवतारका रूपमा पनि प्रतिस्थापित गरिएको थियो ।

बुद्ध धर्ममा पनि अष्ट वा सप्तमातृकाको उल्लेख गरेको पाइन्छ ।

आदिवासीहरूमा सप्तमातृकाका मूर्ति बनाएर गाउँमा राख्ने चलन धेरै थियो ।

सुनन्दाको ध्यान देवीहरूको चरित्रमाथि गयो । समाजमा पुरुषसरह समान हुनुपर्छ भनेर आन्दोलन पनि चल्ने गर्दथ्यो । तर, देवीहरू स्वयं आफ्नो चरित्रगत विशेषताले नै पुरुषभन्दा श्रेष्ठ थिए । उनीहरू पुरुषसरह समान हुनुपर्ने आवश्यकता नै थिएन । एकातिर उनीहरू धेरै नै सुन्दर थिए भने अर्कातिर उनीहरूको स्वभाव अत्यन्त उग्र पनि थियो । युद्धमा राक्षसलाई मारेपछि उनीहरूले रगत पिउँथे र नाच्थे । त्यो उनीहरूको चरित्रगत विशेषता थियो ।

यहीप्रकारको विशेषता पार्वती वा लक्ष्मीमा पाइँदैनथ्यो । उनीहरू शिव वा विष्णुका अर्धांगिनी मात्र थिए ।

तर, सप्त वा अष्टमातृकाहरूको चरित्र स्वयंमा उच्च र पूर्ण थियो ।

सुनन्दाले ती देवीहरूको दैवीशक्तिमाथि विश्वास गर्दिनथिन् । तर, उनीहरूको जुन रूपमा चरित्रचित्रण गरिएको थियो, त्यसले महिलाहरूलाई उच्च सम्मान दिएको कुरालाई बताउँथ्यो ।

देवीहरूको उत्पत्तिबारे जुन बेग्लाबेग्लै वा कतिपय अवस्थामा परस्परविरोधी कथाहरूको चर्चा गरिएको छ, त्यसबाट ती सबै काल्पनिक कथा नै थिए भन्ने कुरामा सुनन्दालाई कुनै शंका थिएन । तर, उनलाई लाग्यो, उनीहरूको धार्मिक पक्ष जे भए पनि उनीहरूको जसरी सशक्त रूपमा चरित्रचित्रण गरिएको थियो, त्यो धेरै नै महत्त्वपूर्ण थियो ।

हिन्दु धार्मिक ग्रन्थहरूमा प्राचीनकालको मातृपूजाको प्रचलन अम्बिका, चण्डिका, दुर्गा आदि देवीहरूको पूजाको रूपमा बदलियो । सबै चिजहरूलाई धार्मिक र आध्यात्मिक रूप दिने परम्पराअनुसार उनीहरूले नारीको पूजालाई पनि धार्मिक र आध्यात्मिक रूप दिए ।

तीन-चार दिनसम्म सुनन्दा र विद्याले काठमाडौं उपत्यकाका विभिन्न मातृदेवीका मूर्तिहरू हेर्न नै बिताए । अन्तर्राष्ट्रिय र प्राचीनकालमा मातृपूजाबारे केही अध्ययन गरेपछि सुनन्दाले काठमाडौंमा मातृकाका मूर्तिबारे अध्ययन गर्ने कार्यक्रम बनाइन् । सर्वप्रथम उनीहरू पाटनको च्यासलहिटीको गजलक्ष्मीको मूर्ति हेर्न गए । त्यो नेपालमा अहिलेसम्म पत्ता लागेकोमध्ये एउटा सबैभन्दा प्राचीन मूर्ति थियो । त्यसको काल ईसाको प्रथम शताब्दी भएको अनुमान गरिएको छ । त्यो मूर्तिका कानमा ठुला कुण्डल, घाँटीमा कण्ठहरू, शरीरको तल्लो भागमा एउटा पटुकाजस्तो दाहिने घुँडाबाट कम्मरमा ल्याइएको, बायाँ हातमा एउटा पूरा फुलेको कमलको फूल र दायाँ हातमा कमलको एउटा कोपिला, दुईतिरबाट दुईवटा हात्तीले देवीलाई पानीले अभिषेक गरिरहेको त्यस मूर्तिलाई सुनन्दाले कैयौंबेरसम्म हेरिरहिन् । मूर्तिका कैयौं अंगहरू टुटिसकेका थिए । तैपनि मूलरूपमा त्यो मूर्ति कायम थियो ।

सुनन्दा र विद्याले मातृदेवीको मूर्तिको अवलोकनका लागि अभियानजस्तो चलाए । उनीहरू काठमाडौं उपत्यकाका मातृदेवीका कैयौं मूर्ति हेर्न गए । उनीहरूले हाँडीगाउँको श्रीलक्ष्मी र पाटन होगलबहालको मातृकाका मूर्तिहरूको अवलोकन गरे । त्यसक्रममा उनीहरूलाई थाहा हुँदै गयो कि काठमाडौंमा पनि सप्तमातृत्वको पूजा निकै प्रचलित थियो भन्ने कुरा ।

मातृकाहरूको विश्वव्यापी प्रचलन तथा पछि त्यस प्रथालाई जसरी हिन्दुकरण गरिएको थियो, त्यसको असर नेपालमा पनि परेको थियो । काठमाडौं उपत्यकामा व्यापक रूपले पाइने मातृकाहरूका मूर्ति तथा तिनीहरूको पूजाको प्रचलनबाट त्यो कुरा बुझ्न गाह्रो पर्दैनथ्यो ।

प्राचीनकालमा गंगा र जमुनाको क्षेत्रमा मातृकाको पूजा गर्ने प्रचलन थियो । त्यसको असर नेपालमा पनि परेको पाइन्छ ।

कुनै पनि देशको समाज व्यवस्था बेग्लै हुन्न । कुनै देशको कुनै प्रचलन, एकातिर आफ्नो देशको ऐतिहासिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थाको उपज हुन्छ भने, अर्कातिर, त्यसमा अन्य देशहरूको पनि असर परेको हुन्छ । त्यसैप्रकारले नेपालको मूर्तिकलामा पनि चीन र भारत दुवै देशहरूको असरले काम गरेको देखिन्थ्यो । नेपालमा प्रचलित कुनै प्रथा वा प्रचलनमा पनि विभिन्न छिमेकी देश र विश्वव्यापी असरले काम गरेको अनुमान गर्न सकिन्छ ।

सुनन्दा र विद्या चाँगुनारायणस्थित छिन्नमस्तकाको मन्दिर हेर्न गए । त्यहाँ सप्तमातृकाका मूर्तिहरू पनि थिए उनीहरू पाटनको कुम्भेश्वरस्थित बगलामुखीका मन्दिर, बल्खु खोलामा (वा महादेव स्थान), जयवागेश्वरको बागमती मन्दिरमा भएका सप्तमातृकाका मूर्तिहरू हेर्न पनि गए ।

ती सबै स्थानका सप्तमातृकाका मूर्तिहरूको अवलोकनका लागि उनीहरूलाई लैनसिंह वाड्देलबाट राम्रो मार्गदर्शन प्राप्त भएको थियो । उनीहरू विभिन्न स्थानमा भएका मूर्ति हेर्न जान्थे र पुनः फर्केर आएर वाड्देलसित कुरा गर्दथे ।

सुनन्दाले मानिसहरूबाट सुनेकी थिइन्, पहिले टोलटोलमा मातृकाका मूर्तिहरू बनाएर पूजा गर्ने गरिन्थ्यो । अब ती मूर्तिहरूमध्ये धेरैजसो खण्डित वा नष्ट भएर गइसकेका थिए । मातृपूजाको प्रचलनबाहेक अन्य विभिन्न रूपमा पनि नारीशक्तिको पूजाको प्रचलन पाइन्छ ।


दक्षप्रजापतिको यज्ञमा शिवको अपमान भएपछि सतीदेवीले यज्ञमा हामफालेर आत्मदाह गरिन् । त्यसबाट महादेवले सतीदेवीको शवलाई बोकेर घुम्न थाले । सतीदेवीका शरीरका अंगहरू सड्दै खस्न थाले । ती अंगहरू खसेका स्थानलाई शक्तिपीठ भन्न थालियो । ती स्थानहरूलाई मानिसहरूले देवीस्थान आदि भनेर पूजा गर्दछन् । त्यसप्रकारको पूजा पनि मूल रूपमा नारीको पूजा हो । काठमाडौंमा भ्रमण र अध्ययनको क्रममा सुनन्दालाई नारीको पूजाबारे थप कुराको ज्ञान हुँदै गयो । उपत्यकामा सप्तमातृकाको पूजाबाहेक अन्य कतिपय रूपमा पनि नारीशक्तिको पूजा गर्ने गरिन्थ्यो । शोभाभगवती, दक्षिणकाली, नक्साल भगवती, गुह्येश्वरी, रक्तकाली, भद्रकाली, मैतीदेवी, नरदेवी आदि । काठमाडौंमा त्यस्ता देवी र भगवतीहरूको संख्या असंख्य थिए

(शनिबार सार्वजनिक हुने सिंहको उपन्यास 'का. जलजला'बाट ।)

पुस्तकअंश



● मोहनविक्रम सिंह



काठमाडौंमा भ्रमण र अध्ययनको क्रममा सुनन्दालाई नारीको पूजाबारे थप कुराको ज्ञान हुँदै गयो । उपत्यकामा सप्तमातृकाको पूजाबाहेक अन्य कतिपय रूपमा पनि नारीशक्तिको पूजा गर्ने गरिन्थ्यो । शोभाभगवती, दक्षिणकाली, नक्साल भगवती, गुह्येश्वरी, रक्तकाली, भद्रकाली, मैतीदेवी, नरदेवी आदि । काठमाडौंमा त्यस्ता देवी र भगवतीहरूको संख्या असंख्य थिए ।

सानोमा रेडियो देख्दा...



ऊ वेला

● जगमान गुरुङ, संस्कृतिविद्

टुप्पोमा तामाको तार राखेर त्यसलाई भुइँमा रहेको रेडियोमा जोडियो । रेडियो बज्न थाल्यो ।

गाउँभरिका मानिसहरू त्यहाँ आउँथे । रेडियो सुन्थे र जान्थे । त्यसको केही समयमै मेरो माइला बाजेको छोरा (जेठो बुबा)ले पनि रेडियो ल्याउनुभयो । उहाँले सुवेदारबाट पेन्सन पकाएपछि रेडियो किन्नुभएको थियो । यसरी नै परालको छेउमा मियोमा टाँगेर रेडियो बजाइन्थ्यो । मेरो बुबाले पनि केही समयपछि रेडियो किन्नुभयो । उहाँले घरको आँगनअगाडि ४-५ बजेपछि रेडियो बजाउनुहुन्थ्यो । मानिसहरू अचम्म मान्दै हेर्न आउँथे ।

गाउँमा यसरी तीनवटा रेडियो थिए । बुबाले त्यो रेडियो बेचेर नेसनल पानासोनिक रेडियो किन्दासम्म गाउँका धेरै घरमा रेडियो देखिन्थ्यो । नेसनल पानासोनिक सानो, सस्तो र धेरै समयसम्म ब्याट्री दिने रेडियो थियो । लाहुरेहरूलाई विदेशबाट फर्कँदा बोकेर ल्याउन सहज थियो । एक ठाउँबाट अर्को ठाउँमा लैजान पनि सजिलै सकिने भएकाले धेरैले यो रेडियो किने ।

विदेशतिरबाट आएकाहरूले सुनाउँथे, 'यहाँको रेडियोमा मानिसको आवाज मात्रै आउँछ । उतातिर मानिस नै देखिने रेडियो बनिसकेको छ ।' मानिसहरू रेडियोमा गीत-संगीत र मौसमसम्बन्धी जानकारी सुन्थे । धेरैपछिसम्म पनि समाचारका लागि रेडियो भरपर्दो स्रोत थियो । रेडियो आउनुअघि कटुवालले डाँडामा गएर कर्नाल फुकेर सरकारी सूचना सुनाउने चलन थियो । कर्नाल फुकेपछि गाउँलेहरूले महत्वपूर्ण जानकारी पाउँथे । कुनै कामका लागि मानिस भेला गर्नुपर्दा उनीहरूले नै यसरी कर्नाल फुक्थे । रेडियोको विकास र प्रयोगसँगै सञ्चारको यो आदिम स्वरूप बिस्तारै हट्दै गयो । यद्यपि, अहिले पनि यो प्रथा केही गाउँमा प्रतीकका रूपामा बाँचेको छ । हाम्रै गाउँ (कास्कीस्थित मादी गाउँपालिका-याङ्जाकोट) मा यो प्रथा बाँचेको छ । समय धेरै बदलिसक्यो, अहिले सामाजिक सञ्जालमार्फत यहाँबाट विदेशमा भिडियो कल गर्न सकिन्छ । गाउँ-गाउँमा इन्टरनेट पुगिसकेको छ । रेडियो पनि मोबाइलमै सुन्न मिल्छ ।

प्रस्तुति : **अन्वेषण अधिकारी**

भ्याप्पै !



रवि मिश्र
@rabimishra



म्युजिक थेरापी पीडामा भावनात्मक मलम

संगीतमा यति ठुलो शक्ति हुन्छ कि निरन्तर संगीत बजाएर मानिसलाई एउटा मुडबाट अर्को मुडमा लैजान सकिन्छ

स्वास्थ्य



● केदार गान्धारी
कन्सल्ट्यान्ट म्युजिक थेरापिस्ट, म्युजिक थेरापी ट्रस्ट नेपाल



संगीतले मानिसका भावनालाई नियन्त्रण गर्छ। यसको माध्यमबाट मानिसले आफ्ना पीडा र व्यथा भुल्ने गरेको इतिहास छ। विभिन्न शारीरिक तथा मानसिक अवस्थाका कारण गुणस्तरीय जीवन जिउन कठिनाइ भइरहेकाहरूका लागि 'म्युजिक थेरापी' वरदान हो। यसले पीडा कम गर्न, संवादलाई सहज बनाउन र मानिसलाई आरामदायी महसुस गर्न सहयोगी भूमिका खेल्ने गरेको छ। भारतबाट पोस्ट ग्राजुयट डिप्लोमा इन म्युजिक थेरापी पढेर आएपछि मैले सन् २०१० यता यस क्षेत्रमा काम गरिरहेको छु।

संगीत थेरापिस्टका रूपमा हामीले मानिसलाई एउटा अवस्थाबाट अर्को अवस्थामा रूपान्तरण गर्ने काम गरिरहेका हुन्छौं। पूर्णतः निको नहुने, तर उपचार गरेर आराम महसुस गर्न सकिने धेरै अवस्थाहरूमा यसले प्रभावकारी काम गर्छ। डिप्रेसन, डिमेन्सिया, मस्तिष्कमा चोट, स्ट्रोक, पार्किन्सन, क्यान्सर, अटिजम, मुड डिसअर्डर, एन्जाइटी डिसअर्डर, लर्निङ डिसएबिलिटिज, पीडा (एक्युट र क्रोनी) लगायत विभिन्न शारीरिक तथा मानसिक अवस्थामा यसले सहयोग गर्छ।

मान्नौं, एउटा मानिस डिप्रेस छ। उसलाई जिन्दगी उदास छ भन्ने लागिरहेको छ। त्यस्तो अवस्थामा सेल्फ स्टिम र आत्मविश्वास बढाउनुपर्ने हुन्छ। म्युजिक थेरापीले आत्मविश्वास जगाउन भूमिका खेल्छ।

अटिजम भएका मानिसलाई आफ्नो भावनात्मक संवेग अभिव्यक्त गर्न गाह्रो हुन्छ। आफ्ना भावना गुम्स्याएर राख्नुपर्दा उनीहरूलाई गुणस्तरीय जीवन बाँच्न कठिनाइ भइरहेको हुन सक्छ। म्युजिक थेरापी गरेर संगीतको माध्यमबाट उनीहरूले आफ्नो भावना अभिव्यक्त गर्न सक्छन्। कतिपय बच्चामा दोहोरो संवादमा समस्या देखिन्छ। कतिपयलाई सामाजिक रूपमा घुलमिल हुन समस्या हुन्छ। यसमा पनि म्युजिक थेरापी प्रभावकारी हुन्छ।

क्यान्सरसँग जुधिरहेको बिरामीलाई पनि यसले रोगसँग लड्न सहयोग गर्छ। उनीहरूलाई आशावादी हुन र आत्मविश्वास जगाउन मद्दत गर्छ। क्यान्सरका बिरामीलाई रेडियो थेरापी दिँदा असह्य पीडा हुन्छ। त्यस्तो अवस्थाका लागि तयार गर्न उपचारका क्रममा विदेशतिर ब्याकग्राउन्ड म्युजिक बजाएर उनीहरूको मानसिक अवस्थालाई डाइभर्ट गर्ने काम गरिन्छ। मुड सुधार्न, स्ट्रेस घटाउन, एन्जाइटीको स्तर घटाउन र आरामदायी गराउन यसको प्रयोग हुन्छ। हामीले क्यान्सर भएकाहरूसँग काम गर्दा पहिले उनीहरूको रुचिबारे बुझ्छौं। निकै निकट रहेर काम गर्छौं। डाक्टरसँग पनि परामर्शमा हुन्छौं। उनीहरूलाई मनपर्ने धुन र भजनबारे धेरै बुझेर संगीत सिर्जना गर्छौं। अन्य अवस्थामा पनि यसरी नै तयारी गरेका हुन्छौं।

■ कसरी गर्ने ?

जटिल अवस्थामा हामीले डाक्टर, नर्स, स्पिच थेरापिस्ट, मनोविद्, मानसिक रोग विशेषज्ञलगायतसँग मिलेर काम गर्छौं। सहज अवस्थामा भएकाहरूले पनि हामीसँग बसेर आफ्नो आवश्यकता र रुचिअनुसारको कार्यक्रम तयार गर्न सक्छन्। हामी उनीहरूसँग प्रत्यक्ष संवादमै रहेर यस्तो योजना बनाउँछौं। उनीहरूसँगकै कुराकानीमार्फत कति लामो सेसन गर्ने भन्ने तय हुन्छ।

पहिले सम्बन्धित व्यक्तिको पास्ट हिस्ट्री लिन्छौं। समस्या पहिचान गर्छौं। त्यसपछि एउटा 'गोल' बनाउँछौं। उसको आवश्यकता के हो ? सोसल कम्युनिकेसन बढाउनुपर्ने हो कि, सेल्फ स्टिम बढाउनुपर्ने हो कि, हातको संयोजन मिलाउनुपर्ने हो कि, आत्मविश्वास जगाउनुपर्ने हो कि यसबारे छलफल गर्छौं। कहिलेकाहीं समूहमा पनि म्युजिक थेरापी गराइन्छ।

अल्पकालीन र दीर्घकालीन गोल बनाउँछौं। त्यही 'गोल' संगीतका माध्यमबाट पूरा गर्ने कोसिस गर्छौं। उनीहरूको बलियो पक्ष के छ ? त्यसलाई कसरी बढावा दिने भन्ने विषयमा तयारी गर्छौं।

■ एक्टिभ-प्यासिभ संगीत

विशेष अवस्थाहरूमा एक्टिभ थेरापी आवश्यकता पर्छ। त्यसका लागि हामी आफैंले थेरापी रुम सेटअप गर्छौं। यसका लागि पहिले व्यक्तिको अवस्था बुझ्ने र मुड रिड गर्नुपर्ने हुन्छ। उनीहरूसँग जोडिएर दोहोरो संवाद गर्छौं। उनीहरूको मुडलाई ध्यानमा राखेर तत्काले संगीत सिर्जना गर्छौं। श्रोताको आवश्यक बुझेर स्पोनटेनियस्ली काम गर्नुपर्ने हुन्छ। संगीतमा यति ठुलो शक्ति हुन्छ कि निरन्तर संगीत बजाएर मानिसलाई एउटा मुडबाट अर्को मुडमा लैजान सकिन्छ।

थाकेको वेलामा कस्तो खालको संगीत सुन्दा थकाइ मेटिन्छ भन्ने कुरा थेरापिस्टले बुझेपछि त्यहीअनुसार संगीत बनाउँछ। त्यसपछि नाच्ने हो कि, खुट्टा ट्रापिङ गर्ने हो कि, हेड ट्रापिङ, ताली बजाउने हो कि। मानिस आफैं सक्रिय हुन सक्छ। यी काम मानिसको मानसिकता र मुड हेरेर तत्कालै गर्नुपर्ने हुन्छ।

एक्टिभ म्युजिक थेरापीका क्रममा श्रोताले संगीत सुन्छन्, संगीतकै तालमा बज्छन्, आफैं गाउँछन्, नमुना उपकरणमार्फत संगीत पनि बनाउँछन्, गीतका शब्दबारे छलफल गर्न वा आफैं लेख्न सक्छन्, संगीतको तालमा आफूलाई मनपर्ने दुनियाँमा हराउन सक्छन्।

रेकर्डेड संगीतले पनि हामीलाई आरामदायी महसुस गराएको हुन्छ। रेडियो, टेलिभिजन वा युट्युबबाट संगीत सुन्नुलाई हामी 'प्यासिभ म्युजिक' भन्छौं। कस्तो संगीत सुन्ने, कुन समयमा सुन्ने, कति समयको अन्तरमा सुन्ने यी विषयमा जानकारी राखेर सुन्दा यसको अधिकतम लाभ लिन सकिन्छ। संगीतका धेरै नोटेसन हुन्छन्, स्केलको कुरा आउँछ, लय आउँछ, वाद्ययन्त्रको कुरा हुन्छ, कतिसम्म हर्सपावर सुन्ने भन्ने कुरा आउँछ, यी विषय ख्याल गर्नुपर्ने हुन्छ। 'इलिमेन्ट्स अफ म्युजिक' बुझेपछि सुन्न थप मजा आउने भएकाले यसका लागि सबैले परामर्श लिन सक्नुहुन्छ।

> सरकारले म्युजिक थेरापीलाई प्रवर्द्धन गरेर धेरैभन्दा धेरै स्वास्थ्य संस्था तथा विद्यालयमा विस्तार गर्न जरुरी छ। यसमा स्थानीय सरकारको भूमिका पनि निकै महत्त्वपूर्ण छ। गैरसरकारी संस्थाहरूको सहयोग पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

■ बढ्दै छ सचेतना

मैले कलेज सकेपछि युरोप, अमेरिका र क्यानडामा इन्टर्न गरेँ। उनीहरू हामीभन्दा निकै अघि छन्। त्यहाँका मानिसले पनि संगीतको फाइदाबारे धेरै बुझेका छन्। संगीत विश्वव्यापी सञ्चार हो। तर, हाम्रोमा अझै पनि संगीतलाई धेरैले मनोरञ्जनकै रूपमा मात्र लिने चलन छ। भजन, कन्सर्ट, दोहोरी गाइरहेकै भए पनि संगीतबाटै उपचार हुन्छ भन्ने जानकारी हामीले राखेका छैनौं। थाहा नहुँदानहुँदै पनि यसले प्रभावकारी काम भने गरिरहेकै हुन्छ। जस्तो, वृद्धवृद्धा भजनमा जानुहुन्छ। त्यहाँ गएपछि आफ्ना सबै समस्या भुलेर अचानक नाच्न थाल्नुहुन्छ। केही दुखाइ भइरहेको छ वा समस्या छ भने पनि बिर्सनुहुन्छ।

भजन, कन्सर्ट, दोहोरी गाइरहेकै भए पनि संगीतबाटै उपचार हुन्छ भन्ने जानकारी हामीले राखेका छैनौं। थाहा नहुँदानहुँदै पनि यसले प्रभावकारी काम भने गरिरहेकै हुन्छ। जस्तो, वृद्धवृद्धा भजनमा जानुहुन्छ। त्यहाँ गएपछि आफ्ना सबै समस्या भुलेर अचानक नाच्न थाल्नुहुन्छ। केही दुखाइ भइरहेको छ वा समस्या छ भने पनि बिर्सनुहुन्छ।

मैले सन् २०१० मा यहाँ आएर म्युजिक थेरापी सुरु गरेको हुँ। नेपालको सन्दर्भमा यसलाई कान्छो उपचार विधि मान्दा पनि फरक नपर्ला। अटिजम केयर नेपाल सोसाइटीमा सबैभन्दा पहिले काम गरेको थिएँ। त्यतिबेला विशेष क्षमता भएका विद्यार्थीका लागि निकै कम विद्यालय थिए। अहिले बढ्दै छ, खुसी लाग्छ। धेरै विद्यालयमा पनि मैले स्वयंसेवकका रूपमा काम गरेँ। यसबारे सचेतना कम थियो। संगीत उपकरणकै अभाव थियो। बिस्तारै मानिस सजग हुँदै गएको छ। विदेशमा स्वास्थ्य संस्था, विशेष क्षमता भएकाहरूका लागि खोलिएका विद्यालय, क्यान्सर अस्पताल, ट्रमा सेन्टर, वर्न सेन्टरलगायतमा म्युजिक थेरापी गराउने गरिन्छ। हाम्रोमा सचेतना बढ्दै छ। तर, जनशक्ति सीमित छ।

केही समय हामीले कान्ति बाल अस्पतालमा पनि जलन भएका बालबालिकालाई यो सेवा दिएका थियौं। ड्रेसिङ चेन्ज गर्ने क्रममा जलन भएकाहरूलाई असह्य पीडा हुन्छ। २०११ मा विदेशी साथी बेरिनासहित हामी चारजनाको टिमले उनीहरूलाई संगीत सुनायौं। यसले पीडा कम गर्न सहयोग गरेको थियो। उनीहरूको पीडा देखेर अभिभावकलाई पनि छट्पटी भइरहेको थियो। हामीले अभिभावकलाई पनि सँगै राखेर थेरापी गरायौं। बनेपास्थित स्पाइनल कर्ड सेन्टरमा गएर पनि सेवा दियौं। हामीले विभिन्न कन्फ्रेस, स्कुल, कर्पोरेट क्षेत्रमा कार्यक्रम गरेर यसबारे सचेतना फैलाइरहेका छौं। अभिभावक, मनोविज्ञहरू पनि यसबारे सजग हुनुहुन्छ। विभिन्न स्कुलले यो थेरापी गराइरहेका छन्। सरकारले म्युजिक थेरापीलाई प्रवर्द्धन गरेर धेरैभन्दा धेरै स्वास्थ्य संस्था तथा विद्यालयमा विस्तार गर्न जरुरी छ। यसमा स्थानीय सरकारको भूमिका पनि निकै महत्त्वपूर्ण छ। गैरसरकारी संस्थाको सहयोग पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

प्रस्तुति : **अन्वेषण अधिकारी**

विमर्श



● हिप्पोलिट फोफ्याक



थोरै पैसासँग धेरै पैसा हारेको अमेरिकी निर्वाचन

पछिल्ला दशकहरूमा संयुक्तराज्य अमेरिकाको राजनीति र चुनावमा पैसाको बढ्दो प्रभावका बारेमा धेरै नै लेखिएको छ, जसमा 'द बेस्ट कंग्रेस मनी क्यान बाई' र 'द बेस्ट डेमोक्रेसी मनी क्यान बाई'जस्ता शीर्षकहरू समावेश छन्। तर, के चुनावी अभियानका क्रममा चन्दा र खर्चमा ठुलो अग्रता पाएको उपराष्ट्रपति कमला ह्यारिसविरुद्ध डोनाल्ड ट्रम्पको विजयले यो भाष्यलाई कमजोर बनाउँछ त ?

एलेक्सिस डे टक्कभिलले आफ्नो पुस्तक 'डेमोक्रेसी इन अमेरिका'मा 'बिग मनी (पैसा)'ले अमेरिकी शासन प्रणालीमाथि निम्त्याउने खतराबारे सन् १८३५ मै चेतावनी दिएका थिए। कुलीन तथा अभिजात वर्गले जताउने प्रभावबारे टक्कभिल लेख्छन्,'अमेरिकी समाजको सतहलाई लोकतन्त्रको एउटा च्यादरले ढाकेको छ, तर मुनीबाट वैभवशाली अभिजात्यका रडहरूले वेलाबखत टाउको उठाउँदै चिहाउँछ।'

आज, अर्बपति वर्गले चुनाव र नीति-निर्माणलाई प्रभावित गर्नमा आफ्ना वित्तीय स्रोतसाधनको फाइदा उठाइराखेको छ। निर्वाचन प्रक्रियाबाट सर्वसाधारणको विशाल बहुमतको मूल्यमा यो वर्गले धेरैभन्दा धेरै शक्ति आफूमा एकत्रित गर्दै लगेको छ। यो विपत्तिद्वार (फल्डगेट) 'सिटिजन्स युनाइटेड भर्सेस फेडरल कमिसन (२०१०)'ले खोलिदिएको हो। यो मुद्दामा सर्वोच्च अदालतले चुनावी अभियानको खर्चसम्बन्धी प्रतिबन्धहरूलाई उल्ट्याइदिँदै कर्पोरेसन र अन्य बाहिरी समूहलाई चुनावमा 'असीमित रकम खर्च' गर्ने बाटो खुला गरिदिएको थियो। त्यसयता निर्वाचनमा परिचालन हुने पैसामा भारी वृद्धि भएको छ। दृष्टान्तका लागि, सन् २०१० मा आठ करोड ९० लाख डलर मात्रै उठाएको पिएसी (पोलिटिकल एक्सन कमिजिज)ले यो वर्ष करिब चार अर्ब ३० करोड डलर उठाएको छ।

तर, सन् २०२४ को चुनावी दौडमा खन्याइएको अथाह पैसाले निर्वाचन परिणाममा भने निर्णायक प्रभाव पारेको देखिएन। खर्चमा ह्यारिसभन्दा धेरै पछाडि परे पनि ट्रम्पले पुनरागमन गरे भने रिपब्लिकनका हित समूह र दाताहरूले आफ्नो लगानीमा उल्लेखनीय प्रतिफल प्राप्त गरेका छन्। राष्ट्रपति जित्नुका साथै रिपब्लिकनहरूले हाउस अफ रिप्रजेन्टेटिभ्समा पनि आफ्नो बहुमत हासिल गरे भने सिनेटमा पुनः विजय हासिल गरे, जसले यो पार्टीलाई व्यवस्थापिका र कार्यपालिका दुवैमा पूर्ण नियन्त्रण प्रदान गरेको छ।

ट्रम्पको सानदार जितमा धेरै कारकले योगदान पुऱ्याएका छन्। उनले सबै सात उच्च प्रतिस्पर्धा रहेका राज्यमा विजय हासिल गरे। अदालत र चुनावी अभियानको बिचमा रहेका बखत अनुदारवादी समर्थकमाझ उनको आधार कमजोरै देखिन्थ्यो। ट्रम्पले रिपब्लिकन पार्टीका लागि नयाँ कीर्तिमान पनि कायम गरे। ऐतिहासिक रूपमा डेमोक्र्याटिक झुकाव राख्ने प्रमुख सबै 'स्विङ स्टेट'हरूमा उनले जित हासिल गरे। पछिल्लो इतिहासका कुनै पनि रिपब्लिकन राष्ट्रपति पदका उम्मेदवारको तुलनामा अधिक अश्वेत एवं ल्याटिनो मतदाताहरूलाई आकर्षित गर्न सके।

चन्दा उठाउने क्षमताका बाबजुद ह्यारिसले भने राष्ट्रपति जो बाइडेनको अलोकप्रियताका कारण कडा राजनीतिक चुनौतीको सामना गर्नुपऱ्यो। धेरै मतदाताले यो चुनावलाई 'बाइडनोमिक्स'माथिको जनमतसंग्रहका रूपमा बुझिदिए, जसलाई उनीहरूले उच्च मुद्रास्फीति, महँगी र घरेलु क्रयशक्तिको क्षयसँग जोडेर हेरेका थिए। हुन त, अमेरिकी केन्द्रीय बैंक फेडरल रिजर्भले मन्दीको सुरुवात नगरी नै मुद्रास्फीतिलाई कम गर्न सकेको हो। सन् २०२४ को तेस्रो त्रैमासमा अमेरिकाको वास्तविक जिडिपी २.८ प्रतिशतले वृद्धि भएको थियो, जुन लामो अवधिको वृद्धिदरभन्दा माथि नै हो। बेरोजगारी दर पनि ऐतिहासिक रूपमै कम रह्यो। तर, डेमोक्र्याटहरूले ट्रम्पले भन्ने गरेको 'कमला ह्यारिस इम्प्लेसन ट्यावक्स'को राजनीतिक मूल्य चुकाउनु नै पऱ्यो।

मतदाता ट्रम्पको पहिलो कार्यकालको अर्थतन्त्रप्रति नोस्टाल्जिक भइदिए। बाइडेनको कार्यकालको १.४ प्रतिशतको तुलनामा ट्रम्पको कार्यकालमा वास्तविक औसत प्रतिघण्टा आम्दानी ६.४ प्रतिशतले बढेको थियो। फेडरल रिजर्भ बैंक अफ एटलान्टाको तथ्यांकले पनि आवास खर्चमा खर्चिनुपर्ने पारिवारिक आयको हिस्सा पनि ट्रम्पको शासनकालमा नै न्यून रहेको र बाइडेनकालमा करिब ५० प्रतिशतले वृद्धि भएको देखाउँछ। निःसन्देह, ट्रम्पले सहज अर्थतन्त्र बाराक ओबामाबाट विरासतमा पाएको कुरा धेरैले बिर्सिए।

अमेरिकी मतदाता मुद्रास्फीति, आप्रवासन र अपराधजस्ता विषयमा सबैभन्दा बढी चासो राख्छन्। यी मुद्दामा ट्रम्पले आफूलाई बढाउँदै निर्वाचनको दौड लगाए। महिनौंको चुनावी अभियानपछि ट्रम्पले चुनावअघिका हप्ताहरूमा यी तीनै मुद्दामा अग्रता लिए। अक्टोबरको अन्त्यमा गरिएको युगोभ सर्वेक्षणअनुसार ४९ प्रतिशत अमेरिकी ट्रम्पले आप्रवासनमा राम्रो काम गर्ने ठान्थे भने ३५ प्रतिशतले मात्रै ह्यारिसले। गत सेप्टेम्बरको एउटा ग्यालप सर्वेक्षणले पनि अर्थतन्त्रका लागि कुन उम्मेदवार उपयुक्त ? भन्ने प्रश्नमा पूर्वराष्ट्रपति उपराष्ट्रपतिभन्दा नौ अंकको अग्रता लिएको देखाएको थियो। रुस-युक्रेन र गाजा युद्धलाई सम्हाल्ने क्षमतामा पनि मतदाताले ट्रम्पलाई नै बढी विश्वास गरेका थिए। ७० प्रतिशत मतदाताले ट्रम्पसँग विदेश मामिलाको अनुभव रहेको विश्वास व्यक्त गरेका थिए।

तर, यसले उनको जितले धनाढ्यहरूको प्रभावलाई कम गर्दैन। ट्रम्प ह्वाइट हाउसमा यस्तो समयमा फर्केका छन् जुन समय अमेरिका गृहयुद्धपछिकै सबभन्दा गहिरो

> सन् २०२४ को अमेरिकी राष्ट्रपतीय निर्वाचनमा पैसाको विशाल राशि खन्याइयो, तर परिणाममा त्यसको निर्णायक प्रभाव परेन। पैसा खर्च गर्नमा कमला ह्यारिसले निकै पछि पारे पनि चुनावमा डोनाल्ड ट्रम्प विजयी बन्न पुगे। तर, यसको अर्थ धनाढ्य दाताहरूको पैसा र पहुँचको शक्ति घटेको भने होइन।

रूपमा विभाजित र अत्यधिक रूपले असमान छ। घनी र गरिबबिचको यो खाडल बढाउनमा चुनावी प्रक्रिया र नीति निर्माणमा धनाढ्य व्यक्ति तथा समूहहरूको बढ्दो प्रभावले निःसन्देह योगदान पुऱ्याएको छ। पछिल्लो ६० वर्षमा अमेरिकाका शीर्ष १ प्रतिशत परिवारको सम्पत्ति तल्ला ५० प्रतिशत परिवारको तुलनामा ३६ गुणाबाट बढेर ७१ गुणा पुगेको छ भने अहिले ६० प्रतिशत मध्यम परिवारको सम्पत्तिलाई पनि उछिनेको छ।

आर्थिक र राजनीतिक असमानता एकदमै घनिष्ठ रूपले सम्बन्धित हुन्छन्। अति धनाढ्यहरूको बढ्दो शक्तिले अधिकांश अमेरिकीहरूलाई विपन्न र आवाजविहीन बनाइदिएको छ। वर्गीय असन्तोषलाई बढावा दिएको छ। यो विभाजनलाई कम गर्न अमेरिकाले नीति-निर्माताहरूलाई दशकौंदेखि दातृवर्गको अधीनस्थ बनाउँदै आएका साङ्लाहरू तोड्नु र व्यक्तिगत एजेन्सीलाई बलियो बनाउने, आर्थिक अवसर विस्तार गर्ने र आय वितरणमा सुधार गर्ने व्यापक जवाफदेहितामा आधारित र अधिक समावेशी नीतितर्फ लोकतान्त्रिक संक्रमण गर्नु आवश्यक छ। यस्ता नीतिले माथितर्फको गतिशीलता बढाउनेभन्दा पनि अमेरिकी सपनालाई पुनर्जीवित गराउने र सामाजिक एकतालाई बढावा दिनेछन्।

हाम्रो लोकतन्त्र र साझा समृद्धिको भविष्य आगामी प्रशासनले संस्थाहरूमाथिको विश्वासको पुनर्निर्माण र राजनीतिक तथा आर्थिक शक्तिको न्यायोचित वितरणका लागि चाल्नुपर्ने कदममा निर्भर गर्नेछ। अमेरिकी सर्वोच्च अदालतका पूर्वन्यायाधीश लुइस ब्रान्डिसले भनेका छन्, 'आफ्नो छनोट हामीले नै गर्नुपर्छ। या त हामीसँग लोकतन्त्र या थोरैका हातमा धनको केन्द्रीकरण हुन सक्छ तर, यी दुवै एकैसाथ हुन सक्दैनन्।'

*(अफ्रिकन एक्सपोर्ट-इम्पोर्ट बैंकका पूर्वप्रमुख अर्थशास्त्री तथा अनुसन्धान निर्देशक फोफ्याक हार्वर्ड युनिभर्सिटीको सेन्टर फर अफ्रिकन स्टडिजका रिसर्च एसोसिएट र अफ्रिकन एकेडेमी अफ साइन्सेजका फेलो हुन्। 'प्रोजेक्ट सिन्डिकेट'बाट **नारायण शिवाकोटी**को अनुवाद।)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १५ मंसिर ०८१

संक्षेप

सुरक्षण मुद्रणको कार्यकारी निर्देशकमा चारजना सर्टलिस्टमा



काठमाडौं/ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक नियुक्तिका लागि चारजना उम्मेदवारको नाम स्वीकृत गरेको छ।

मन्त्रालयका अनुसार सतोसर- १, धनुषाका अनुप बाँस्कोटा, टोखा- ६, काठमाडौंका डा. दामोदर रेग्मी, उर्लाबारी- ५, मोरङका देवराज ढुंगाना र सूर्यविनायक- २, भक्तपुरका सुरेशकुमार कार्कीको नाम सर्टलिस्टमा परेको छ। अब चारैजना उम्मेदवारको व्यावसायिक कार्ययोजना प्रस्तुति र अन्तर्वार्ताका लागि अर्को सूचना प्रकाशित गरेर जानकारी गराइने मन्त्रालयले जनाएको छ। गत ३ मंसिरमा मन्त्रालयले केन्द्रको कार्यकारी निर्देशक नियुक्तिका लागि दरखास्त माग गरेको थियो।

'जलविद्युत्गृहमा विपन्न वर्गको सेयर सुनिश्चित गर्छौं'



काठमाडौं/ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले 'जनताको जलविद्युत् कार्यक्रम'अन्तर्गत निर्माण हुन लागेका आयोजनामा विपन्न वर्गको सेयर सुनिश्चित गरिने बताएका छन्।

जनताको जलविद्युत् कार्यक्रम कार्यान्वयनका लागि बनेको कार्यविधिमाथि आज मन्त्रालयमा भएको छलफलमा उनले आयोजनामा गरिब तथा विपन्न वर्गको सेयर सुनिश्चित गरिनुपर्ने बताएका हुन्। 'स्रोतमाथिको अधिकार सबै नागरिकको हुनुपर्छ, गरिब तथा विपन्न वर्गलाई अगाडि बढाउन नसकेसम्म हामीले परिकल्पना गरेको समृद्ध मुलुक निर्माण हुन सक्दैन,' ऊर्जामन्त्री खड्काले भने। उनले जनसंख्याका आधारमा भन्दा पनि घरधुरीका आधारमा सेयरको व्यवस्था गरिने बताए।

बाढीले गरेको क्षतिका कारण सवा १२ अर्बको बिमा दाबी

काठमाडौं/ १०-१२ असोजको बाढीपहिरो तथा डुबानबाट पुगेको क्षतिमध्येबाट निर्जीवन बिमा कम्पनीहरूमा पर्ने दाबी १२ अर्ब २६ करोड चार लाख रुपैयाँ पुगेको छ। नेपाल बिमा प्राधिकरणबाट प्राप्त १२ मंसिरसम्मको तथ्यांकले तीन हजार पाँच सय १९ वटा दाबी परेको उल्लेख गरेको छ।

१४ ठुला र चार लघु निर्जीवन बिमा कम्पनीहरूमा आएको दाबी मात्रै हो। जीवन बिमा कम्पनीहरूमा आएको दाबीको विवरण उल्लेख गरिएको छैन। हालसम्म कम्पनीहरूले ७८ करोड ९३ लाख आठ हजार रुपैयाँ अग्रिम भुक्तानी दिएका छन्। एक हजार २१५ संख्यामा कम्पनीहरूले सोबराबरको दाबी दिएका हुन्। पछिल्लो विपतबाट ग्राहकलाई परेको असरलाई दृष्टिगत गर्दै अग्रिम दाबी भुक्तानी पनि दिइरहेको नेपाल बिमक संघका अध्यक्ष क्षेत्रीले बताए। अन्तिम दाबी भुक्तानी भने सर्भेयरको प्रतिवेदनका आधारमा गरिने उनको भनाइ छ ।

तथ्यांकअनुसार घर, भवन, सञ्चालित परियोजना (सम्पत्ति बिमा)बाट सबैभन्दा धेरै दाबी परेको छ। हालसम्म त्यसअन्तर्गत नौ अर्ब एक करोड ९५ लाख रुपैयाँबराबरको १७ सय १६ वटा दाबी परेका छन्।

पहिलो त्रैमासमा पुनरावलोकनविनै सार्वजनिक गरियो मौद्रिक नीतिको समीक्षा

निर्माण व्यवसायी र बैंकरको अपेक्षाअनुसार ऋणको किस्ता तिर्नुपर्ने म्याद थप नहुँदा बैंकहरूको कर्जा नोक्सानी चुलिने जोखिम बढेको बैंकरहरूको गुनासो

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारले अर्थतन्त्र सुधारमा 'चाँदीको घेरा' नभेट्टाइरहेका वेला राष्ट्र बैंकले समेत पुनरावलोकनविने चालू आर्थिक वर्ष ०८१/८२ को मौद्रिक नीतिको त्रैमासिक समीक्षा सम्पन्न गरेको छ।

वित्तीय व्यवस्थापनमार्फत अर्थतन्त्रमा उल्लेख्य सुधार गर्न नसके मौद्रिक नीतिमा भर पर्ने गरिन्छ। तर, राष्ट्र बैंकले तीन महिना छोटो अवधि भएकाले पुरानो व्यवस्था चलाउन आवश्यक नभएको तर्क गर्दै गत साउनकै नीतिगत व्यवस्थालाई निरन्तरता दिएर मौद्रिक नीतिमा खासै फेरबदल गरेको छैन।

राष्ट्र बैंकले शुक्रबार जारी गरेको पहिलो त्रैमासिक समीक्षामा यसअघिकै नीतिगत दर, ब्याजदर करिडोर र नियामकीय प्रावधानहरूलाई यथावत् राखेको छ। नीतिगत दरलाई ५ प्रतिशत, ब्याजदर करिडोरअन्तर्गतको तल्लो सीमामा रहेको निक्षेप संकलन दरलाई ३.०० प्रतिशत र माथिल्लो सीमाका रूपमा रहेको बैंक दरलाई ६.५ प्रतिशतमा यथावत् राखिएको छ। त्यस्तै, अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातलाई यथावत् राखिएको छ।

नेपाल बैंकर्स संघका उपाध्यक्ष एवं माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले साउनमा ल्याइएको मौद्रिक नीतिलाई तीन महिनामै संशोधन गर्नुपर्ने ठोस कारण नभएकाले पुरानै दर कायम हुनु स्वाभाविक भएको बताए। उनले भने, 'छोटो समयमा नीति परिवर्तन गरिरहनु राम्रो हुँदैन। मौद्रिक नीतिले लिएका कार्यदिशालाई निरन्तरता दिनु उपयुक्त काम हो।'

राष्ट्र बैंकका प्रवक्ता रामु पौडेलले नेपालजस्तो सानो अर्थतन्त्र भएको मुलुकमा तीन महिनामै नीति फेरबदल गर्नुनपर्ने आवश्यकता महसुस गरेर मौद्रिक नीतिका कार्यदिशालाई निरन्तरता दिएको बताए। 'छोटो अवधिमै नीतिहरू परिवर्तन गर्दा त्यसले नकारात्मक असर पार्न सक्छ। हामीले पहिले नै नीतिगत दरलाई परिवर्तन गरिसकेका थियौं,' उनले भने, 'बाह्य क्षेत्र र मुद्रास्फीतिलाई स्थायित्व दिनुपर्ने उद्देश्यले मौद्रिक नीतिका प्रावधानलाई यथावत् राखेका छौं।'



■ नियामकीय सुविधा हट्दा बैंकहरूको कर्जा नोक्सानी बढ्ने जोखिम

राष्ट्र बैंकले मौद्रिक नीतिका कार्यदिशालाई निरन्तरता दिए पनि यसका नियामकीय सुविधालाई भने कायम राखेको छैन। केन्द्रीय बैंकले मंसिर मसान्तसम्ममा निर्माण व्यवसायीले कर्जाको साँवा-ब्याज तिर्नका लागि म्याद थप गरिदिएको थियो। त्रैमासिक समीक्षाले म्याद थप नगरेपछि साँवा-ब्याज नउठेर कर्जा नोक्सानीको जोखिम बढ्ने चिन्ता बैंकरहरूको छ। माछापुच्छ्रे बैंकका सिइओ सन्तोष कोइरालाले निर्माण व्यवसायीलाई लक्षित गरी मौद्रिक नीतिले दिएको नियामकीय सुविधा हटेमा बैंकहरूबाट परिचालित ठुलो कर्जा जोखिममा पर्ने बताए। उनले भने, 'मंसिर मसान्तपछि नियामकीय सुविधा थपिएन भने बैंकहरूले त्यसबापत राख्नुपर्ने प्रोभिजनिङको रकम थुप्रो हुनेछ।' केन्द्रीय बैंकका प्रवक्ता रामु पौडेलले नियामकीय प्रावधानको विषय जुनसुकै वेलामा परिवर्तन गर्न सकिने भएकाले मौद्रिक नीतिको समीक्षामा यो विषय नसमेटिएको बताए।

■ पुनर्निर्माणले कर्जाको माग बढ्न सक्ने अनुमान

गत असोजमा बाढीले करिब ४६ अर्ब रुपैयाँको आर्थिक क्षति भएको अनुमान छ। सरकारले प्राकृतिक विपत्तिपछिको पुनर्निर्माणका लागि उल्लेख्य खर्च गर्नुपर्ने भएकाले अर्थतन्त्र चलायमान बन्ने र त्यसबाट लगानीका लागि कर्जाको माग बढ्न सक्ने केन्द्रीय बैंकको अनुमान छ। क्षतिग्रस्त आयोजनाको पुनर्निर्माणलगायतका कारण समग्र माग विस्तार हुने मौद्रिक नीतिको त्रैमासिक समीक्षा प्रतिवेदनमा उल्लेख छ। 'सरकारले सडकमार्गलगायतका पूर्वाधारको मर्मत तथा प्राकृतिक विपत्तिपछिको पुनर्निर्माणका लागि उल्लेख्य खर्च गर्नुपर्ने भएबाट सार्वजनिक वित्त व्यवस्थापनमा केही चाप पर्ने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ।

नियामकीय छुट कायमै छ, जुनसुकै वेलामा म्याद थप्न सकिन्छ

● **रामु पौडेल**, प्रवक्ता, नेपाल राष्ट्र बैंक



नियामकीय प्रावधानको विषय जुनसुकै वेलामा परिवर्तन गर्न सकिने भएकाले मौद्रिक नीतिको समीक्षामा यो विषय समेटिएन। मंसिर मसान्तसम्म त सुविधा कायमै छ। आवश्यकता भए १५ दिनको अवधिभित्र म्याद थप गर्न सकिने व्यवस्था छ।

निर्माण व्यवसायीले भुक्तानी नपाएमा कर्जाको जोखिम थप बढ्नेछ

● **सुनील केसी**, अध्यक्ष, नेपाल बैंकर्स संघ



मौद्रिक नीतिको आधारभूत काम ब्याजदर र मुद्रास्फीतिलाई मात्रै केन्द्रित गरेर समीक्षा सार्वजनिक भएको छ, यो सकारात्मक छ। निर्माण व्यवसायीले अझै भुक्तानी नपाएको अवस्थामा मंसिरपछि म्याद थप नहुने हो भने बैंकहरूको कर्जा जोखिम थप बढ्ने देखिन्छ।

म्याद थप गर्नु मात्र समाधान होइन

● **सन्तोष कोइराला**, सिइओ, माछापुच्छ्रे बैंक



निर्माण व्यवसायीलाई लक्षित गरी मौद्रिक नीतिले दिएको नियामकीय सुविधाको विषय छ, त्यसमा अझै पनि समय छ। मंसिर मसान्तपछि नियामकीय सुविधा थपिएन भने बैंकहरूले त्यसबापत राख्नुपर्ने प्रोभिजनिङको रकम थुप्रो हुनेछ। यद्यपि, राष्ट्र बैंकले पनि सधैं म्याद थपेर समस्याको समाधान हुने होइन।

उद्यमी बनाउन सीप सिकाउँदै घरेलु

पाँच पालिकाका सयभन्दा बढी स्थानीयले तालिम लिएर दक्षता हासिल गरे

गुल्मीमा **टोपलाल अर्याल**

घरेलु तथा साना उद्योग कार्यालय गुल्मीले उद्यमी बनाउन विभिन्न सीपका कार्यक्रम सञ्चालन गरेको छ। जिल्लाका पाँच स्थानीय तहका एक सयभन्दा बढी व्यक्तिहरूलाई उद्यमी बनाएर स्वरोजगार सिर्जना गर्न विभिन्न तालिम सञ्चालन गरिरहेको छ। इस्मा, छत्रकोट, मालिका, रुरु क्षेत्र गाउँपालिका र मुसिकोट नगरपालिकाका एक सयभन्दा बढी व्यक्तिहरूलाई स्लेट ढुंगा बनाउने, मोटरसाइकल मर्मत, कफी उत्पादन र प्रवर्द्धन तथा उखुको चक्लेट बनाउने तालिम सञ्चालन गरेको कार्यालयले जनाएको छ।

GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 7.99% p.a.
*T & C apply
Global IME Bank ग्लोबल आइएमई बैंक लि.
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

इस्मा गाउँपालिकाका १७ जनालाई स्लेट ढुंगा कटिङ तालिम प्रदान गरिएको छ। १५ दिनसम्म सञ्चालन गरिएको तालिममा रुकुमका प्रेमप्रकाश ओली र धनार्जीका जगुलाल भण्डारीले सहभागीलाई स्लेट ढुंगा काट्ने तरिका, त्यसलाई आकार दिने र सजावट सामग्री तयार गर्ने कला र सीप अभिवृद्धि गरेका थिए। लामो समय परदेशमा काम गरेर गाउँ फर्किएका इस्मा गाउँपालिका- ३ का प्रशिक्षार्थी यमराज महतले सीप सबभन्दा ठुलो कुरा भएको बताउँदै सबैलाई व्यवहारमा प्रयोग गर्न आग्रह गरे। उनले आफूले परदेशमा सीप के हो भन्ने कुरा राम्रोसँग बुझेर फर्किएकाले निःशुल्क रूपमा घरआँगनमा पाएको सीपको सदुपयोग आवश्यक रहेको बताए।

करका दर घटाएकोमा स्वागत

काठमाडौं/ सुनचाँदी, मार्बल र ग्रेनाइट आयातमा लाग्ने भन्सार महसुल तथा दलहन आयातमा लिने अग्रिम आयकरको दर घटाउने एवं मार्बल र ग्रेनाइटमा लाग्ने अन्तःशुल्क दर शून्य प्रतिशत कायम गर्ने सरकारको पछिल्लो निर्णयलाई नेपाल समुद्रपार निकासी-पैठारी संघले सकारात्मक कदमका रूपमा लिएको छ।

यसबाट अनधिकृत आयात नियन्त्रणमा सहयोग पुग्ने संघको अपेक्षा छ। सरकारले केही दिनअघि निर्णय गरी आयातमा लाग्ने भन्सार महसुल सुनको २० बाट १० प्रतिशत, चाँदीको १५ बाट १० प्रतिशत, मार्बलको ३० बाट १० प्रतिशत र ग्रेनाइटको २० बाट १० प्रतिशत बनाएको छ। त्यसैगरी, मार्बल र ग्रेनाइटमा लाग्ने अन्तःशुल्क शून्य प्रतिशत कायम गरेको छ। दलहन आयात गर्दा लिने अग्रिम आयकरलाई १० प्रतिशतबाट घटाएर २.५ प्रतिशत कायम गरेको छ।

सच्चाइएको बारे ।

यस कम्पनीको मिति २०८१/०८/१३ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित सूचनामा तपशिल बमोजिम हुनुपर्नेमा अन्यथा हुन गएकोले शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभामा छलफल हुने थप विषय-सूची:

४ विशेष प्रस्तावः

- सञ्चालक समितिको सिफारिश भए बमोजिम साधारण सभा गर्दाको मितिमा कायम रहेको चुक्ता पूँजिको आधारमा आ. व. २०८०/८१ सम्मको संचित मुनाफाबाट रू. ८ करोड ९२ लाख ५० हजारको ३३.६१३ प्रतिशतले हुन आउने रकम नगद लाभाँश बापत रू. ३ करोड (नियमअनुसार शेयरधनीले तिनुपर्ने कर समेत) वितरण गर्ने स्वीकृति सम्बन्धमा ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

CHILIME
चिलिमे ईन्जिनियरिङ एण्ड सर्भिसेज कम्पनी लिमिटेड
महाराजगञ्ज, काठमाडौं ।
फोन नं. ०१-४०१६२७६, ४०१६२८६

गुह्येश्वरी, रुपन्देही र कञ्चनपुरमा नयाँ इन्धन डिपो

काठमाडौं विमानस्थलमा उडान र अवतरण गर्ने जहाजलाई अन्डरग्राउन्ड पाइपबाट इन्धन भर्ने सुविधासहित ६ अर्ब लागतमा गुह्येश्वरीमा डिपो बन्दै, पुल्चोक इन्जिनियरिङले थाल्यो डिपिआर

रुपन्देहीमा तीन अर्ब लागतमा नयाँ डिपो बनाउन काठमाडौं विश्वविद्यालयसँग डिपिआर सम्झौता, धनगढीको डिपो कञ्चनपुरमा सार्न सरकारी जग्गा खोजिँदै

अजित अधिकारी/नयाँ पत्रिका

नेपाल आयल निगम लिमिटेडले यो वर्ष एकसाथ तीन ठाउँमा नयाँ इन्धन डिपो निर्माणमा हात हालेको छ। काठमाडौंको सिनामंगलस्थित हालको हवाई इन्धन डिपो त्रिभुवन विमानस्थल विस्तार गुरुयोजनाअन्तर्गत 'ट्याक्सी वे'मा परेकाले गुह्येश्वरी क्षेत्रमा स्थानान्तरण गर्न लागिएको छ।

त्यस क्षेत्रमा नागरिक उड्डयन प्राधिकरणले उपलब्ध गराएको ५० रोपनी जग्गामा नयाँ डिपो निर्माण हुने आयल निगमको 'भण्डारण क्षमता वृद्धि परियोजना'का प्रमुख प्रदीप यादवले जानकारी दिए। यहाँ डिपो स्थानान्तरणका लागि इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकसँग विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाउन सम्झौता पनि भइसकेको छ।

त्यस्तै, रुपन्देहीको ओमसतिया र रोहिणी गाउँपालिकामा खरिद गरेको २१ बिघा जमिनमा आधुनिक सुरक्षा प्रणाली जडान गरेर नयाँ इन्धन डिपो निर्माणका लागि गत बुधबार काठमाडौं विश्वविद्यालयसँग डिपिआर सम्झौता भएको छ। दुवै डिपिआर ६ महिनाभित्र तयार हुने र त्यसपछि परियोजना निर्माणले गति लिने यादवले जानकारी दिए। 'डिपिआरअनुसार परियोजना अघि बढाउन चालू आर्थिक वर्ष ०८१/८२ मै टेन्डर आह्वान गर्ने योजना छ,' यादवले भने।

रुपन्देहीको भलबारीमा निगमको लुम्बिनी प्रादेशिक कार्यालय सञ्चालनमा छ। करिब पाँच बिघा क्षेत्रफलमा रहेको ४० वर्ष पुरानो सो डिपो साँघुरो भएको, नवीन प्रविधि जडान गर्न नसकिएको र स्थान अभावका कारण टैंकट्रकलाई पर्याप्त पार्किङ स्थलको अभाव रहेकाले स्थानान्तरणको आवश्यकता रहेको निगमको लुम्बिनी प्रादेशिक कार्यालय प्रमुख इन्जिनियर शैलेन्द्र भुसालले जानकारी दिए। यहाँ नयाँ डिपो निर्माणका लागि तीन अर्ब २० करोड रुपैयाँ लागत अनुमान (प्रारम्भिक) गरिएको छ।



आधुनिक डिपो बनाउन रुपन्देहीको ओमसतिया र रोहिणी गाउँपालिकामा रहेको आयल निगमको जग्गा।

रोहिणी नदी-किनारमा आधुनिक डिपो निर्माणसँगै प्रदेशभरको माग धान्ने ठुलो क्षमताको स्टोरेज ट्यांकसमेत बनाइनेछ। यहाँ तीन हजार किलोलिटर क्षमताको तीन ठुलो भर्टिकल ट्यांकीमा कुल नौ हजार किलोलिटर क्षमताको डिजेल भण्डारणगृह बन्नेछ। त्यस्तै, सात सय ६० किलोलिटर अटाउने तीनवटा भर्टिकल ट्यांकीमा कुल दुई हजार दुई सय ८० किलोलिटर क्षमताको पेट्रोल भण्डारणगृह र दुई सय ५० किलोलिटर क्षमताका दुईवटा भर्टिकल ट्यांकीमा कुल पाँच सय किलोलिटरको मट्टीतेल भण्डारणगृह बन्ने निगमले जनाएको छ।

डिपोभित्र कम्तीमा एक सय ५० वटा टैंकट्रक सजिलै आवतजावत गर्न सक्ने ठुलो क्षमताको पार्किङस्थल पनि बन्ने र अमेरिकन पेट्रोलियम इन्स्टिच्युटको मापदण्डलाई पालना गरी डिपो तयार हुने यादवले जानकारी दिए।



सिनामंगल र रुपन्देहीमा नयाँ डिपो बनाउन डिपिआर सम्झौता भइसकेको छ। ६ महिनापछि प्राप्त हुने डिपिआरअनुसार परियोजना अघि बढाउन चालू आर्थिक वर्ष ०८१/८२ मै टेन्डर आह्वान गर्ने योजना छ। गुह्येश्वरीमा नयाँ हवाई इन्धन डिपो बनाउँदा पाइपलाइनबाटै जहाजमा इन्धन भर्न सुविधा हुनेछ।

● **प्रदीप यादव**, उपनिर्देशक, नेपाल आयल निगम

धनगढी डिपोसमेत स्थानान्तरण हुने

आयल निगमले सुदूरपश्चिममा इन्धन वितरणका लागि हाल सञ्चालन गरिरहेको धनगढी डिपोसमेत स्थानान्तरणको गृहकार्य अघि बढाएको छ।



हालको डिपो धनगढी बजारको घनाबस्तीमा रहेको र साँघुरोसमेत भएकाले स्थानान्तरणका लागि जग्गा खोज्ने कार्य अघि बढिरहेको निगमका उपनिर्देशक प्रदीप यादवले जानकारी दिए। उनका अनुसार कञ्चनपुरको पुनर्वास नगरपालिकास्थित जग्गा आवास कम्पनी लिमिटेडको स्वामित्वमा रहेको जमिनमा डिपो स्थानान्तरणका लागि अध्ययन भइसकेको छ।

'सरकारी निकायको जग्गा भएकाले खरिद गर्न पनि सजिलो हुन्छ। अर्कातिर करिब २५ बिघा जग्गा डिपोका लागि उपयुक्त स्थानमा पनि देखिएको छ,' यादवले भने, 'सो जग्गा प्राप्ति गर्ने विषयमा अहिले कम्पनी, स्थानीय तह, प्रदेश र निगमबिच समन्वय भइरहेको छ।'

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, भक्तपुरको

संशोधित र प्रारम्भिक कर निर्धारण आदेश जारी गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशन मिति : २०८१/०८/१५)

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताहरूको देहाय बमोजिमका आ.व. हरूको कारोबारको छानबिन तथा अनुसन्धानका लागि छनौट भएकोमा करदाता दर्ता हुँदाको अवस्थामा उपलब्ध गराएको ठेगाना तथा अभिलेखमा उल्लेखित टेलिफोन/मोबाइल नम्बरमा सम्पर्क स्थापित गर्न प्रयास गरिएकोमा सम्पर्क हुन नसकेकोले छानबिन तथा अनुसन्धान प्रयोजनको लागि तपसिलमा उल्लेखित करदाताहरुको सम्बन्धित आ.व.को कारोबारसँग सम्बन्धित सम्पूर्ण खाता, वही, बिल बिजक लगायतका कागजात सहित उपस्थितिको लागि जिल्ला हुलाक कार्यालय, भक्तपुर मार्फत पत्राचार समेत गरिएकोमा तोकिएको म्याद भित्र सम्पर्क गर्न नआएको र प्रमाण कागजात समेत पेश नगरेकोले कार्यालयमा उपलब्ध रहेको सूचना समेतको आधारमा छानबिन तथा अनुसन्धान सम्पन्न गरी आयकर ऐन, २०५८ को दफा १०१ (६) बमोजिमको संशोधित कर निर्धारणको सूचना तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिमको प्रारम्भिक कर निर्धारण आदेश जारी गरिएको छ। उक्त सूचना तथा आदेशमा संशोधित कर निर्धारण हुनु नपर्ने / मू.अ.कर निर्धारण गर्नु नपर्ने कुनै कारण तथा सफाईको सबुद प्रमाण भए यसै सूचना प्रकाशन गरिएको मितिले १५ (पन्ध्र) दिन भित्र आन्तरिक राजस्व कार्यालय, भक्तपुरमा संचालक / प्रोपराइटर स्वंय वा प्रतिनिधि मार्फत पेश गर्न आयकर ऐन, २०५८ को दफा ७९(३) तथा मू.अ.कर नियमावली, २०५३ को नियम ३१(३) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा आयकर ऐन, २०५८ को दफा १०२ अनुसारको संशोधित कर निर्धारण र मू.अ.कर नियमावली, २०५३ को नियम २९(३) अनुसारको अन्तिम कर निर्धारण आदेश समेत जारी भै जाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल

सि.नं.	फर्म/प्रा.लि.को नाम	ठेगाना	स्था.ले.नं.	आ.व.	संचालक/प्रोपाईटर	आयकर/मु.अ.कर निर्धारण
१	आर.पि.एस.एन. पावर कन्सर्न प्रा.लि.	सृजनानगर-१, भक्तपुर	६०१२२०२७०	२०७४.०७५	किसन दत्त भट्ट	आयकर: ९७०९२.९३ मु.अ.कर: ४९११८.०
२	अनन्या ईन्टरप्राईजेज	मध्यपुर ठिमी न.पा.-३, भक्तपुर	६०२७९०३६९	२०७२.०७३	राधिका आलो	आयकर: १३४७५.८१ मु.अ.कर: ५७५७०.००
३	एस लिन ट्रेडर्स	सुर्य विनायक न.पा.-१२, थसिटार, भक्तपुर	६०३६१६८७१	२०७३.०७४	सागर देउजा	आयकर: ३१७४०.० मु.अ.कर: ५३२९३.००
४	प्रिन्टिङ्ग आर्ट स्टेशनरी सप्लायर्स	मध्यपुर ठिमी-१, लोकन्थली भक्तपुर	३०४९८०३५६	२०७२.०७३	विशाल खतिवडा	आयकर: ०.० मु.अ.कर: ५३०९०.००

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
शनिबार १५ मंसिर ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

एनपिएलमा तीन स्वदेशी र पाँच विदेशी प्रशिक्षक

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा शनिबारदेखि त्रिवि क्रिकेट मैदानमा पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) सुरु हुँदै छ। ६ पुससम्म चल्ने एनपिएलमा सहभागी आठ फ्रेन्चाइजले टोली बलियो बनाउन विभिन्न १६ राष्ट्रका अनुभवी विदेशी खेलाडी भित्र्याएका छन्। यी टोलीले प्रशिक्षणका लागि तीन नेपाली र पाँच विदेशीलाई मुख्य प्रशिक्षकको जिम्मेवारी दिएका छन्। जसमध्ये नेपालको राष्ट्रिय टोलीबाट दुईपटक मुख्य प्रशिक्षकको भूमिका निर्वाह गरेका पुबुदु दासानायके पनि छन्। दासानायके लुम्बिनी लायन्समा आबद्ध छन्। यसैगरी, आयरल्यान्डका पूर्वखेलाडी केभिन ओ'ब्रायन विराटनगर किंग्सको प्रशिक्षकका रूपमा एनपिएलमा जोडिएका छन्। त्यसैगरी, भारतका उमेश पटवाल जनकपुर राइनोज, राजीव कुमार पोखरा एभेन्जर्स र नन्दन फड्निस लुम्बिनी लायन्सका प्रशिक्षक बनेका छन्।

पुबुदु दासानायके (क्यानडा)
प्रशिक्षक : जनकपुर बोल्ट्स



जनकपुर बोल्ट्सले अनुभवी प्रशिक्षक दासानायकेलाई प्रशिक्षणको जिम्मेवारी सुम्पिएको छ। नेपाली क्रिकेटमा दासानायके परिचित नाम हो। उनले दुईपटक नेपालको राष्ट्रिय टोली सम्हालेका थिए। उनले पहिलोपटक २०११ देखि २०१५ र दोस्रोपटक २०२१ देखि २०२२ सम्म नेपाली टोलीलाई हेरेका थिए। पहिलोपटक मुख्य प्रशिक्षकका रूपमा उनले नेपाललाई सन् २०१४ को आइसिसी टी-२० विश्वकपमा पुऱ्याएका थिए। आइसिसी डिभिजन ४ देखि १ सम्म नेपालले स्थान बनाउन उनी नै मुख्य प्रशिक्षक थिए। श्रीलंकाका पूर्वखेलाडीसमेत रहेका दासानायकेले गत महिना नेपालले अमेरिकामा आइसिसी विश्वकप लिग-२ खेल्दा मेन्टरको भूमिका निर्वाह गरेका थिए।

राजीव कुमार (भारत)
प्रशिक्षक : पोखरा एभेन्जर्स



एनपिएलमा सर्वाधिक महँगो फ्रेन्चाइज टोली पोखरा हो। पोखराले विश्वचर्चित इन्डियन प्रिमियर लिग (आइपिएल)मा ब्याटिङ र फिल्डिङ प्रशिक्षकका रूपमा काम गरेका राजीवलाई मुख्य प्रशिक्षणको जिम्मेवारी दिएको छ। आइपिएलका अनुभवी प्रशिक्षक राजीवको प्रशिक्षणमा पोखराले एनपिएल खेल्दै छ। अहिले उनी झारखण्ड क्रिकेट टोलीका मुख्य प्रशिक्षकका रूपमा कार्यरत छन्। उनले पहिलोपटक नेपाली टोलीलाई प्रशिक्षण दिन लागेका हुन्।



उमेश पटवाल (भारत)
प्रशिक्षक : जनकपुर राइनोज



चितवनले भारतका पटवाललाई मुख्य प्रशिक्षक बनाएको छ। उनीसँग नेपाली राष्ट्रिय पुरुष टोलीको प्रशिक्षण अनुभव छ। पटवालले एभरेस्ट प्रिमियर लिग (इपिएल)मा पोखरा राइनोजको प्रशिक्षण सम्हालेका थिए। पटवालसँग इन्डियन प्रिमियर लिग (आइपिए) र अफगानिस्तानको राष्ट्रिय टोलीसँग काम गरेको अनुभव छ। उनले अफगानिस्तानलाई ब्याटिङ प्रशिक्षण दिएका थिए।

केभिन ओ'ब्रायन (आयरल्यान्ड)
प्रशिक्षक : विराटनगर किंग्स



आयरल्यान्डलाई एकदिवसीयदेखि टेस्ट मान्यता दिलाउँदा केभिनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। अन्तर्राष्ट्रिय क्रिकेटको राम्रो अनुभव बटुलेका केभिनसँग प्रशिक्षण अनुभव छैन। तैपनि, चितवनले उनलाई मुख्य प्रशिक्षकको जिम्मेवारी दिएको छ। नेपाली क्रिकेटमा उनको नाम परिचित छ। उनले एभरेस्ट प्रिमियर लिगमा काठमाडौं किंग्सबाट खेलेका थिए। उनले सन् २००६ देखि २०२१ सम्म आयरल्यान्डको राष्ट्रिय टोलीबाट खेलेका हुन्। उनले सन् २०११ मा भएको विश्वकप क्रिकेटमा इंग्ल्यान्डविरुद्ध ५० बलमा शतक पूरा गर्दै ऐतिहासिक जित निकालेका थिए।

नन्दन फड्निस (भारत)
प्रशिक्षक : लुम्बिनी लायन्स



भारतीय प्रशिक्षक नन्दनले करिअरमै पहिलोपटक क्लबस्तरीय प्रशिक्षण दिन लागेका हुन्। लुम्बिनीले उनलाई मुख्य प्रशिक्षकको जिम्मेवारी दिएको छ। अहिले उनी नेपाली राष्ट्रिय क्रिकेट टोलीमा सल्लाहकार प्रशिक्षकका रूपमा छन्। नन्दनले नेसनल क्रिकेट एकेडेमी, गोवा क्रिकेट संघ र मुम्बई क्रिकेट संघमा प्रशिक्षकका रूपमा काम गरेको अनुभव छ। नन्दनले सन् १९८६ देखि १९९२ सम्म भारतको लिस्ट 'ए' क्रिकेट खेलेका थिए।

जगत टमाटा (नेपाल)
प्रशिक्षक : सुदूरपश्चिम रोयल्स



एनपिएलका तीन स्वदेशी मुख्य प्रशिक्षकमध्ये टमाटा एक हुन्। नेपाली क्रिकेटकै सफल प्रशिक्षक टमाटाले सुदूरपश्चिमको मुख्य प्रशिक्षकका रूपमा कार्यभार सम्हालेका छन्। उनीसँग नेपालको पुरुष, महिला सिनियर टोलीदेखि उमेर समूहमा प्रशिक्षण गराएको अनुभव छ। टमाटाकै प्रशिक्षणमा नेपालले एकदिवसीय मान्यता पाएको थियो। उनकै प्रशिक्षणमा नेपालले सन् २०१८ मा एकदिवसीय मान्यता पाएको थियो। टमाटा अहिले सिनियर टोलीको कन्सल्ट्यान्ट प्रशिक्षकका रूपमा छन्। उनले नेपाललाई तीनपटक आइसिसी यू-१९ विश्वकपसम्म पुऱ्याएका छन्। सन् २०१२, २०१६ र २०२४ मा नेपालले उनकै प्रशिक्षणमा यू-१९ विश्वकप खेलेको थियो।

वसन्त शाही (नेपाल)
प्रशिक्षक : काठमाडौं गुर्खाज



नेपाली क्रिकेटका पहिलो पुस्ताका खेलाडी वसन्तलाई काठमाडौंले एनपिएलका लागि मुख्य प्रशिक्षक नियुक्त गरेको छ। उमेर समूहमा प्रशिक्षण गराएका वसन्तलाई एनपिएलमा फ्रेन्चाइज टोलीको जिम्मेवारी प्रदान गरिएको हो। नेपालले सन् १९९६ मा पहिलो अन्तर्राष्ट्रिय खेल खेल्दा उनी महत्त्वपूर्ण सदस्य थिए। नेपालले पहिलो खेल एसिसी ट्रफीमा बंगलादेशविरुद्ध खेलको थियो। उनले सन् २०२१ मा एसिसी यू-१९ एसिया कपका लागि नेपाली टोलीको मुख्य प्रशिक्षकको जिम्मेवारी पाएका थिए। सन् २०२४ मा भएको आइसिसी टी-२० विश्वकपको तयारीका क्रममा उनी सहायक प्रशिक्षकको जिम्मेवारीमा थिए।

ज्ञानेन्द्र मल्ल (नेपाल)
प्रशिक्षक : कर्णाली याक्स



दुई वर्षअघि ज्ञानेन्द्रले राष्ट्रिय टोलीबाट सन्न्यास घोषणा गरेका थिए। उनले एसिसी र आइसिसीको कोचिङ कोर्स गरेका छन्। प्रशिक्षणमा लागेको छोटो समयमै उनले नेपालको राष्ट्रिय 'ए' टोलीको मुख्य प्रशिक्षक जिम्मेवारी सम्हाल्ने अवसर पाए। कर्णालीले उनलाई दुईवटा भूमिका दिएको छ। मुख्य प्रशिक्षकसँगै उनले क्रिकेट डिरेक्टरका रूपमा काम गरिरहेका छन्। उनको प्रशिक्षणमा भारतका चर्चित क्रिकेटर शिखर धवन र हडकडका बाबर हायातले प्रशिक्षण लिनेछन्।

एनपिएल खेल्न आइपुगे शिखर धवन



काठमाडौं/ एनपिएलका विदेशी खेलाडीमध्ये सर्वाधिक चर्चित शिखर धवन शुक्रबार साँझ काठमाडौं आइपुगेका छन्। भारतीय राष्ट्रिय टोलीका ओपनर धवनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कर्णाली याक्सका मालिक भनकदत्त खनाल, सहमालिक गृहेन्द्र घिमिरे र प्रशिक्षक ज्ञानेन्द्र मल्लले स्वागत गरे। हिमालयन बिल्डर्स एन्ड इन्जिनियर्सको स्वामित्वमा रहेको कर्णालीमा विश्व क्रिकेटकै नाम चलेका खेलाडीका रूपमा उनलाई भित्र्याएको हो।

३८ वर्षीय बायाँहाते धवनले आइपिएलमा दिल्ली क्यापिटल्स, मुम्बई इन्डियन्स, सनराइजर्स हैदराबाद र पन्जाब किंग्सबाट खेलेका छन्। धवनले सन् २०१६ मा हैदराबादलाई आइपिएल जिताएका थिए। भारतलाई एसिसी एसिया कपको उपाधि दिलाउँदा उनी महत्त्वपूर्ण खेलाडीका रूपमा थिए। ज्ञानेन्द्र प्रशिक्षक तथा सोमपाल मार्की रहेको कर्णालीले चार विदेशी खेलाडी अनुबन्ध गरेको छ। वेस्टइन्डिजबाट टेस्ट खेलिसकेका चाडविक वाल्टन, हडकडबाट अन्तर्राष्ट्रिय खेल खेलिरहेका अनुभवी खेलाडी बाबर हायात र ओमानका पूर्वकप्तान जिसन मक्सुदलाई अनुबन्ध गरेको छ।

■ २४ अन्तर्राष्ट्रिय शतक र ५५ अर्धशतक

भारतबाट शिखरले ३४ टेस्टमा सात शतकको सहयोगमा दुई हजार तीन सय १५ रन जोडेका छन्। १६७ एकदिवसीयमा उनले १७ शतक र ३९ अर्धशतकमा ६ हजार सात सय ९३ रन बटुलेका थिए। ६८ टी-२०आईमा उनले ११ अर्धशतकमा एक हजार सात सय ५९ रन जोडे। उनले पहिलो श्रेणी क्रिकेटमा २५ शतक र २९ अर्धशतक बनाएका छन्। लिस्ट 'ए'मा शिखरले १२ हजार ७४ रन जोडेका छन्।

लिस्ट 'ए'मा उनले ३० शतक र ६७ अर्धशतकीय इनिङ्स खेलेका थिए। उनले टी-२० मा दुई शतक र ७० अर्धशतक बनाएका छन्। यस फर्म्याटमा उनले ३३४ खेलमा नौ हजार सात सय ९७ रन जोडेका छन्। उनले सन् २०१० मा उनले अस्ट्रेलियाविरुद्ध एकदिवसीयमा डेब्यु अवसर पाएका थिए। सन् २०२२ मा उनले अन्तिमपटक भारतबाट बंगलादेशविरुद्ध एकदिवसीय खेल खेलेका थिए।

■ आइपिएलमा दुई शतक र ५१ अर्धशतक

आइपिएलको करिअरमा उनले विभिन्न पाँच फ्रेन्चाइज टोलीबाट प्रतिस्पर्धा गरेका छन्। उनले समग्रमा आइपिएलमा दुई सय २२ खेल खेलेका छन्। यसक्रममा ६ हजार सात सय ६९ रन जोडेका छन्। आइपिएलमा उनले दुई शतक र ५१ अर्धशतकीय इनिङ्स खेलेका छन्। उनले आइपिएलमा सात सय ६८ चौका र एक सय ५२ छक्का प्रहार गरेका छन्। बलिङ क्रममा उनले चार विकेट लिएका छन्।

आठै फ्रेन्चाइजका कप्तानको दाबी

पहिलो संस्करणको एनपिएलमा शुक्रबार सहभागी आठै फ्रेन्चाइज टोलीका मार्की तथा कप्तानले आआफ्नो दाबी प्रस्तुत गरेका छन्। क्यानले एनपिएल सुरु हुने अघिल्लो दिन उनीहरूलाई त्रिवि मैदानको एउटै मञ्चमा राखेर तयारी र लक्ष्यबारे जानकारी दिएको हो। सहभागी आठमध्ये सात टोलीले आफ्ना मार्की खेलाडीलाई कप्तानको जिम्मेवारी दिएका छन्। तर, जनकपुर बोल्ट्सले मार्की खेलाडी नरहेका खेलाडी अनिल शाहलाई कप्तान बनाएको छ। अक्सनमा आठै टोलीले अधिकतम १५ लाख मूल्य लगाउने अनिल एक मात्र खेलाडी थिए। गोलाप्रथामा उनी जनकपुरको पोल्टामा परेका थिए। जनकपुरले शनिबार उद्घाटन खेलमा विराटनगर किंग्ससँग खेल्दै छ। सातवटै प्रदेशको सहभागिता हुने गरी फ्रेन्चाइज टोली तयार पारिएको छ। बागमती प्रदेशबाट काठमाडौं र चितवन छन्। एनपिएलमा लिग चरणमा हरेकले एक-आपसमा खेल्दा २८ खेल हुनेछ। प्लेअफमा क्वालिफायर र फाइनल गरी थप चार खेल हुनेछ। समग्रमा पहिलो संस्करणको एनपिएलमा ३२ खेल हुनेछ।

आइपिएलजस्तै एनपिएलको माहोल बनेको छ



● **रोहित पौडेल** (लुम्बिनी लायन्स)

हाम्रो तयारी राम्रो भएको छ। पछिल्लो समय थप सात-आठ दिनको कडा तयारी भयो। अहिले यहाँको माहोल हेर्दा भारतको आइपिएलजस्तै यहाँ एनपिएल त्यही स्तरमा पुगेको जस्तो लाग्छ। एनपिएल खेल्न निकै उत्साहित छौं। क्यानको आयोजनामा हुन गइरहेको एनपिएल फरक नहुने कुरै छैन। अहिले जता हेरे पनि एनपिएलकै चर्चा छ।

शिखरको आगमनले कर्णाली बलियो बन्यो



● **सोमपाल कामी** (कर्णाली याक्स)

कर्णालीको टोली बिलकुल नयाँ हो। विश्वचर्चित इन्डियन प्रिमियर लिग खेलेका शिखर धवनको आगमनले टोलीमा एक किसिमको उत्साह छ। यसैगरी, एसोसिएट राष्ट्रका उत्कृष्ट खेलाडी बाबर हायात रहँदा कर्णाली थप बलियो भएको छ। यी दुई दिग्गज खेलाडीसँग हामीले बढीभन्दा बढी सिक्ने प्रयास गर्छौं। एनपिएलले नयाँ खेलाडी चिनाउनेछ। आइपिएलजस्तै एनपिएल पनि राम्रो हुनेछ। मलाई विश्वास छ, यसैबाट युवा खेलाडी राष्ट्रिय टोलीका लागि तयार हुनेछन्।

विराटनगरको टोलीमा ब्यालेन्स छ



● **सन्दीप लामिछाने** (विराटनगर किंग्स)

एनपिएलको तयारी गरिरहँदा सुरुमा गाह्रो भएको थियो। शनिबारदेखि एनपिएल सुरु हुँदै छ। हामी सबै उत्साहित छौं। समग्रमा विराटनगर ब्यालेन्स टोली हो। नेपालमा पनि फ्रेन्चाइज लिग होस् भन्ने चाहना थियो। बाहिर हामी खेल्न जाँदा त्यहाँका साथीहरूले पनि नेपालको फ्रेन्चाइज लिगमा खेल्ने चाहना राखेका थिए। अबको तीन-चार वर्षपछि एनपिएलको हाइट धेरै माथि पुग्नेछ। पहिलो संस्करणभन्दा अर्कोपटक झन् राम्रो र बलियो टोली हुनुपर्छ। हामी खेलाडीबिच मैदानभित्र मात्र प्रतिस्पर्धा चल्छ। तर, मैदानबाहिर सबै एक-आपसका मिल्ने साथी हौं। लिगमा पहिलो खेल जित्ने लक्ष्य राखेका छौं।

काठमाडौंमा आएर निकै राम्रो तयारी गर्‍यौं



● **अनिलकुमार साह** (जनकपुर बोल्ट्स)

जनकपुरबाट काठमाडौं आएर हामीले तयारी गरेका छौं। जनकपुरको तयारी त्यति राम्रो भएन। जति राम्रो तयारी भएको छ, त्यो काठमाडौंमै हो। फेरि यहाँ अभ्यास खेलले पनि राम्रो गरेको छ। टोलीमा स्तरीय विदेशी खेलाडी आउँदा थप उत्साह बढेको छ। एनपिएल खेल्न हामी तयार छौं। अहिले मलाई कप्तानीको जिम्मेवारी दिइएको छ। यसलाई इमानदारपूर्वक निर्वाह गर्ने प्रयासमा छु। आसिफसँग मेरो राम्रो कुरा भएको छ। हामी दुईजना मिलेर लिगमा राम्रो नतिजा निकाल्छौं। सम्भवतः पहिलो खेल जितेर प्रतियोगिताको सुरुवात गर्छौं।

एनपिएलबाट नयाँ खेलाडी आउनेछन्



● **करण केसी** (काठमाडौं गुर्खाज)

काठमाडौंमा सबै विदेशी खेलाडी आइसकेका छन्। हाम्रो तयारी राम्रो भएको छ। अनुभवी वसन्त गुरुले हामीलाई राम्रो टिप्स र प्रशिक्षण दिनुभयो। यस किसिमको प्रतियोगिताबाट नयाँ खेलाडीले मौका पाउँछन्। एनपिएलबाट विश्वभरि हामी आफूले चिनाउने अवसर पाएका छौं।

पोखरामै बढीजसो समय अभ्यास भयो



● **कुशल भुर्तेल** (पोखरा एभेन्जर्स)

पोखराले पोखरामै प्रशिक्षण गरेको हो। भारतीय प्रशिक्षकबाट राम्रो प्रशिक्षण तयारी भयो। एनपिएलका लागि हामीले एक अभ्यास खेल खेल्यौं। अभ्यास खेलले कमी-कमजोरी थाहा पायो। अहिले सबै खेलाडी लिग खेल्न उत्साहित छन्।

एनपिएलमा राम्रो नतिजा निकाल्ने विश्वास छ



दीपेन्द्रसिंह ऐरी (सुदूरपश्चिम रोयल्स)

● एनपिएलका लागि हाम्रो पनि अभ्यास राम्रो भयो। प्रतियोगिताको तयारीस्वरूप सुदूरपश्चिमले मूलपानीमा तयारी गरेको थियो, जहाँ फ्रेन्चाइज टोलीसँग अभ्यास खेल खेल्यौं। समग्रमा एनपिएलमा राम्रो नतिजा निकाल्ने विश्वास छ।

चितवनमा एक हप्ताको तयारी गर्‍यौं



● **कुशल मल्ल** (चितवन राइनोज)

एनपिएलका लागि चितवनले एक हप्ता तयारी गरेको छ। चितवनको तयारी राम्रो भएको छ। विश्वचर्चित टेलिभिजन स्टार स्पोर्टस्बाट एनपिएलको लाइभ प्रसारण हुँदा नेपाल र यहाँको क्रिकेटबारे सकारात्मक सन्देश जाने विश्वास छ।

■ कर्णाली र महिन्द्राबिच सम्झौता

कर्णालीले मुख्य प्रायोजकमा अटोमोबाइल उत्पादक कम्पनी महिन्द्रा-अग्नि ग्रुपसँग सम्झौता गरेको छ। कर्णालीका मालिक भनकदत्त खनाल र महिन्द्राकी उपाध्यक्ष वेदा सताशा श्रेष्ठले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। महिन्द्रा ग्रुपकी उपाध्यक्ष श्रेष्ठले कर्णालीसँग जोडिन पाउँदा खुसी लागेको बताइन्। 'आगामी लिगका लागि कर्णाली याक्ससँग जोडिन पाउँदा खुसी छौं। कर्णाली याक्सलाई प्रतियोगिताका लागि शुभकामना छ,' उनले भनिन्।

कर्णालीले स्ट्रेन्थ पार्टनरमा टेन प्लास्ट र फेन्टासी पार्टनरमा ड्रिम ११ सँग सम्झौता गरेको छ। टोलीमा नेपाल राष्ट्रिय टोलीबाट खेलिरहेका गुल्सन झा, देव खनालसहित नन्दन यादव छन्। 'बी' श्रेणीबाट अर्जुन घर्तीसहित रित गौतम, मौसम ढकाल र भुवन कार्की छन्। 'सी' श्रेणीबाट दीपेन्द्र रावत र युनिसविक्रमसिंह ठकुरीसँगै दीपक डुम्रे छन्। ट्यालेन्ट हन्टबाट विपिनप्रसाद शर्मा आइकोनिक प्लेयर्सका रूपमा छनोट भइसकेका छन्।

■ जनकपुरलाई नेपोभिटको साथ

जनकपुर बोल्ट्सले टायल्स उत्पादक कम्पनी नेपोभिटलाई प्रायोजकका रूपमा एनपिएलमा भित्र्याएको छ। दुई पक्षबिच शुक्रबार सम्झौतापत्रमा हस्ताक्षर भएको छ। प्रायोजनसम्बन्धी भएको कार्यक्रममा जनकपुरले नेपोभिटको लोगोसहितको आधिकारिक जर्सीसमेत सार्वजनिक गरेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता मनीष झाले खेलकुद क्षेत्रको विकासमा प्रायोजकहरूको भूमिका महत्त्वपूर्ण रहने बताए। उनले विभिन्न व्यापारिक संघ र संस्था प्रायोजकका रूपमा अगाडि आउँदा खेलकुद क्षेत्रमा नयाँ आयाम थपेको बताए। नेपोभिटका अध्यक्ष शम्भुनाथ झाले एनपिएलजस्तो प्रतियोगितामा जनकपुरसँग जोडिन पाउँदा खुसी लागेको जनाए।

कोरम नपुगेपछि राखेपको अर्को बैठक २२ मंसिरमा

नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को बोर्ड बैठकमा सदस्यहरूको संख्या नपुगेपछि अर्को बैठक २२ मंसिरमा बोलाइएको छ। युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले शुक्रबार बोलाएको बैठकमा ५१ प्रतिशत सदस्य संख्या नपुगेपछि बैठक रद्द भएको हो। राखेपका सदस्यसचिव टंकलाल घिसिङले विधानको धारा १० को ५ अनुसार अर्को बैठक सात दिनभित्र बस्ने जानकारी गराएका छन्। 'कुल सदस्यको ५१ प्रतिशत उपस्थित नभएपछि अर्को बैठक धारा १० को उपधारा ५ अनुसार २२ मंसिरमा बोलाइएको छ,' घिसिङले नयाँ पत्रिकासँग भने।

यस धारामा 'लगत्तै बस्ने बैठकमा तत्काल कायम रहेको सदस्य संख्याको कम्तीमा ३३ प्रतिशत उपस्थित भएमा गणपूरक संख्या मानिनेछ।' राखेपमा अहिले उपाध्यक्षसहित १० पद संख्या रिक्त छ। रिक्त पदपूर्ति गर्न क्याबिनेटबाट पास हुनुपर्नेछ। अदालत पुगेका केही सदस्यले अन्तरिम आदेश पाएपछि शुक्रबारको बैठकमा सहभागी भए। यसअघि राखेपको बैठक तत्कालीन खेलकुदमन्त्री डिकबहादुर लिम्बूले २८ भदौ ०८० मा राखेका थिए। लिम्बूपछि चार महिना खेलकुदमन्त्री बनेका विराजभक्त श्रेष्ठले राखेपको बोर्ड बैठक राख्न सकेनन्। सदस्यसचिव घिसिङले तीनपटक बैठक राख्न मन्त्री चौधरीलाई आग्रह गरेका थिए। तर, मन्त्री चौधरीले बैठक राख्न चाहेनन्। राखेपकै विधानअनुसार बोर्ड बैठक वर्षमा कम्तीमा दुईपटक बस्नुपर्ने हुन्छ। मन्त्री चौधरीले २५ फागुनमा दसौं राष्ट्रिय खेलकुदको नयाँ मिति तोक्ने बताएका छन्।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com